आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६(संशोधनसहित) को दफा ६५ को उपदफा (४) बमोजिम
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०४/१२ गतेको (माननीय मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत

# कार्यक्रम कार्यान्वयन कार्यविधि
# (Program Implementation Procedure- PIP)

(स्थानीय र प्रदेश तहबाट कार्यान्वयन हुने ससर्त अनुदान अन्तर्गतका कार्यक्रम एवम्
शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित)

(आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६(संशोधनसहित) को दफा ६५ को उपदफा (४) बमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०८२/०४/१२ गतेको (माननीय मन्त्रीस्तरीय) निर्णयबाट स्वीकृत

# कार्यक्रम कार्यान्वयन कार्यविधि
# (Program Implementation Procedure- PIP)

(स्थानीय र प्रदेश तहबाट कार्यान्वयन हुने ससर्त अनुदान अन्तर्गतका कार्यक्रम एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित)

## (आर्थिक वर्ष २०८२/८३)

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
सानोठिमी, भक्तपुर
२०८२

**प्रकाशक** : नेपाल सरकार,
शिक्षा, विज्ञान प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर

**प्रकाशन** : २०८२ श्रावण

**वेबसाइट** : www.cehrd.gov.np

# प्राक्कथन

नेपालको संविधान, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, राष्ट्रिय शिक्षा नीति तथा दिगो विकास लक्ष्यहरू (SDGs) अनुरूप विद्यालय शिक्षाको कार्यान्वयनलाई प्राथमिकतामा राखी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८९) कार्यान्वयनमा ल्याएको तेस्रो वर्ष पूरा भई चौथो वर्ष लागेको छ। विद्यालय शिक्षा क्षेत्र योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विगतका वर्षहरूका उपलब्धि र सिकाइका पाठहरूलाई आत्मसात् गर्दै स्वीकृत कार्यक्रमका निर्दिष्ट लक्ष्यहरू समयमै प्राप्त गर्ने उद्देश्यले यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरिएको हो। सङ्घीय संरचना अनुरूप जिल्लास्थित शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश सरकार तथा स्थानीय तहबाट कार्यान्वयन हुने वार्षिक कार्यक्रमहरूलाई सहजीकरण गर्न र कार्यान्वयनमा एकरूपता ल्याउने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो।

नेपाल सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा विद्यालय शिक्षासँग सम्बन्धित प्राथमिकता प्राप्त कार्यक्रमहरू समावेश गरिएका छन्। ती कार्यक्रमहरू प्रदेश, स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइमार्फत कार्यान्वयन हुनेछन्। मुख्य कार्यक्रमहरूमा स्वीकृत दरबन्दी अनुसारको शिक्षक तथा कर्मचारीको तलब–भत्ता, निःशुल्क पाठ्यपुस्तक वितरण, विद्यालय सञ्चालन मसलन्द, गैह्र तलवी प्रति विद्यार्थी लागत अनुदान, विपन्न लक्षित छात्रवृत्ति (आवासीय र गैर-आवासीय), अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयन, स्थानीय उत्पादनको प्रयोग गरी पोषणयुक्त, ताजा तथा गुणस्तरीय दिवाखाजा उपलब्ध गराउने कार्यक्रम, गुरूयोजनाको आधारमा विद्यालयको भौतिक पूर्वाधार विकास, विद्यालय शिक्षा सुधारको मार्गचित्र तयारी, विविध समुदायका मौलिक कथाहरूलाई समेटेर बालमैत्री सामग्री उत्पादन तथा त्यसको प्रसारण (टेलिभिजन, रेडियो, सामाजिक सञ्जालमार्फत), विद्यालयको नक्साङ्कन तथा समायोजन, खानेपानी तथा शौचालयको निर्माण, भौतिक पूर्वाधार विस्तार, छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण, माध्यमिक तथा निम्नमाध्यमिक तहमा शिक्षण सहयोग अनुदान, विपद्पछिको शैक्षिक क्षतिको पूर्ति तथा सिकाइ निरन्तरता कार्यक्रम, शिक्षक तालिम, परिवर्तित पाठ्यक्रमको प्रवर्द्धन आदि समावेश छन्।

यो कार्यविधि **आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ (संशोधनसहित) को दफा ६५ को उपदफा ४ ले दिएको अधिकार प्रयोग गरी** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले बनाएको हो। यस कार्यविधिमा उल्लिखित विधि र प्रक्रियाहरूको पालना गरी वित्तीय अनुशासन कायम राख्न तथा पारदर्शी ढङ्गले कार्यक्रम कार्यान्वयन गर्न सम्बन्धित निकायलाई मद्दत पुग्ने विश्वास गरिएको छ। विशेषतः कार्यान्वयनमा संलग्न सबै निकायहरूले प्रचलित ऐन, नियम, कार्यविधि र मार्गनिर्देशनभित्र रही औचित्यता, नियमितता, कार्यदक्षता, प्रभावकारिता तथा पारदर्शिताका आधारमा कार्यक्रम कार्यान्वयन गरी कार्यक्रमका लक्षित नतिजा समय सीमाभित्रै हासिल गर्नका साथै अनुगमनमा सम्बद्ध निकायलाई उपलब्धिको लेखाजोखा गर्नसमेत यो कार्यविधिले ठोस सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

अन्त्यमा, यो कार्यविधिका विषयमा प्राप्त हुने रचनात्मक सुझावहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई आगामी दिनमा थप प्रभावकारी रूपमा योजना र बजेट तर्जुमा एवम् कार्यविधिमा आवश्यक परिमार्जन गरी सहजीकरण गर्न मद्दत पुग्ने भएकाले सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा गरिएको छ। अन्त्यमा कार्यविधि तयार गर्ने कार्यमा सहयोग पुऱ्याउनुहुने सम्बद्ध सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौँ।

**साउन, २०८२**

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**

# सङ्क्षिप्त शब्दावली

| | | |
|---|---|---|
| च.न. | : | चलानी नम्बर |
| आ. व. | : | आर्थिक वर्ष |
| उ. म.न.पा. | : | उपमहानगरपालिका |
| गा.पा. | : | गाउँपालिका |
| न.पा. | : | नगरपालिका |
| म.न.पा. | : | महानगरपालिका |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रावि | : | प्राथमिक विद्यालय |
| मावि | : | माध्यमिक विद्यालय |
| मलेप | : | महालेखा परीक्षक |
| कोलेनिका | : | कोष तथा लेखा नियन्त्रक कार्यालय |
| CBO | : | Community Based Organization |
| CLC | : | Community Learning Centre |
| DLI | : | Disbursement Linked Indicator |
| EiE | : | Education in Emergency |
| GPA | : | Grade Point Average |
| IEP | : | Individual Education Plan |
| ICT | : | Information and Communication Technology |
| IVA | : | Independent Verification Agency |
| EMIS | : | Educational Management Information System |
| MGML | : | Multi Grade Multi Level |
| NASA | : | National Assessment of Student Achievement |
| PMEC | : | Prioritized Minimum Enabling Condition |
| PRF | : | Programme Result Framework |
| PPTS | : | Pro-Poor Targeted Scholarship |
| ReAL | : | Recovery and Accelerated Learning |
| SIP | : | School Improvement Plan |
| SESP | : | School Education Sector Plan |
| SuTRA | : | Sub-National Treasury Regulatory Application |
| STEAM | : | Science, Technology, Engineering, Arts and Maths |

## विषय सूची


| क्र. स. | विषय | पृष्ठ नं. |
|---|---|---|
| विद्यालय शिक्षा क्षेत्रमा हासिल भएका मुख्य उपलब्धिहरू | | क |
| कार्यक्रम कार्यान्वयन कार्यविधिको सार | | घ |
| **खण्ड १** | | |
| १ | परिचय | २ |
| २ | कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य | ३ |
| ३ | कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन | ३ |
| **खण्ड २** | | |
| २.१ | स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका बजेट उपशीर्षकगत रूपमा कार्यक्रम कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड | १२ |
| २.२ | शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण | १३ |
| २.३ | विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत का क्रियाकलापको कार्यान्वयन प्रक्रिया | १५ |
| २.३.१ | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | १५ |
| २.३.२ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान | १७ |
| २.३.३ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | २१ |
| २.३.४ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | २३ |
| २.३.५ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३० |
| २.३.६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम | ३४ |
| २.३.७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | ४० |
| २.३.८ | केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरूयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन | ४३ |
| २.३.९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | ४६ |
| २.३.१० | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन | ५० |
| २.३.११ | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान | ५० |
| २.३.१२ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५१ |
| २.३.१३ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ५२ |
| २.३.१४ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | ५२ |
| २.३.१५ | विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | ५६ |
| २.३.१६ | निर्मित गुरूयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | ५७ |
| २.३.१७ | द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत् सञ्चालन हुने) | ५७ |
| **खण्ड ३** | | |
| ३ | प्रदेश तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू | ५९ |
| ३.१ | विद्यालय शिक्षा क्षेत्र योजना | ५९ |

| क्र. स. | विषय | पृष्ठ नं. |
|---|---|---|
| ३.१.१ | बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन | ५९ |
| ३.१.२ | वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा प्रदेश स्तरीय IEMIS व्यवस्थापन | ६० |
| ३.१.३ | STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन | ६० |
| ३.१.४ | शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण | ६१ |
| ३.१.५ | सङ्घ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्बेक्षण समेतका आधारमा गुरूयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान | ६१ |
| ३.१.६ | शिक्षा तालिम केन्द्रको Digital Learning Centre को विकास तथा सुदृढीकरण | ६२ |
| ३.१.७ | शिक्षा विकास तथा समन्वय इकाइसँग कार्यक्रम कार्यान्वयनको समीक्षा तथा समन्वय बैठक | ६२ |
| ३.१.८ | सङ्घ-प्रदेश साझेदारीमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन एवम् शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अनुदान | ६३ |
| ३.१.९ | सङ्घ-प्रदेश साझेदारीमा विद्यालय तहका विद्यार्थीलाई मनोसामाजिक परामर्श, वृत्ति परामर्श, ReAL Plan का आधारमा सिकाइ क्षतिको लेखाजोखा उपचारात्मक शिक्षण तथा स्थलगत शिक्षक मेन्टरिङ प्रणाली कार्यान्वयन | ६३ |
| ३.१.१० | शिक्षक तालिम सञ्चालन | ६४ |
| ३.२ | राष्ट्रिय परीक्षा बोर्ड (ब.उ.शी.न.. ३५०३१०११) | ८० |
| ३.२.१ | कक्षा १० (SEE) परीक्षा सञ्चालन | ८० |
| ३.३ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) (व.उ.शी.न.३५०४१०११) | ८० |
| **खण्ड ४** | | |
| ४ | शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रम | ८२ |
| ४.१ | शिक्षा विकास तथा समन्वय इकाइ | ८२ |
| **अनुसूचीहरू** | | |
| अनुसूची १ : तहगत शिक्षकको वार्षिक तलब र भत्ता नपुग माग फाराम | | ९२ |
| अनुसूची २ : विशेष शिक्षा परिषद् अनुदानबाट सञ्चालनमा रहेका विशेष विद्यालयका लागि शैक्षिक सामग्री र मसलन्द (इन्धन खर्च ) वितरणका आधार | | ९४ |
| अनुसूची ३ : स्थानीय तह तथा विद्यालय सूची (क्रियाकलाप नं. २.७.१३.१० सँग सम्बन्धित) | | ९५ |
| अनुसूची ४ : दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना | | ९६ |
| अनुसूची ५ : विद्यालय भवन डिजाइन तथा निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड | | ९९ |
| अनुसूची ६ : नमुना विद्यालयको नामावली | | १०० |
| अनुसूची ७ : प्राविधिक धार सञ्चालन भएका विद्यालयको नामावली | | १०१ |
| अनुसूची ८ : सघन कार्यक्रम कार्यान्वयनका लागि छनोट भएका जिल्ला तथा स्थानीय तहको विवरण | | १३१ |
| अनुसूची ९ : विज्ञान विषय प्रवर्द्धन कार्यक्रम सञ्चालन भएका विद्यालयहरुको सूची | | १३७ |
| अनुसूची १० : ठुला विद्यालयको सूची | | १४१ |
| अनुसूची ११ : शिक्षा तालिम केन्द्रको वार्षिक कार्याक्रम, २०८२/८३ | | १४२ |
| अनुसूची १२ : आर्थिक वर्ष २०८२/८३ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन | | १५१ |

## विद्यालय शिक्षा क्षेत्रमा हासिल भएका मुख्य उपलब्धिहरू

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन एवम् नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं योजना तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका विषयलाई सङ्घीय संरचना अनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहबाट विद्यालय शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयन भएका छन्। विद्यालय शिक्षालाई गुणस्तरीय, समावेशी, सर्वसुलभ र जीवन उपयोगी बनाउनका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीचको सहकार्य, नवीन प्रविधिको प्रयोग, शिक्षकको क्षमता विकास र शिक्षा प्रणालीमा उत्तरदायित्व र पारदर्शिता आवश्यक छ।

विद्यालय शिक्षा क्षेत्र योजना (School Sector Education Plan-SESP) को कार्यान्वयनले समग्र विद्यालय शिक्षाको रूपान्तरणतर्फ सकारात्मक सङ्केत देखाएको छ। यो योजनाले सबै बालबालिकालाई गुणस्तरीय, समावेशी र व्यवहारमुखी शिक्षा उपलब्ध गराउने लक्ष्य राखेको छ। योजना कार्यान्वयनको क्रममा विद्यालय शिक्षाको नीतिगत, संरचनागत र कार्यगत पक्षमा उल्लेखनीय सुधार भएका छन्। सङ्घीय शासन प्रणालीअनुसार  विद्यालय शिक्षाको मार्गचित्र तयार हुँदैछ भने विद्यालय शिक्षा विधेयक छलफलको क्रममा रहेको छ।

पछिल्ला वर्षहरूमा विद्यालय शिक्षामा पहुँचको अवस्था सुदृढ हुँदै गएको छ। विशेषगरी आधारभूत तहमा विद्यार्थी भर्ना दर उच्च रहेको छ। अल्पसङ्ख्यक, दलित, जनजाति, अपाङ्गता भएका तथा विपन्न वर्गका बालबालिका, सबै जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्र तथा पिछडिएका समुदायका व्यक्तिहरूका लागि विशेष कार्यक्रमहरू ( जस्तैः छात्रवृत्ति, पोषण कार्यक्रम, पोसाक वितरण, निःशुल्क पाठ्यपुस्तक लगायत) मार्फत विद्यालय शिक्षामा सहभागिता सुनिश्चित गर्न पहल गरिएको छ। शिक्षकहरूको पेसागत विकासका लागि निरन्तर तालिम कार्यक्रम सञ्चालनमा छन् भने पाठ्यक्रम र सिकाइ सामग्रीलाई समावेशी, समसामयिक र व्यवहारमुखी बनाउने प्रयास भईरहेको छ।

दृष्टिविहीन, सुस्तश्रवण वा अन्य प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि स्रोत कक्षा, विशेष विद्यालय, एकीकृत विद्यालय, आवासीय छात्रवृत्ति, विशेष पाठ्यक्रम, सिकाइ सामग्री तथा शैक्षिक सहायताको व्यवस्था गरिएको छ। आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क बनाउने लक्ष्यका साथ अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन योजना स्वीकृत भई सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबाट कार्यान्वयनमा सहजीकरण गरिँदै आएको छ।

विद्यालयको भौतिक पूर्वाधार सुधारमा  उल्लेखनीय प्रगति भएको छ। भूकम्पपछिको पुनर्निर्माण अभियान अन्तरगत धेरै विद्यालय भवनहरू पुनर्निर्माण गरिएका छन्। बालमैत्री कक्षा कोठा, अपाङ्गता मैत्री शौचालय, सुरक्षित खानेपानी, खेलमैदान र ICT प्रयोगमा आधारित शिक्षण प्रणालीको विकास जस्ता प्रयासहरूबाट सिकाइ वातावरणमा सुधार आएको देखिन्छ। विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधार विकासको लागि हाल सम्म राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत १५०० भन्दा बढी विद्यालयमा ४ कोठे भवन, १०१५वटा विद्यालयमा २ कोठे भवन, १०२३६ कक्षाकोठाहरू र ४६०८ ओटा विद्यालयमा सूचना प्रविधि ल्याव स्थापना भएका छन। त्यसै गरी २०७२ को गोरखा भूकम्प र सो पश्चातको परकम्पबाट अति प्रभावित १४ जिल्ला र प्रभावित १७ जिल्ला गरी ३१ जिल्लामा हालसम्म ७६६० विद्यालय पुनर्निर्माण भइसकेका छन् भने १७ वटा विद्यालय निर्माणको अन्तिम चरणमा रहेका छन्। जाजरकोट र बझाङ भूकम्पबाट क्षतिग्रस्त विद्यालयहरूमध्ये ADB, JICA, GPE बाट प्राप्त सहयोग र नेपाल सरकारको लगानीमा १०८ वटा विद्यालय पुनर्निर्माणको कार्य भैरहेको छ तर अझैपनि भौतिक निर्माण कार्यको थप आवश्यकता एवम् प्रभावकारी व्यवस्थापनको खाँचो देखिन्छ।

मुलुकभर सञ्चालित २७ हजार २ सय ९८ सामुदायिक विद्यालयमध्ये ८५.४३ प्रतिशत विद्यालयमा इन्टरनेट सुविधाको पहुँच पुगेको छ भने २९.५८ प्रतिशत सामुदायिक विद्यालयमा ICT Lab को विस्तार भएको छ। त्यसैगरी वैकल्पिक स्रोतसमेतको उपयोग गरी हाल विद्युत सेवा पुगेका विद्यालय ६९.६ प्रतिशत पुगेका छन्। केही विद्यालयहरूमा डिजिटल सामग्री, विद्युतीय हाजिरी, नतिजा व्यवस्थापन प्रणाली तथा अनलाइन कक्षाहरूको प्रयोग सुरू गरिएको छ। विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा स्थानीय सरकारबीचको सहकार्य विस्तार  र सुदृढ हुँदै गएको छ। शिक्षा क्षेत्र कार्यक्रमको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रणाली क्रमशः सुदृढ हुँदै गइरहेको छ।

शैक्षिक सत्र २०८१ मा आधारभूत तहको (कक्षा १-८) कुल भर्नादर १२४.८ प्रतिशत  र माध्यमिक तहको  (कक्षा ९-१२) कुल भर्नादर ८०.६ प्रतिशत पुगेको छ। उक्त तहको खुद भर्नादर क्रमशः ९४.१ प्रतिशत र ५५.८ प्रतिशत पुगेको छ। शैक्षिक सत्र २०८१ मा कुल विद्यालय सङ्ख्या ३५ हजार ४ सय ४७ रहेको छ। कुल विद्यालयमध्ये सामुदायिक विद्यालय ७३ प्रतिशत, संस्थागत विद्यालय २३ प्रतिशत

र  परम्परागत/धार्मिक विद्यालय ४ प्रतिशत रहेका छन् । कुल सामुदायिक विद्यालयमध्ये २ हजारभन्दा बढी विद्यार्थी भएका विद्यालय ०.४ प्रतिशत रहेका छन् ।

शैक्षिक सत्र २०८१ मा सबै प्रकारका विद्यालयमा कार्यरत शिक्षकहरूको सङ्ख्या २ लाख ७९ हजार ५ सय ८५ मध्ये ४२.६ प्रतिशत महिला र ५७.४ प्रतिशत पुरूष रहेका  छन । आधारभूत तहमा महिला र पुरूष शिक्षकको हिस्सा क्रमशः ४९.३ प्रतिशत र ५०.७ प्रतिशत रहेको छ भने माध्यमिक तहमा उक्त हिस्सा क्रमशः १८.३ प्रतिशत र ८१.७ प्रतिशत रहेको छ । शैक्षिक सत्र २०८१ मा सामुदायिक तथा संस्थागत विद्यालय  (कक्षा १-१२)  मा अध्ययनरत कुल विद्यार्थीमध्ये छात्र ५१.९ प्रतिशत र छात्रा ४८.१ प्रतिशत रहेका छन् । बालबालिकाको जन्मदरमा कमी आएसँगै विद्यालय तहमा विद्यार्थीको सङ्ख्या घटेको पाइएको छ । शैक्षिक सत्र २०८० मा विद्यालय तह (कक्षा१-१२) मा अध्ययनरत विद्यार्थीको सङ्ख्या (कक्षा १-१२) ७१ लाख ४३ हजार २ सय ६२ रहेकोमा शैक्षिक सत्र २०८१ मा १.९ प्रतिशतले न्यून भई २०८१ मा ७० लाख १० हजार ८ सय ८ रहेको छ ।

सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात बढी रहेको छ । शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा विद्यार्थी विद्यालय अनुपात आधारभूत तह (कक्षा १-५) मा १४३, आधारभूत तह (कक्षा ६-८) मा २६८, माध्यमिक तह (कक्षा ९-१०) मा २१५ र माध्यमिक तह (कक्षा ११-१२) मा ११८ रहेको छ भने संस्थागत विद्यालयमा उक्त अनुपात क्रमशः ६८६, २९६, ८४ र १८० रहेको छ। सामुदायिक विद्यालयमा प्रति शिक्षक विद्यार्थी सङ्ख्या २४ रहेको छ । यस्तो अनुपात  आधारभूत तह (कक्षा १-५) मा सबैभन्दा कम १९ र माध्यमिक तह (कक्षा १-१२) मा सबैभन्दा बढी ६५ रहेको छ ।

माध्यमिक शिक्षा परीक्षा (SEE) परीक्षा, २०८१ मा सामेल भएका ४ लाख ३८ हजार ८ सय ९६ परीक्षार्थीमध्ये ३.६ देखि ४ जीपीए ४८ हजार १७७, ३.२ देखि ३.६ जीपीएसम्म ८१ हजार ३५५, २.८ देखि ३.२ जीपीएसम्म ९९ हजार १२४ जना, २.४ देखि २.८ जीपीएसम्म ४८ हजार ४७९, २ देखि २.४ सम्म ल्याउने ४ हजार १२६ जना, १.६ देखि २ जीपीएसम्म ८ जना रहेका छन् । २०८१ को माध्यमिक शिक्षा परीक्षामा ६१.८१ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन् ।

अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच अभिवृद्धि गर्न ३९ वटा विशेष विद्यालय, २२ ओटा एकीकृत विद्यालय र ३८० स्रोतकक्षाको व्यवस्था गरिएको छ । दृष्टिसम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि निःशुल्क रूपमा ब्रेल लिपिका पाठ्यपुस्तक उपलब्ध हुँदै आएको छ । विद्यालय बाहिर रहेका बालबालिकाका लागि शैक्षिक पुहँचको सुनिश्चतता गर्ने उद्देश्यले आधारभूत तहमा बैकल्पिक शिक्षाको पाठ्यक्रम र सिकाइ सामग्री विकास गरी वैकल्पिक शिक्षाका कार्यक्रमहरू सञ्चालनमा छन् । हालसम्म साक्षर घोषणा भएका जिल्लाको सङ्ख्या ६७ पुगेको छ । कोसी, गण्डकी, बागमती र सुदूरपश्चिम प्रदेश साक्षर प्रदेश घोषणा भएका छन् ।

विद्यालय शिक्षासम्बद्ध सरोकारवालासँगको वृहत परामर्श, छलफल तथा अन्तरक्रियाबाट प्राप्त राय सुझावका आधारमा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ जारी भई कार्यान्वयनमा आएको छ । कक्षा ११ र १२ मा पाठ्यक्रम तथा मूल्याङ्कन विषयलाई अतिरिक्त विषयका रूपमा पठनपाठनका लागि पाठ्यक्रम विकास गर्ने कार्य सुरू गरिएको छ । कक्षा ४-१२ को सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा विषयको पाठ्यक्रम पुनरवलोकन, कक्षा १-३ को पाठ्यक्रम  श्रव्य दृष्य विहीन बालवालिकाका लागि उपयुक्त हुने गरी अनुकूलन, प्रारम्भिक बालविकास/पूर्व प्राथमिक शिक्षाको पाठ्यक्रम अद्यावधिक र कक्षा १-३ को एकीकृत पाठ्यक्रम अद्यावधिक तथा परिमार्जन गर्ने कार्य सम्पन्न भएको छ । घरायसी कार्यलाई आन्तरिक मूल्याङ्कनभित्र समावेश गरेर विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्डलाई परिमार्जन गरिएको छ । संविधान प्रदत्त मातृभाषामा शिक्षा पाउने हक बमोजिम हालसम्म विभिन्न ३३ मातृभाषाका पाठ्यक्रम तथा नमुनाका रूपमा पाठ्यपुस्तक विकास भएका छन् ।

२०७६/७७ बाट कार्यान्वयनमा आएको विद्यालय दिवा खाजा कार्यक्रमबाट शैक्षिक सत्र २०८१ मा प्रारम्भिक बाल शिक्षादेखि कक्षा ५ सम्म सामुदायिक विद्यालयमा अध्ययनरत देशभरका २८ लाख ६ हजार ३ सय १ विद्यार्थी प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् । विद्यालय दिवा खाजा कार्यक्रमबाट विद्यार्थीको नियमितताको साथै सिकाइ उपलब्धि र स्वास्थ्यस्थितिमा सुधार आएको छ । शैक्षिक सत्र २०८१ मा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीमध्ये १५ लाख ५२ हजार १ सय ६८ जना विद्यार्थीले विभिन्न किसिमका छात्रवृत्ति (आवासीय, गैरआवासीय, दलित, छात्रा, अपाङ्ग, सीमान्तकृत समूह लगायतका) प्राप्त गरेका छन् । आ.व. २०८१/८२ मा विद्यालय शिक्षामा रू. १ अर्ब ८३ करोड छात्रवृत्ति वितरण गरिएको छ । सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकालाई हरेक वर्ष कक्षा १ देखि कक्षा १२ सम्म

निःशुल्क पाठ्यपुस्तक प्रदान गरिदै आएको छ। विद्यालय शिक्षामा अध्ययनरत ७० लाख विद्यार्थीमध्ये सामुदायिक विद्यालयका ४६ लाख विद्यार्थीले हरेक वर्ष निःशुल्क पाठ्यपुस्तक पाउँदै आएका छन्।

सन् २०२२ मा गरिएको विद्यार्थीको सिकाइ उपलब्धिको राष्ट्रिय परीक्षणमा कक्षा ५ का २२ प्रतिशत विद्यार्थीले गणितमा, ५१ प्रतिशतले नेपालीमा, ५३ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ४४ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए। सन् २०१८ मा २८ प्रतिशतले गणितमा र ४५ प्रतिशतले नेपालीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका थिए। सन् २०२३ को नासा प्रतिवेदन अनुसार कक्षा १० मा क्रमशः ४० प्रतिशतले गणितमा, ४६.२ प्रतिशतले नेपालीमा, ४९.९ प्रतिशतले विज्ञान तथा प्रविधिमा र ७०.६ प्रतिशतले अङ्ग्रेजीमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका छन्।

विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनको क्रममा सबै क्षेत्रमा समानरूपमा प्रगति नभएको, सिकाइ उपलब्धिमा लक्ष्य अनुसार सुधार हुन नसकेको, प्रविधिको पहुँचमा असमानता देखिएको, तथा कमजोर क्षेत्रहरूको सुधारमा थप ध्यान आवश्यक रहेको अवस्था छ। यसैले योजना कार्यान्वयनको प्रभावकारिता बढाउन दीर्घकालीन सोच, स्रोतको सुनिश्चितता, सहकार्य र अनुगमन प्रणालीलाई अझ व्यवस्थित गर्दै लैजानु अपरिहार्य देखिन्छ। यस तर्फको यात्रामा कार्यक्रम कार्यान्वयनमा प्रभावकारिता ल्याउन जरूरी हुन्छ। उक्त प्रयोजनका लागि प्रस्तुत कार्यक्रम कार्यान्वयन कार्यविधिले सहयोगी भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

## कार्यक्रम कार्यान्वयन कार्यविधिको सार

२०८२/८३ को कुल राष्ट्रिय बजेट १९ खर्ब ६४ अर्ब ११ करोडमध्ये शिक्षा, विज्ञान तथा प्रविधिको क्षेत्रमा २ खर्ब ११ अर्ब १६ करोड ६९ लाख विनियोजन गरिएको छ। यो कुल राष्ट्रिय बजेटको १०.७५ प्रतिशत हो। शिक्षा क्षेत्रको बजेटको ठुलो हिस्सा विद्यालय शिक्षामा खर्च हुने र विद्यालय शिक्षाका क्रियाकलापको कार्यान्वयन मुख्यतः स्थानीय तहबाट हुने भएकाले यस क्षेत्रको कुल बजेटको ६८.९९ प्रतिशत स्थानीय तहमा र २.३३ प्रतिशत प्रदेश तहमा वित्तीय हस्तान्तरण गरिएको छ। सङ्घीय तहका लागि उक्त बजेटको २८.६८ प्रतिशत विनियोजन भएको छ।

स्थानीय तहका लागि वित्तीय हस्तान्तरण भएको जम्मा १ खर्ब ४५ अर्ब ६७ करोड ८८ लाखमध्ये १ खर्ब १४ अर्ब ६६ करोड १० लाख ७४ हजार बजेट तलब भत्तामै खर्च हुन्छ जुन स्थानीय तहका लागि विनियोजन भएको जम्मा बजेटको ७८.७१ प्रतिशत हुन आउँछ। तलब, दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति, सञ्चालन खर्च, निःशुल्क स्यानिटरी प्याड र द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रममा विनियोजित बजेट अनिवार्य दायित्वमा पर्ने भएकाले स्थानीय तहमा विनियोजन गरिएको बजेटको ९२ प्रतिशत  अनिवार्य दायित्वले नै समेट्छ। बाँकी ८ प्रतिशत बजेट भौतिक पूर्वाधार, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका कार्यक्रम र अनिवार्य तथा निःशुल्क शिक्षासमेतका कार्यक्रम खर्चका लागि विनियोजन गरिएको छ। आव २०८२/८३ मा स्थानीय तह तर्फ शिक्षकको तलबभत्ता तथा सेवा सुविधा, प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि अनुदान, सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान, छात्रवृत्ति, दिवाखाजा, विद्यालयको शैक्षिक गुणस्तर सुदृढीकरणका लागि कार्यसम्पादनमा आधारित अनुदान, शिक्षण सिकाइ अनुदान, गुरूयोजनाको आधारमा भौतिक पूर्वाधार विकास, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान जस्ता शीषर्कका बजेट विनियोजन गरिएको छ।

त्यसैगरी, प्रदेश तह अन्तर्गत बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन, STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन, शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण, सङ्घ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षणसमेतका आधारमा गुरूयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान,  शिक्षा तालिम केन्द्रको Digital Learning Centre को  विकास तथा सुदृढीकरण, सङ्घ-प्रदेश साझेदारीमा अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन एवम् शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अनुदान, सङ्घ-प्रदेश साझेदारीमा विद्यालय तहका विद्यार्थीलाई मनोसामाजिक परामर्श, वृत्ति परामर्श, ReAL Plan  का आधारमा सिकाइ क्षतिको लेखाजोखा, उपचारात्मक शिक्षण तथा  स्थलगत शिक्षक मेन्टरिङ प्रणाली कार्यान्वयन, शिक्षक तालिम सञ्चालन जस्ता कार्यक्रमहरू रहेका छन्।

शिक्षा विकास तथा समन्वय आय तर्फ आव २०८२/८३ मा एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली व्यवस्थापन, बेरूजु फर्छ्यौट प्रयोजनार्थ विद्यालय निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयारीका लागि प्राविधिक परामर्श सेवा, शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तहका कर्मचारीको क्षमता विकास,  स्थानीय तहसँगको समन्वयमा कक्षा ८ को परीक्षाको Item Writing, Question Bank निर्माण एवम् नतिजा विश्लेषणमा सहजीकरण तथा अभिलेख व्यवस्थापन, शिक्षक दरबन्दी मिलानका लागि सहजीकरण, नवप्रवेशी शिक्षकका लागि सेवा प्रवेश तालिम, विद्यालय एवम् स्थानीय तहका पदाधिकारीहरूलाई शैक्षिक नीति अभिमुखीकरण, विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिम, एकीकृत पाठ्यक्रम तथा अन्य परिमार्जित पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास, अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनका लागि सहजीकरण, स्थानीय तहसँगको समन्वयमा विद्यालय सुपरिवेक्षण तथा शिक्षकका लागि पेसागत सहयोग जस्ता कार्यक्रमहरू रहेका छन्।

आव २०८२।८३ मा स्थानीय तहबाट सम्पादन हुने  विद्यालय शिक्षा  क्षेत्र योजनाका  क्रियाकलापगत उपक्रियाकलापको एकाइ लागतसहितको कार्यक्रम विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**आ. व. २०८२।८३ स्थानीय तहबाट सम्पादन हुने विद्यालय शिक्षा क्षेत्र योजनाका क्रियाकलापगत उपक्रियाकलापहरूको एकाइ लागत**

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरू समेत) | आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तर्गतका शिक्षक/कर्मचारीहरू समेत) | स्वीकृत तलबभत्ता स्केलअनुसार र पोसाक खर्च |
| २ | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षक समेत) | माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद् अन्तरगतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | स्वीकृत तलबभत्ता स्केलअनुसार र पोसाक खर्च |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | प्रारम्भिक बालविकास / पूर्व प्राथमिक कक्षाका सहजकर्ताहरूको पारिश्रमिक | बालविकास सहजकर्ताको मासिक रु. १२०००/- का दरले १३ महिनाको खर्च र पोसाक खर्च |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | विद्यालय सहयोगीका लागि मासिक रु.१००००/- का दरले १३ महिनाको खर्च र लेखा सहायकका लागि मासिक रु. १५,०००/- का दरले १३ महिना र पोसाक खर्च |
| | | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | मासिक १०००० का दरले १३ महिनाको खर्च र पोसाक खर्च |
| ४ | प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान, प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ व्यवस्थापन अनुदान | प्रारम्भिक बालविकास / पूर्व प्राथमिक कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान | प्रति विद्यार्थी वार्षिक रु. ५००/- |
| | | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन:आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि | प्रति विद्यार्थी वार्षिक रु. १००/- |
| | | शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्स्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) | प्रति विद्यार्थी वार्षिक रु. १५०/- |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | प्रति विद्यार्थी वार्षिक रु. २००/- |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) | प्रति विद्यार्थी वार्षिक रू. २००/- |
| | | राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च तथा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | प्रति व्यक्ति रु. १७५ हजार<br>विद्यार्थी वार्षिक १५ हजार |
| | | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) | प्रति विद्यार्थी वार्षिक रु. २५०/- |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ५ | सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | (कक्षा १-५) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ६-८) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ९-१०) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| | | (कक्षा ११-१२) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान | पाठ्यक्रम विकास केन्द्रले तोकेको अनुसार |
| ६ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) | छात्रा छात्रवृत्ति (कक्षा १-५) कर्णाली प्याकेज समेत गैर आवसीय | प्रति विद्यार्थी वार्षिक रू.४००/- (साविकको कर्णाली अञ्चल अन्तर्गतका जिल्लाका कक्षा १-५ मा अध्ययनरत छात्रालाई वार्षिक रू. १०००/- |
| | | दलित छात्रवृत्ति (कक्षा १-५) गैर आवसीय | प्रति विद्यार्थी वार्षिक रू. ४००/- |
| | | आधारभूत तहमा अध्ययनरत लक्षित समूह (२२ जनजाति तथा सिमान्तकृत समूह, मुक्त कमैया, वादी, हलिया, चरूवाका सन्ततिसमेत) का विद्यार्थीका लागि छात्रवृत्ति | प्रति विद्यार्थी वार्षिक रू. ५००/- |
| | | मुक्त कम्लहरीका लागि छात्रवृत्ति (गैर अवासीय) | निर्देशिका अनुसार |
| | | अपाङ्ग छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय | वर्ग अनुसार |
| | | मुक्त कम्लहरी छात्रवृति (आवासीय) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | अपाङ्ग विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) (आवासीय) | तोकिएको श्रेणीको दररेट अनुसार |
| | | फिडर छात्रावासमा अध्ययनरत छात्रालाई छात्रवृति आवासीय | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्यनररत छात्रछात्रालाई छात्रवृति आवासीय (६ओटा) | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | हिमाली आवासीय छात्रवृति | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | HIV प्रभावित बालाबालिका तथा बादी समुदायका विद्यार्थीका लागि आवासीय प्रबन्ध | प्रति विद्यार्थी वार्षिक ५० हजार |
| | | सडक बालाबालिका तथा बालश्रमिकको लागि आवासीय शैक्षिक प्रवन्धका लागि छात्रवृति | प्रति विद्यार्थी वार्षिक ५० हजार |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ | प्रति विद्यालय वार्षिक २० हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | प्रति विद्यालय वार्षिक २५ हजार |
| | | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | प्रति विद्यालय वार्षिक ३० हजार |
| | | आधारभूत विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनलगायतका क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १० हजार |
| | | माध्यमिक विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक २० हजार |
| | | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकासन लगायतका क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | प्रति विद्यालय वार्षिक १५ हजार |
| | | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | कक्षा १-१२ वा १-१० सञ्चालित माध्यमिक विद्यालय वार्षिक रू २० हजार<br><br>कक्षा १-८ सञ्चालित आधारभूत विद्यालय वार्षिक रू १५ हजार<br><br>कक्षा १-५ सम्म सञ्चालित आधारभूत विद्यालय वार्षिक रू १२ हजार |
| | | आवासीय छात्रवृति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान | प्रति विद्यालय वार्षिक २ लाख ५० हजार |
| | | स्रोत कक्षा व्यवस्थापन अनुदान | प्रति कक्षा वार्षिक २ लाख ३५ हजार |
| | | विशेष आवश्यकत्ता भएका विद्यार्थी अध्ययनरत विद्यालय अनुदान (अनुसूची अनुसारका विद्यालय) | यसै कार्यविधिमा तोकेको अनुसार |
| | | विशेष शिक्षा परिषद् अन्तर्गत सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च | निर्देशिका अनुसार |
| | | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान | प्रति विद्यालय वार्षिक २ लाख |
| | | हाल सञ्चालनमा रहेका बहुकक्षा MGML सञ्चालन अनुदान | आव २०८२।८३ मा छनोट भएकाको हकमा प्रति विद्यालय विद्यालय वार्षिक ६५ हजार र यसपूर्व सञ्चालनमा रहेका विद्यालयको हकमा प्रति विद्यालय वार्षिक १५ हजार |
| | | हाल सञ्चालनमा रहेका बहुभाषिक शिक्षा विद्यालय अनुदान | प्रति विद्यालय वार्षिक ५० हजार |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ८ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत) | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-५) | प्रति विद्यालय वार्षिक ३ लाख |
| | | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-८) | प्रति विद्यालय वार्षिक ८ लाख |
| | | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-१०, १-१२) | प्रति विद्यालय वार्षिक १८ लाख |
| | | अति विकट हिमाली जिल्लाका लागि घुम्ती विद्यालय अनुदान | प्रति विद्यालय वार्षिक ३ लाख ५० हजार |
| | | खुला विद्यालय सञ्चालन अनुदान तह १ र २ (कक्षा ६-८) | प्रति विद्यालय वार्षिक १ लाख १० हजार |
| | | अनौपचारिक विद्यालय सञ्चालन अनुदान (कक्षा १-५) | प्रति विद्यालय वार्षिक ३ लाख |
| | | अनौपचारिक प्रौढ विद्यालय सञ्चालन अनुदान (कक्षा १-८) | प्रति विद्यालय वार्षिक ८ लाख |
| | | खुला विद्यालय सञ्चालन अनुदान माध्यमिक | प्रति विद्यालय वार्षिक १ लाख ५२ हजार |
| | | अनौपचारिक प्रौढ विद्यालय (कक्षा ९-१०) | प्रति विद्यालय वार्षिक १० लाख |
| | | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकालाई विदयालय भर्ना सिकाइ निरन्तरता र Equity Index वृद्धिका लागि अनुदान | विद्यालय बाहिर रहेका बालबालिका र Equity Index का आधारमा मधेश,लुम्बिनी र कर्णाली प्रदेशका स्थानीय तहमा ३ लाख ५० हजार र अन्यमा २ लाख ५० हजार |
| | | लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | साक्षर घोषणा भएका स्थानीय तहका लागि रू २ लाख र घोषणा हुन बाँकी गाँउपालिकामा रू ३ लाख र नगरपालिकामा रू ४ लाख |
| | | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | प्रति केन्द्र वार्षिक ३ लाख |
| ९ | तोकिएका विद्यार्थीको दिवाखाजाका लागि विद्यालयलाई अनुदान | तोकिएका जिल्लाका लागि दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) | साविक कर्णाली अञ्चल अन्तर्गतका जिल्लाबाहेकका विद्यालयमा दैनिक रू २० का दरले |
| | | स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१ कार्यान्वयन | गापा ३ लाख र नपा ४ लाखका दरले |
| | | कर्णाली अञ्चलका ५ जिल्लामा विद्यार्थी दिवा खाजा कार्यक्रम (वाल विकास देखि कक्षा ५ सम्म) | प्रति विद्यार्थी दैनिक रू २५ |
| १० | केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरूयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान | नमुना विद्यालय सुधार गुरूयोजना अनुरूप भौतिक निर्माण अनुदान | प्रति विद्यालय वार्षिक १ करोड |
| | | प्राविधिक धारतर्फ कक्षा ११ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान | तोकिएको दररेट अनुसार |
| | | चिनिया सहयोगमा निर्माणाधीन हिमाली आवासीय विद्यायलमा नेपाल सरकारको तर्फबाट निर्माण गर्नुपर्ने पूर्वाधार तयारी | तोकेको अनुसार |
| | | अपाङ्गताको प्रकृति (अटिजमसमेत) अनुरूप आवश्यकताका आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन | प्रति विद्यालय ५० लाख |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
|---|---|---|---|
| ११ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | तोकेको अनुसार |
| | | कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | प्रति विद्यालय वार्षिक रू ९ हजार |
| | | विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन | तोकेको अनुसार |
| | | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयहरूलाई गैर अनुदान | प्रति विद्यालय १० लाख |
| | | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | प्रतिविद्यालय १० लाख देखि ६० लाख सम्म |
| १२ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | तोकिए अनुसार |
| १३ | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान | भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान | नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार |
| १४ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शून्य =३,१=२ र २=१ शिक्षक हुने गरी मासिक ४३६८९ का दरले १३ महिना (पोसाक खर्चसहित) |
| १५ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | शून्य=१ शिक्षक हुने गरी मासिक ३४७३० का दरले १३ महिना (पोसाक खर्चसहित) |
| १६ | शैक्षिक सुशासनका लागि सस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | प्रति विद्यार्थी वार्षिक रू २७५ |
| | | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी, IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन, स्थानीय शिक्षा योजना तर्जुमा एवम् कार्यक्रम कार्यान्वयन सहजीकरण | २५ ओटासम्म विद्यालय भए प्रति न्यूनतम् १ लाख<br>५० ओटासम्म विद्यालय भए १ लाख ५० हजार,<br>१०० ओटासम्म विद्यालय भए २ लाख<br>१५० ओटासम्म विद्यालय भए ३ लाख र १५१ भन्दा बढी विद्यालय भए ३ लाख ५० हजार |
| | | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | तोकेको अनुसार |
| | | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | तोकेको अनुसार |
| | | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइन समेत) | प्रति शिक्षक ५ हजार |
| | | स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्साङ्कन (IEMIS अध्यावधिक समेत) | तोकेको अनुसार |
| | | बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन तथा सञ्चालन अनुदान | प्रति स्थानीय तह ५० हजारका दरले १४३ स्थानीय तहमा( DLI) |
| | | बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानका (Disability Screening) गर्न स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम | प्रति विद्यार्थी १०० का दरले |

| क्र.स. | कार्यक्रम | क्रियाकलाप विस्तृतीकरण | विनियोजित एकाइ लागत |
| --- | --- | --- | --- |
| १७ | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | विपन्न लक्षित छात्रवृत्तिकालागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति | तोकेको अनुसार |
| १८ | निर्मित गुरूयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान | स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | मन्त्रालयबाट स्वीकृत गुरुयोजनाअनुसार (भूकम्प प्रभावित ४७ जिल्लाबाहेक) |
| १९ | द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) | सहिद स्मृति विद्यालयलाई अनुदान | तोकेको अनुसार |

# खण्ड १

# परिचय

## १. परिचय

आर्थिक वर्ष २०८२/८३ को सङ्घीय सरकारको नीति तथा कार्यक्रम एवम् बजेट वक्तव्यमा शिक्षालाई सर्वसुलभ, गुणस्तरीय र जीवन उपयोगी बनाइने, विद्यालय शिक्षाको शासकीय सुधारको दीर्घकालीन मार्गचित्र तयार गरी पुनर्संरचना गरिने, विद्यालय शिक्षा सुधारका लागि कानुनी, नीतिगत र संस्थागत सुधार गरिने, संवत् २०८४ सालभित्र सबै बालवालिकाले आधारभूत शिक्षा पाउने व्यवस्था गरिने, नेपाली मौलिकतामा आधारित शिक्षण सिकाइ प्रणाली विकास गरिने, विद्यालय शिक्षामा भर्चुअल शिक्षण प्रणालीलाई उपयोग गरिने, शिक्षाको गुणस्तर वृद्धि गर्न डिजिटल सिकाइ पोर्टलको विकास गरिने, अपाङ्गता भएका विद्यार्थीलाई आधारभूत तहको शिक्षा पूरा गर्न छात्रावासको प्रबन्ध गरिने जस्ता विषयहरू समावेश गरिएको छ।

त्यसै गरी विकट भौगोलिक क्षेत्रलाई लक्षित गरी आवासीय विद्यालयहरू खोलिने, निजी विद्यालयका लागि राष्ट्रिय नियमन मापदण्ड जारी गर्ने, शिक्षक दरबन्दीको पुनरवलोकन गर्ने, विश्वविद्यालयसँगको सहकार्यमा शिक्षक बैङ्कको स्थापना गर्ने, शिक्षकको राष्ट्रिय योग्यता मापदण्ड जारी गर्ने नीति तथा कार्यक्रम रहेको छ। सबै बालबालिकाको भर्चुअल शिक्षण प्रणालीमा पुहँच सुनिश्चित गर्ने, विद्यार्थी परामर्श प्रबन्ध, अन्तरक्रियात्मक इ-लर्निङ सामग्रीसहितको डिजिटल प्लेटफर्म व्यवस्था तथा शिक्षक मेन्टरिङमा आधारित आकर्षक शिक्षण-कलामा सघन तालिमको व्यवस्था गरिने समेत कार्यक्रम रहेको छ।

नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न, प्रदेश एवम् स्थानीय तहमा कार्यक्रम कार्यान्वयनमा एकरूपता र प्रभावकारिता कायम गर्न, स्थानीय तहमा हस्तान्तरण भएको ससर्त अनुदानलाई तोकिएको लक्ष्य प्राप्त गर्ने गरी परिचालन गर्न, तोकिएको शीर्षक तथा क्रियाकलापमा खर्च गर्ने वातावरण निर्माण गरी स्रोतको अधिकतम उपयोगका लागि सहजीकरण गर्न, आर्थिक अनुशासन कायम गरी तोकिएका शीर्षकहरूमा नियमानुसार खर्च गर्न, स्वीकृत कार्यक्रमका अवधारणा, उद्देश्य, प्रक्रिया तथा रणनीतिका सम्बन्धमा प्रदेश र स्थानीय तह तथा विद्यालय तहसम्मका सबै सरोकारवालालाई परिचित गराई कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न सघाउ पुऱ्याउन यो कार्यविधि तयार गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजनाका लागि प्राप्त हुने वैदेशिक सहायता नतिजामा आधारित सूचक (Disbursement Linked Indicator- DLI) मा आबद्ध गरिएकोले सोसहित र कार्यक्रमको नतिजा ढाँचा (Programme Result Framework- PRF) प्राप्तिको सुनिश्चितताका लागि यस कार्यविधिले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

आर्थिक वर्ष २०७९।८० देखि कार्यान्वयनमा आएको विद्यालय शिक्षा क्षेत्र योजनालाई नेपाल सरकारलगायत विभिन्न संयुक्त वित्तीय लगानी साझेदारहरूको सहायतामा विगतदेखि नै अभ्यास गरिएको क्षेत्रगत पद्धति (Sector wide Approach) अन्तर्गत शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कार्यान्वयनमा ल्याएको छ। यो योजना कार्यान्वयनका लागि प्राप्त हुने वैदेशिक सहायता नतिजामा आधारित रहेकाले तोकिएको नतिजामा आधारित सूचक (Disbursement Linked Indicator- DLI) तथा योजनाको कार्यक्रमको नतिजा ढाँचा (Programme Result Framework- PRF) मा उल्लेख भएका परिमाणात्मक लक्ष्यहरूका नतिजा प्राप्तिको सत्यापन तेस्रो स्वतन्त्र सत्यापन निकाय (Independent Verification Agency-IVA) बाट हुने तथा सोका आधारमा विकास साझेदारबाट तोकिएको रकम सोधभर्ना (Disbursement) हुने व्यवस्था रहेको छ।

विद्यालय शिक्षा क्षेत्र योजनाले विद्यालय शिक्षामा विशेषतः आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु, प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु, सबै नागरिकलाई आधारभूत कार्यमूलक सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा आजीवन सिकाइको अवसर विस्तार गर्नु, विद्यालय तथा शिक्षाका सबै निकायमा सुशासन प्रवर्धन गर्नु र तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य सुदृढ बनाई शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउनुलाई मुख्य उद्देश्य राखेको छ।

विद्यालय क्षेत्र शिक्षा योजनाका मुख्य उपक्षेत्रका रूपमा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक तथा आजीवन सिकाइ रहेका छन् भने पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण, दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम, शिक्षामा सूचना तथा सञ्चार प्रविधि, विद्यालय शिक्षामा विपद् व्यवस्थापन

र सुरक्षित विद्यालय आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा, विद्यालय भौतिक पूर्वाधार विकास जस्ता अन्तरसम्बन्धित विषयक्षेत्रको रूपमा रहेका छन् ।

## २. कार्यक्रम कार्यान्वयन कार्यविधिको उद्देश्य

क) प्रदेश, स्थानीय तह र इकाइ एवम् विद्यालयस्तरमा सञ्चालन हुने शैक्षिक कार्यक्रम कार्यान्वयनमा समन्वय र सहकार्यलाई सुदृढ गरी शैक्षिक सेवा प्रवाह प्रभावकारी बनाउन सरोकारवालालाई सुसूचित गर्नु,

ख) विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गतका स्वीकृत कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकामा न्यूनतम सिकाइ पूरा गरी समग्र विद्यालय शिक्षाको पहुँच, गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न सहजीकरण गर्नु,

ग) प्रदेश तथा स्थानीय तह र इकाइबाट सञ्चालन हुने विद्यालय शिक्षा क्षेत्र योजनाअन्तर्गतका कार्यक्रमहरूको कार्यान्वयनमा एकरूपता कायम गरी प्रभावकारी शैक्षिक व्यवस्थापन गर्न मद्दत पुऱ्याउनु,

घ) वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सम्बन्धित तह/ निकायको भूमिका स्पष्ट गरी अपेक्षित नतिजा हासिल गर्न जिम्मेवार र जवाफदेही बनाउनु,

ङ) वार्षिक कार्यक्रम कार्यान्वयन र स्रोत परिचालन एवम् प्रतिवेदन पद्धतिलाई दिशानिर्देश गर्नु/ गराउनु,

च) नतिजामा आधारित अनुगमन प्रणालीको माध्यमबाट कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी लक्षित नतिजा सुनिश्चित गर्नु,

छ) तेस्रो पक्षबाट हुने कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन, सामाजिक तथा लेखापरीक्षणलगायतका कार्यलाई सहजीकरण गर्नु ।

## ३. कार्यक्रम कार्यान्वयनसम्बन्धी मार्गदर्शन

आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम तथा बजेट कार्यान्वयन गर्दा देहायका बुँदालाई विशेष ध्यान दिनुपर्ने छ :

### क) कार्यक्रम कार्यान्वयनसम्बन्धी

१. कार्यक्रम तथा बजेटको प्रभावकारी एवम् नतिजामूलक रूपमा कार्यान्वयन गर्न विनियोजन ऐन, २०८२, आव २०८२/८३ को बजेट कार्यान्वयनसम्बन्धी मार्गदर्शन (अनुसूची १२), कार्यक्रम खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड, २०७८ मा उल्लेखित विषयहरूको पालना गर्ने /गराउने,

२. चालु आर्थिक वर्षका लागि स्वीकृत नर्म्स र त्यससम्बन्धी अन्य निर्देशनसमेतलाई ध्यान दिई यस कार्यान्वयन कार्यविधिको आधारमा तोकिएको कार्यक्रम र बजेट निर्धारित समय सीमाभित्रै सम्पन्न हुने गरी कार्यक्रम कार्यान्वयन गर्ने/ गराउने,

३. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा स्थानीय तह/प्रदेशमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको कार्यान्वयनका लागि योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा प्रगति प्रतिवेदन तयार गरी सम्प्रेषण गर्ने प्रमुख जिम्मेवारी अख्तियारी प्राप्त अधिकारी वा प्रमुख प्रशासकीय अधिकृत/ प्रदेशको शिक्षा हेर्ने मन्त्रालयको सचिवको हुने,

४. स्थानीय तह तथा प्रदेश सरकारलाई उपलब्ध ससर्त अनुदान बजेट उपशीर्षकभित्र रहेका क्रियाकलापलाई यस कार्यक्रम कार्यान्वयन कार्यविधिमा मूल क्रियाकलापका रूपमा राखी सोअन्तर्गत कार्यान्वयन हुने क्रियाकलापहरूलाई उपक्रियाकलापमा उल्लेख गरिएको छ । उक्त क्रियाकलापलाई कार्यान्वयन गर्दा अद्यावधिक शैक्षिक तथ्याङ्कलाई आधार मानी त्रैमासिक रूपमा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने,

५. ससर्त अनुदानअन्तर्गतका वित्तीय हस्तान्तरण रकममा कन्टिनजेन्सी वापतको रकम कट्टा नगरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा उपलब्ध गराउनुपर्ने,

६. स्थानीय तहसँग प्रभावकारी समन्वय एवम् कार्यसम्पादनमा सहजीकरण गर्नका लागि शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाभित्रका स्थानीय तहका शिक्षा शाखा प्रमुखहरू वा प्रमुखले तोकेको पदाधिकारीसहितको संयन्त्र निर्माण गर्ने, संयन्त्रका पदाधिकारीसँग मासिक, त्रैमासिकरूपमा बैठक, छलफल, अन्तरक्रिया आयोजना गर्ने,

७. आवासीय शैक्षिक सुविधा सञ्चालन गर्ने विद्यालयले खानाको साप्ताहिक मेनु तयार गरी मेनुबमोजिम खाना खुवाउने प्रबन्ध मिलाउने। दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा विद्यालयले स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्रारूप, २०८१, शिक्षा तथा मानव स्रोत विकास केन्द्रले सार्वजनिक गरेको प्रारूप र मापदण्डबमोजिम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध मिलाउने। विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी कार्यविधि,२०७७ मा नमुनाका रूपमा दिइएका क्षेत्रगत दिवा खाजा मेनु तालिकालाई समेत आधारका रूपमा लिई स्थानीय तहबाट विकास गरी स्वीकृत साप्ताहिक खाना/खाजाको मेनु बमोजिम विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध मिलाउने र स्वीकृत मेनु सबैले देख्ने गरी टाँस्ने व्यवस्था गर्ने,

८. स्वीकृति/अनुमति प्राप्त विशेष/एकीकृत शिक्षा कार्यक्रम (नेपाल सरकारबाट सालवसाली अनुदान प्राप्त गर्ने विशेष विद्यालयसमेत) सञ्चालित सामुदायिक विद्यालयलाई अन्य सामुदायिक विद्यालयले प्राप्त गर्ने विद्यालय सञ्चालन खर्च, छात्रवृत्ति, दिवा खाजा, सेनिटरी प्याड जस्ता अनुदान दोहोरो नपर्ने गरी उपलब्ध गराउने,

९. अपाङ्गता भएका बालबालिकाका लागि अभिभावकको संस्थाबाट सञ्चालित शैक्षिक कार्यक्रममा सहभागी विद्यार्थीका लागि दोहोरो नपर्ने गरी पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, सेनिटरी प्याड अनुदान उपलब्ध गराउने । यसका लागि त्यस प्रकृतिका कार्यक्रमहरूको नजिकको सामुदायिक विद्यालयसँग आबद्धता गराउने व्यवस्था मिलाउने । यसरी आबद्ध भएका कार्यक्रमका बालबालिकाको विवरण आबद्धता कायम भएका विद्यालयले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्राणाली (IEMIS) मा अनिवार्य भर्ने र सोका आधारमा स्थानीय तहले उल्लेखित विषयका अनुदान विद्यालयलाई उपलब्ध गराउने,

१०. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार सबै विद्यालयलाई अनिवार्यरूपमा सामाजिक परीक्षण गर्न लगाउने । मापदण्डबमोजिम विद्यालयको प्राप्ताङ्कका आधारमा उच्चदेखि न्यूनतम अङ्क प्राप्त गर्ने विद्यालयको नामावली प्रकाशन गर्ने र सुधारका लागि योजनाबद्ध रूपमा कार्य गर्ने,

११. कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका क्रियाकलापहरूलाई कार्यसम्पादन सूचकको रूपमा तयार गर्ने र सो सूचकका आधारमा सबै तह तथा निकायमा अनुगमन गरी कार्यसम्पादन नतिजाप्रति सम्बन्धित व्यक्ति/पदाधिकारीलाई जवाफदेही बनाउने व्यवस्था गर्ने, विद्यालयबाट सञ्चालन हुने क्रियाकलाप कार्यान्वयनको मुख्य जिम्मेवारी प्रधानाध्यापकको हुने गरी स्थानीय तहले अनुगमन सूचक निर्माण गरी अनुगमन गर्ने/ गराउने,

१२. स्थानीय तहले हाल भइरहेका विद्यालयको भौगोलिक अवस्था, जनघनत्वलगायतका आधारमा विद्यालय नक्साङ्कन गरी विद्यालयको तह थपघट, समायोजन/एकीकरण तथा बन्द गर्ने,

१३. कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधिमा रहेका प्रावधानका साथै प्रचलित ऐन,कानुनको प्रतिकूल नहुने गरी प्रदेश र स्थानीय तहबाट कार्य प्रक्रिया वा कार्यान्वयन मापदण्ड विकास गरी कार्यान्वयन गर्न सकिने,

१४. कार्यविधिबमोजिम कार्यान्वयन हुने तथा प्रदेश एवम् स्थानीय तहबाट आन्तरिक स्रोतबाट तय भएका कार्यक्रमलाई कार्यान्वयन सहजीकरण गर्न एकीकृत कार्यक्रम कार्यान्वयन मापदण्ड विकास गरी कार्यान्वयन गर्न सकिने,

१५. शिक्षा विकास तथा समन्वय इकाइले कार्यक्रम कार्यान्वयन कार्यविधि एवम् विभिन्न नीति, नियम, कार्यविधि, समसामयिक विषयवस्तुका सम्बन्धमा जिल्लाभित्रका स्थानीय तहका सम्बन्धित विषय क्षेत्रका पदाधिकारीलाई तथा स्थानीय तहले स्थानीय तहभित्रका विद्यालय एवम् अन्य सरोकारवालाहरूलाई अभिमुखीकरण गर्ने,

१६. प्रदेश र स्थानीय तहमा बालिका तथा समावेशी शिक्षा सञ्जाल गठन, क्षमता विकास र विस्तार गर्ने तथा सोसँग सम्बन्धित कार्यमा विकास साझेदार सङ्घसंस्थाहरूसँग समन्वय र सहकार्य गर्ने,

१७. कार्यक्रम कार्यान्वयन गर्दा महालेखा परीक्षकको प्रतिवेदन, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रतिवेदन, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय योजना आयोग, अर्थमन्त्रालय तथा महालेखा नियन्त्रकको कार्यालय र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट दिइएका सुझावहरूलाई पालना गर्ने,

१८. यो कार्यक्रम कार्यान्वयन कार्यविधि अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ (संशोधनसहित), सार्वजनिक खर्चलाई मितव्ययी र प्रभावकारी बनाउनेसम्बन्धी मापदण्ड २०७८ र प्रचलित अन्य कानुनसँग बाझिएमा यो कार्यविधिमा उल्लेखित विषयहरू बाझिएको हदसम्म अमान्य हुने छ।

१९. यस कार्यविधिमा उल्लेख गरिएका प्रावधानका सम्बन्धमा कुनै द्विविधा भएमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रले थप प्रष्ट पार्न सक्ने छ। साथै यस कार्यविधिमा कुनै संशोधन एवम् परिमाजन गर्नुपरेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गर्ने छ।

**ख) वित्तीय व्यवस्थापनसम्बन्धी**

१. स्थानीय तहले ससर्त अनुदानबाट विद्यालयमा हुने क्रियाकलापगत बजेट विद्यालयबाट आवश्यक विवरण लिई ( IEMIS मा रहेको माग फारम भर्न लगाई सोही माग फारमका आधारमा तथ्याङ्क यकिन गरी) खातामा निकासा दिने । सोको खर्चको फाँटवारी/बिल भरपाइ विद्यालयमा प्रमाणित गरी अभिलेख राख्ने व्यवस्था मिलाउने,

२. कम्तीमा ६ महिना करार सेवा पूरा गरेका शिक्षक तथा कर्मचारीलाई १ महिनाको चाडपर्व खर्च उपलब्ध गराउने,

३. स्थानीय तथा प्रदेश सरकारले ससर्त अनुदानमा हस्तान्तरित कार्यक्रम र बजेटलाई आफ्नो नीति.कार्यक्रम एवम् बजेटमा समावेश गर्ने। उक्त कार्यक्रमहरू भुक्तानीमा दोहोरोपन नहुने गरी आवश्यकताअनुसार आफ्नो स्रोतबाट बजेट थप गरी कार्यक्रम कार्यान्वयन गर्न सकिने,

४. प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले सङ्घीय सरकारबाट ससर्त अनुदानको कार्यक्रम र बजेटको अख्तियारी प्राप्त भएको मितिले पन्ध्र दिनभित्र आफ्नो मातहतका निकायको कार्य जिम्मेवारीअनुसार कार्यान्वयन गर्न अख्तियारी उपलब्ध गराउने,

५. स्थानीय तहबाट विद्यालयमा रकम निकासा दिँदा अनुदान शीर्षक, गर्नुपर्ने काम र बजेट उल्लेख भएको अनुदान निकासा पत्र विद्यालयलाई उपलब्ध गराई सोको समष्टिगत विवरण स्थानीय तहको वेबसाइटमा राख्ने व्यवस्थासमेत मिलाउने,

६. एक बजेट उपशीर्षकमा विनियोजन भएको रकम अर्को बजेट उपशीर्षकमा खर्च नगर्ने, स्वीकृत नर्म्सको परिधिभित्र रहेर कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेख गरिएका आधार र प्रक्रिया अनुरूप खर्च लेख्ने व्यवस्था मिलाउने,

७. एक आर्थिक वर्षमा विनियोजन भएको बजेट अर्को आर्थिक वर्षमा खर्च गर्न नमिल्ने भएको हुँदा स्थानीय तहले समयमै विद्यालयमा निकासा दिई सोही आर्थिक वर्षमा कार्यसम्पादन गर्न लगाउने,

८. स्थानीय तहले शीर्षकगत रूपमा विद्यालयमा दिएको निकासा र कार्यक्रम विवरण स्थानीय तहको वेबसाइटमा प्रकाशन गर्ने व्यवस्था मिलाउने,

९. आव २०८२/८३ मा वित्तीय हस्तान्तरण भएका विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण, क्षमता विकासका कार्यक्रम, शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, शिक्षक मेन्टरिङ्ग तथा विद्यालय सुपरिवेक्षण जस्ता क्रियाकलापहरू कार्यान्वयनको क्रममा स्थानीय तथा प्रदेश तहले आफ्नो बजेटबाट पनि लागत साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्न सक्ने गरी व्यवस्था मिलाउने,

१०. वैदेशिक स्रोत समावेश भएको बजेट उपशीर्षकका क्रियाकलापहरूमा विनियोजित बजेट खर्च गर्दा मूल क्रियाकलापमा विनियोजित कुल रकमलाई दातृ निकायगत स्रोत अनुपात यकिन गरेर मात्र सोही अनुपातमा वैदेशिक स्रोतको रकमसमेत खर्च गर्ने,

११. विद्यालय शिक्षा क्षेत्र योजनाका संयुक्त वित्तीय साझेदार (Joint Financing Partners- JFP) सँग नेपाल सरकारले गरेको सम्झौतामा आयोजना कार्यान्वयन गर्ने (Implementing Agency) निकायले प्रत्येक त्रैमासिक सकिएको ४५ दिनभित्र वित्तीय

अनुगमन प्रतिवेदन (Financial Monitoring Report - FMR) पेस गर्नुपर्ने व्यवस्था रहेको छ । सो व्यवस्था कार्यान्वयन गर्न प्रत्येक स्थानीय तहले त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) मा मलेप फारम न. २७५ को अनुसूची ७ र ८ (ख) बमोजिम प्रतिवेदन गर्ने र सोको एक/ एक प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा तथा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनुपर्ने छ । प्रतिवेदन पेस नभएसम्म कोलेनिकाले त्रैमासिक निकासा रोक्का राख्न सकिने,

१२. शिक्षा विकास तथा समन्वय इकाइले जिल्लास्थित स्थानीय तहहरू तथा कोष तथा लेखा नियन्त्रक कार्यालयसँग समन्वय गरी सबै स्थानीय तहको एकीकृत त्रैमासिक प्रगति प्रतिवेदन त्रैमासिक अवधि समाप्त भएको २५ दिनभित्र केन्द्रमा अनिवार्य रूपमा पठाउने,

१३. सबै प्रदेश सरकार/स्थानीय तहले वित्तीय हस्तान्तरण भएको ससर्त अनुदानका कार्यक्रमको महालेखा परीक्षक कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने छ । साथै लेखा परीक्षणबाट औँल्याइएका बेरूजुको समयमै फछ्र्यौट तथा सम्परीक्षण गराउने दायित्व सम्बन्धित प्रदेश सरकार/स्थानीय तहको हुनेछ । बेरूजु सम्परीक्षण तथा फछ्र्यौटको विवरण त्रैमासिकरूपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र (आर्थिक प्रशासन शाखा) मा पठाउने,

१४. सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा प्राप्त बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा नेपाल सरकार अर्थ मन्त्रालयबाट स्वीकृत कार्य सञ्चालन निर्देशिकामा उल्लिखित खर्च गर्ने मापदण्ड (Norms) का आधारमा मात्र गर्ने,

१५. विद्यालयमा हुने खरिद कार्य प्रचलित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४, बमोजिम गर्ने । सो कार्यको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था मिलाउने,

१६. ससर्त अनुदानबाट सञ्चालन हुने विद्यालयका शैक्षिक कार्यक्रमहरू स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गरेका व्यवस्थासमेतको आधारमा हुने भएकाले लेखा परीक्षणबाट कायम भएको बेरूजु फछ्र्यौट गर्ने जिम्मा सम्बन्धित स्थानीय तहको हुने छ । बेरूजु फछर्यौटका लागि आवश्यक प्रमाण कागजात र विवरणहरू पेस गर्ने दायित्व सम्बन्धित विद्यालयको हुने छ । साविकको जिल्ला शिक्षा कार्यालयको नाममा कायम भएका बेरूजु फर्स्यौट तथा सम्परीक्षण गराउने कार्यका लागि आवश्यक कागजातसहित विद्यालयले पेस गर्नुपर्ने छ । यस कार्यका लागि विद्यालयबाट प्राविधिक सहयोगका लागि स्थानीय तहमा अनुरोध भई आएमा स्थानीय तहले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्ने,

१७. स्वीकृत कार्यक्रमको कार्यान्वयन योजना, खरिद योजना र अनुगमन योजनाबमोजिमको कार्यक्रम कार्यान्वयन अवस्थाको त्रैमासिक रूपमा स्थानीय/ प्रदेश तहमा प्रगति समीक्षा गरी तोकिएको ढाँचामा त्रैमासिक अवधि समाप्त भएको १५ दिनभित्र स्थानीय तहले शिक्षा विकास तथा समन्वय इकाइमार्फत र प्रदेशले सोझै शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्य रूपमा प्रतिवेदन पठाउने,

१८. स्थानीय तहले महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक प्रतिवेदनमा औँल्याइएका बेरूजुहरू फछर्यौट कार्यलाई उच्च प्राथमिकता दिने । महालेखा परीक्षकको प्रतिवेदनमा औँल्याएका विनियोजित कार्यक्रम शीर्षकभन्दा फरक कार्यक्रममा दिएको अनुदान, बढी अनुदान, दोहोरो अनुदानका सन्दर्भमा विद्यालयबाट सो रकम फिर्ता गराउने काम चालु आर्थिक वर्षको पहिलो त्रैमासिकभित्रै गरिसक्नुपर्ने छ । यसरी बढी वा दोहोरो अनुदान गएका विद्यालयले रकम फिर्ता नगरेमा ती विद्यालयको अनुदान रोक्का गर्ने । विद्यालयबाट फिर्ता गराएको अनुदान रकमको बैङ्क भौचरसहितको विवरण महालेखा परीक्षकको कार्यालयमा पेस गरी बेरूजु फछर्यौटको व्यवस्था मिलाउने र सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्य रूपमा पठाउने,

१९. विगतका आर्थिक वर्षमा विद्यालयमा विभिन्न कामका लागि विनियोजित रकम खर्च नभएको एवम् स्थानीय तहबाट ससर्त अनुदानको रूपमा विद्यालयमा निकासा भएको अनुदान बैङ्क खातामा मौज्दात भई बेरूजु कायम रहेको भए विद्यालयलाई उक्त

रकम बेरूजु खातामा बैङ्क दाखिला गर्न लगाउने । यस सम्बन्धी विवरण स्थानीय तह तथा शिक्षा विकास तथा समन्वय इकाइले केन्द्रमा पठाउने,

२०. विद्यालयको आर्थिक कारोबारको लेखाङ्कन गर्दा सक्कल बिल भरपाईलगायत आवश्यक कागजात संलग्न राखी अभिलेखन गर्ने व्यवस्था मिलाउने । विद्यालयको भौतिक निर्माणसम्बन्धी कार्यहरू सम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदन तयार गरी लेखा परीक्षणको व्यवस्था मिलाउनुपर्ने । महालेखा परीक्षकको कार्यालयबाट डोर खटिई आएका बखत स्थानीय तहले आवश्यक प्रमाण जुटाई सम्परीक्षण गराउने,

२१. स्थानीय तहले विद्यालयमा जाने सबै प्रकारका अनुदानहरूलाई प्रभावकारी कार्यान्वयन गर्न अनुदान निकासा गर्दा यस कार्यविधिमा उल्लेख भएका मापदण्ड तथा प्रक्रिया अनिवार्य रूपमा परिपालना गर्ने,

२२. प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानको वित्तीय हस्तान्तरण तथा सोसम्बन्धी अन्य व्यवस्था अर्थ मन्त्रालयको मार्गदर्शनबमोजिम हुने छ । शिक्षा विकास तथा समन्वय इकाइले केन्द्रबाट प्राप्त मार्गदर्शनअनुसार खर्च गर्ने व्यवस्था मिलाउने गरी सहजीकरण गर्नुपर्ने,

२३. विद्यालयले यस कार्यविधिमा उल्लेख भएका कार्यक्रम सञ्चालन गर्न गत निकासाको प्रगतिसहित आवश्यक पर्ने बजेट IEMIS मा रहेको माग फारम भरी सोको प्रिन्ट गरी स्थानीय तहमा माग गर्ने । स्थानीय तहले प्राप्त माग फारामलाई अद्यावधिक तथ्याङ्कसँग रूजु गरी यथाशीघ्र छिटो निकासा दिने व्यवस्था मिलाउने,

२४. विद्यालयबाट वितरण गरिने प्रति विद्यार्थी लागतको आधारमा खर्च गरिने छात्रवृत्ति, नि:शुल्क पाठ्यपुस्तकलगायतका कार्यक्रम सार्वजनिक गर्ने । नि:शुल्क पाठ्यपुस्तकको रकम विद्यालयमा निकासा दिंदा स्वीकृत मूल्यसूचीका आधारमा विद्यार्थीलाई सेटमा नै उपलब्ध गराउनुपर्ने छ र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनुपर्ने ।

**ग) विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी**

१. स्थानीय तहले विद्यालयले सार्वजनिक खरिद ऐन नियमालीबमोजिम गर्नुपर्ने भौतिक निर्माण तथा खरिदसँग सम्बन्धित कार्यहरू गर्नुपर्दा सो ऐन नियमले तोकेका प्रक्रिया पूरा गर्न सक्ने या नसक्ने र सो जनशक्ति रहे नरहेको समेत निर्क्योल गरेर मात्र रकम निकासा गर्ने । सोबमोजिम गर्न नसक्ने अवस्थामा स्थानीय तहमार्फत खरिद ऐन र नियमावली तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम सम्झौतामार्फत मात्र सार्वजनिक निकायले मालसामान, निर्माण वा सेवा खरिद गर्ने व्यवस्था मिलाउने,
२. भौतिक सुविधा विस्तारका लागि तोकिएको ससर्त अनुदान रकम अपर्याप्त भएमा स्थानीय तह/ प्रदेश एवम् विद्यालयले स्वीकृत लागत अनुमानका आधारमा आफ्नो स्रोतबाट थप गर्न सक्ने छ । निर्माण कार्यको प्राविधिक सुपरिवेक्षण एवम् प्रशासनिक अनुगमन तथा प्रमाणीकरण गर्नु सम्बन्धित स्थानीय तह/ प्रदेशको दायित्व हुने,
३. विद्यालय शिक्षा क्षेत्र योजना र राष्ट्रिय शैक्षिक सुधार कार्यक्रमअन्तर्गत विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि आयोजना कार्यान्वयन गर्दा प्रदेश तथा स्थानीय तहले मन्त्रालयबाट स्वीकृत विद्यालय भौतिक पूर्वाधार निर्माण गुरूयोजनाको आधारमा गर्ने,
४. विद्यालयमा भौतिक निर्माणसहितको पूर्वाधार विकास गर्दा केन्द्रबाट स्वीकृत प्राप्त गुरूयोजना, विद्यालय भौतिक निर्माणसम्बन्धी मापदण्ड, २०८० र राष्ट्रिय भवन संहिता, २०६० बमोजिम गर्ने ।

**घ) विपद् व्यवस्थापनसम्बन्धी :**

१. विपद्बाट शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी आपत्कालीन अवस्थामा बालबालिकाको पठनपाठनलाई नियमित बनाई विपद्को प्रभाव शिक्षण सिकाइमा कमभन्दा कम गर्न र सिकाइमा निरन्तरताका लागि स्वीकृत भएको विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि नेपाल शिक्षा समूह (गठन तथा सञ्चालन) निर्देशिका, २०८० बमोजिम सङ्घीय शिक्षा समूह, प्रदेश शिक्षा समूह र स्थानीय शिक्षा समूहको गठन गर्ने,

२. विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्न तथा शिक्षा क्षेत्रको निरन्तर सुधार गरी शैक्षिक उपलब्धि हासिल गर्न तथा विपद्का समयमा समेत शैक्षिक गतिविधि सञ्चालनका लागि सङ्घ, प्रदेश र स्थानीय तहले आवश्यकता अनुसार सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरी सामूहिक प्रयास गर्ने । सिकाइ आपूरण तथा द्रुत सिकाइ सवलीकरण योजना (ReAL Plan) सँग तालमेल हुने गरी सिकाइ निरन्तरता योजना बनाई कार्यान्वयन गर्ने,

३. प्राकृतिक तथा मानवीय विपद्का कारण शिक्षा क्षेत्रमा पर्ने प्रभावलाई व्यवस्थापन गरी सिकाइ निरन्तरताका लागि विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना, मनसुन प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने । आफ्नो क्षेत्रभित्र क्रियाशील सङ्घसंस्थासँगको सहकार्यमा विपद् व्यवस्थापनसम्बन्धी क्षमता विकासका कार्य सञ्चालन गर्ने । विपद् व्यवस्थापन कार्यमा विद्यालय एवम् आफ्नो तहले गरेका कार्यहरूको IEMIS को EiE Tab मा प्रविष्टि गर्ने, यसरी गठन भएको शिक्षा समूहले स्थानीय/जिल्ला/प्रदेश/सङ्घीय तहको शिक्षा समूहसँग समन्वय गरी कार्यसम्पादन गर्ने,

**ङ) एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीसम्बन्धी**

१. स्थानीय तहका लागि निर्धारण हुने अनुदान विद्यालयबाट भरिने एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली(IEMIS) मा आधारित हुने र विद्यालयले तथ्याङ्क नभरेका/अद्यावधिक नगरेका कारणबाट स्थानीय तहले पाउने अनुदानमा फरक पर्न जाने भएकाले आफ्नो मातहतका सबै सामुदायिक तथा संस्थागत विद्यालयलाई IEMIS अनिवार्य रूपले भर्न/अद्यावधिक गर्न लगाउने,

२. शिक्षक, कर्मचारी तलब भत्ता र अन्य अनुदान विद्यालयमा निकासा दिँदा अनिवार्य रूपमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा भएको माग फारामका आधारमा मात्र निकासा दिने व्यवस्था मिलाउने,

३. तथ्याङ्कको प्रविष्टि र प्रयोग सम्बन्धमा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली सञ्चालन तथा व्यवस्थापन निर्देशिका,२०७९, बमोजिम तोकिएका कार्यहरूको प्रभावकारीरूपमा कार्यान्वयन गर्ने/गराउने,

४. शिक्षा विकास तथा समन्वय इकाइले स्थानीय तहमा सञ्चालन हुने वार्षिक शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि आवश्यक शैक्षिक तथ्याङ्क र अभिलेखको उपलब्धता, क्षमता विकासमा सहजीकरणलगायतका प्राविधिक सहयोग उपलब्ध गराउने,

५. प्रत्येक विद्यालयले IEMIS बाट विद्यार्थी परिचय पत्र विकास गरी वितरण गर्ने । विद्यार्थीले प्राप्त गर्ने सबै किसिमका सुविधाका लागि परिचय पत्र अनिवार्य गर्ने, IEMIS बाट प्राप्त School Report Card प्रिन्ट गरी सार्वजनिक गर्नुका साथै सामाजिक परीक्षणमा उपयोग गर्ने,

६. गुणस्तरीय शिक्षा, प्राविधिक शिक्षा, पूर्वाधार, प्रविधिको समुचित प्रयोग गरी शिक्षा क्षेत्रको गुणात्मक विकास गर्न भूगोल एवम् विद्यार्थी सङ्ख्यासमेतका आधारमा प्रारम्भिक बालविकास तथा शिक्षादेखि माध्यमिक शिक्षासम्मको नक्साङ्कन तयार पारी कार्यान्वयन गर्ने । अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ तथा नियमावली २०७७ बमोजिम सबै बालबालिकाको शिक्षामा पहुँच हुने गरी विद्यालयको अनुमति दिँदा विद्यालय नक्साङ्कन तथा थप हुने आर्थिक दायित्वसमेतलाई आधार बनाउने,

७. प्रत्येक वर्ष IEMIS को शैक्षिक तथ्याङ्कका आधारमा विषयगत र विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी पुनरवलोकन गर्ने,

८. शिक्षक दरबन्दी वा राहत अनुदान कोटा उपलब्ध नभएका माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह (कक्षा ६-८) तर्फ अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदानवापतको रकम प्राप्त गर्नका लागि विद्यालयहरूले सम्बन्धित विवरण IEMIS मा अनिवार्य रूपमा अद्यावधिक गर्ने,

## च) निरीक्षण अनुगमन प्रतिवेदनसम्बन्धी

१. स्थानीय तहले विद्यालयमा संङ्घ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शीर्षकहरूमा गरिएको निकासा कार्यान्वयनको अवस्था अनुगमन गर्न सम्बन्धित विषयगत/ प्राविधिक/ सरोकारवालाको सहभागितामा अनुगमन गर्ने व्यवस्था मिलाउने,

२. हरेक शिक्षा विकास तथा समन्वय इकाइले सङ्घीय सरकारबाट स्थानीय तहमार्फत् ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण भई सञ्चालन भएका दिवाखाजा कार्यक्रम, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माणलगायतका समग्र कार्यक्रमको जिल्लाभित्रको कार्यान्वयनको अवस्थाको अनुगमन गरी यससम्बन्धी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा नियमित रूपमा पठाउनुपर्ने छ । अनुगमनका क्रममा इकाइले माग गरेका विवरणहरू स्थानीय तहको शिक्षा हेर्ने शाखा र विद्यालयले उपलब्ध गराउने,

३. प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन हुने कार्यक्रमको अनुगमनको दायित्व सम्बन्धित तहको हुने छ । सङ्घीय निकाय र शिक्षा विकास तथा समन्वय इकाइ एवम् प्रदेश सरकारबाट अनुगमन गर्दा स्थानीय तहबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण गर्नुपर्ने,

४. प्रदेश तथा स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप तथा उपक्रियाकलापसहितको त्रैमासिक तथा वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाईनमा आधारित सफ्टवेयर www.monitoring.moest.gov.np प्रविष्टि गर्ने,

५. स्थानीय तह, प्रदेश सरकार तथा इकाइबाट पेस गर्नुपर्ने देहायका प्रतिवेदनहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा अनिवार्यरूपमा पेस गर्नुपर्ने छ ।

| क्र. स. | प्रतिवेदन शीर्षक | जिम्मेवार तह/ निकाय |
|---|---|---|
| क) | ससर्त अनुदानका अतिरिक्त प्रदेश तथा स्थानीय तहबाट चालु आवका लागि तय भएका कार्यक्रम | प्रदेश, स्थानीय तह |
| ख) | प्रदेश शिक्षा तालिम केन्द्रबाट सञ्चालन भएका तालिमका सम्पन्न गर्ने शिक्षककर्मचारीको / तह, विद्यालय कार्यालय र विषय खुल्ने नामनामेसी विवरण/ | प्रदेश तह |
| ग) | अनिवार्य तथा निशुल्क शिक्षासम्बन्धी ऐन:, २०७५ को दफा ३६ र ३७ अनुसारको प्रतिवेदन तथा विवरण | स्थानीय तह |
| घ) | शिक्षक दरबन्दी मिलानको प्रगति विवरण | प्रदेश, इकाइ, स्थानीय तह |
| ङ) | विद्यालय लेखा प्रणाली )School Accounting System-SAS) कार्यान्वयन गर्ने विद्यालयको नाम नामेसी विवरण | इकाइ |
| च) | तोकिएको सूचकाङ्कका आधारमा विद्यालयलाई कार्यसम्पादनमा आधारित अनुदान (Performance Based Grants) प्राप्त गर्ने विद्यालयको नाम तथा ठेगाना | स्थानीय तह |
| छ) | शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका आधारभूत विद्यालयलाई प्रदान गरिएको एकमुष्ट अनुदान प्राप्त गर्ने विद्यालयको नाम तथा ठेगाना | स्थानीय तह |
| ज) | ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप अन्तर्गतका उपक्रियाकलापगतरूपमा विद्यालयमा भएको निकासा खुल्ने बुलेटिन, निकासा सिट वा निकासा पत्र | स्थानीय तह |
| झ) | माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह (कक्षा ६-८) तर्फ अङ्ग्रेजी, गणित र विज्ञान विषय शिक्षणका लागि शिक्षण सहयोग अनुदान प्राप्त गर्ने विद्यालयको नामावली | स्थानीय तह |

| | | |
|---|---|---|
| ञ) | नमुना विद्यालय विकासका लागि छनोट भएका विद्यालयको भौतिक निर्माण एवम् शैक्षिक कार्यक्रमको प्रगति | स्थानीय तह, इकाइ |
| ट) | ICT, विज्ञान प्रयोगशाला र पुस्तकालय अनुदान प्राप्त विद्यालयको नामावली | स्थानीय तह |
| ठ) | ससर्त अनुदानका रूपमा चालु आवमा छनोट भएका विद्यालयको भौतिक निर्माणको प्रगति | स्थानीय तह, इकाइ |
| ड) | स्थानीय तहमा कार्यरत शिक्षा, युवा तथा खेलकुद शाखा/महाशाखा प्रमुखको अद्यावधिक नामनामेसी, सम्पर्क नम्बर र इमेल ठेगानासहितको विवरण | इकाइ |

# खण्ड २

## स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका सबै बजेट उपशीर्षकहरूको कार्यक्रमको कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

## २.१ स्थानीय तहबाट सम्पादन हुने ससर्त अनुदानका बजेट उपशीर्षकगत रूपमा कार्यक्रम कार्यान्वयन प्रक्रिया एवम् मापदण्ड

यस खण्डमा सबैका लागि शिक्षा - आधारभूत तह ( ब.उ.शी.न..३५०००१४), माध्यमिक तह (ब.उ.शी.न. ३५०००१५), विद्यालय शिक्षा क्षेत्र योजना - (प्रदेश तथा स्थानीय तहका लागि) (ब.उ.शी.न.. ३५००१८०१), प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (विशेष कार्यक्रमसमेत) (ब.उ.शी.न.. ३५०४१०११) द्वन्द्वपीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) (ब.उ.शी.न.. ३५०००१०५) बाट स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका शैक्षिक कार्यक्रमको कार्यान्वयन प्रक्रिया विस्तृत रूपमा उल्लेख गरिएको छ :

**शिक्षकको तलब भत्ता: सबैका लागि शिक्षा - आधारभूत तह र माध्यमिक तह**

क) क्रियाकलाप नं. १.१.३.३ आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/कर्मचारीसमेत)

ख) क्रियाकलाप नं. १.१.३.४ माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद्अन्तर्गतका शिक्षक/ कर्मचारी, प्राविधिक धारका प्रशिक्षक र सहायक प्रशिक्षकसमेत)

स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता निर्धारण गर्दा केन्द्रको च.नं. १८९ मिति २०७६।११।१२ को पत्र र केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा प्रकाशित विवरणअनुसार यकिन भएको दरबन्दीलाई "शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि २०७६"अनुसार मिलान/व्यवस्थापन अद्यावधिक गर्ने । यसरी कायम भएका विद्यालयगत/विषयगत दरबन्दी, शिक्षक अनुदान कोटा (राहतसमेत), प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक, विशेष शिक्षा परिषद्अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको विवरण प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने। सोका आधारमा विद्यालयबाट IEMIS मा रहेको तलब भत्ताको माग फारम अनिवार्य रूपमा भर्न लगाई सोको रूजु गरी स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि तलबभत्ता अनुदान मासिक रूपमा उपलब्ध गराउने गरी विद्यालयमा अनुदान उपलब्ध गराउने । राष्ट्रिय किताबखाना (शिक्षक) बाट तोकिएको ढाँचामा तयार पारिएको स्थायी शिक्षकको तलब भत्ता ग्रेडसहितका तलबी प्रतिवेदन राष्ट्रिय किताबखाना (शिक्षक) बाट पारित गराई विद्यालयको माग फारामसँग भिडान गराई अनुदान निकासा दिने व्यवस्था मिलाउने। शिक्षकको तलब भत्ता हिसाब गर्दा अर्थमन्त्रालयबाट प्रकाशित तलबमानका आधारमा गर्ने। यस क्रियाकलापमा देहायका शिक्षकको तलबभत्ता समावेश गरिएको छ :

क) आधारभूत तह (प्राथमिक तह र निम्नमाध्यमिक तह) मा कार्यरत शिक्षकको तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र राहत अनुदान कोटामा कार्यरत शिक्षक)

ख) माध्यमिक तहमा कार्यरत शिक्षक (माध्यमिक शिक्षक) को तलब भत्ता (स्वीकृत दरबन्दीमा कार्यरत स्थायी तथा अस्थायी/करार र राहत अनुदान कोटामा कार्यरत शिक्षक)

ग) माध्यमिक तह (कक्षा ११ र १२) मा अध्यापनरत (साविकको उच्च माध्यमिक शिक्षक) दरबन्दी र राहत अनुदानमा कार्यरत शिक्षक

घ) प्राविधिक धारअन्तर्गत (कक्षा ९-१०) एवम् (कक्षा ११-१२) का प्रशिक्षक/सहायक प्रशिक्षक र अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षक

ङ) लेखाजोखा संयोजकका रूपमा कार्यरत शिक्षक

च) विशेष शिक्षा परिषद्अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबभत्ता : विशेष शिक्षातर्फ विगतमा संस्था वा विद्यालयबाट स्थायी नियुक्ति पाएका शिक्षक र कर्मचारीका लागि अनुदानमा कार्यरत शिक्षकले तपसिलअनुसारका तलब भत्तालगायतका सुविधा प्राप्त गर्ने गरी प्रति व्यक्ति तहगत तथा श्रेणीगत शिक्षकको तलब भत्ता हिसाब गरी विद्यालय खातामा उपलब्ध गराउने।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६।०५।०४ को निर्णयको आधारमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट पुनर्वितरित शिक्षक दरबन्दी विवरणअनुसार खुद पुलमा रहेका दरबन्दी मिलान गर्न बाँकी रहेका शिक्षकको तलब भत्ता स्थानीय तहमा विनियोजन नगरिएकाले शिक्षक दरबन्दी मिलान गर्न बाँकी रहेका स्थानीय तहले आव २०८२।८३ को प्रथम त्रैमासिकभित्र मिलान कार्यसम्पन्न गरी सोको प्रतिवेदन केन्द्रमा पठाएपछि मात्र सो रकम निकासा गर्नुपर्ने छ।

चालु आवमा शिक्षक दरबन्दी मिलानपश्चात् कायम भएको स्थानीय तहगत स्वीकृत दरबन्दी तथा अनुदानका शिक्षकका लागि नियमानुसार भुक्तानी दिनुपर्ने तलब भत्ता हिसाब गरी वित्तीय हस्तान्तरण भएको छ। यस अनुदानमा नपुग भएमा आधार र औचित्यसमेत उल्लेख गरी अनुसूची-१ अनुसारको फारम भरी प्रमाणित गराई २०८२ माघ मसान्तसम्म शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाइले जिल्लाका लागि स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटासँग भिडान गरी यकिन गर्ने। यकिन भएको विवरणअनुसार तलब भत्ता अपुग हुने देखिएमा सिफारिस साथ २०८२ फाल्गुण महिनाको पहिलो हप्ताभित्र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको योजना तथा अनुगमन शाखा planning.cehrd@gmail.com मा आइपुग्ने गरी पठाउने । स्थानीय तहले नपुग हुने तलबभत्ता माग गर्दा दरबन्दी मिलान गरी स्थानीय तहका लागि कायम भएको दरबन्दी सङ्ख्या तथा तथा इकाइबाट दरबन्दी मिलानका क्रममा थप भएको शिक्षक दरबन्दी सङ्ख्या भए सोसमेत एकीकृत गरी सोको प्रमाणित प्रति समेत राखी पठाउनुपर्ने छ।

## २.२ शिक्षकको तलब भत्ता तथा सेवा सुविधा विवरण

| शिक्षक/ सुविधा | स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक | स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक | स्वीकृत राहत अनुदान कोटामा कार्यरत शिक्षक | साविकको उच्च माध्यमिक तह (कक्षा ११-१२) अनुदान कोटामा कार्यरत शिक्षक | प्राविधिक धारमा (कक्षा ९-१०) मा कार्यरत प्रशिक्षक, सहायक प्रशिक्षक | प्राविधिक धारमा (कक्षा ११-१२) मा कार्यरत प्रशिक्षक र शिक्षक | विशेष शिक्षा परिषद्अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब | अर्थ मन्त्रालयबाट स्वीकृत स्केलअनुसारको १२ महिनाको तलब (माध्यमिक तह द्वितीय श्रेणी सरहको) | अर्थ मन्त्रालयबाट स्वीकृत स्केल अनुसार प्रशिक्षकले माध्यमिक तह तृतीय श्रेणीको सुरू तलव सरह र सहायक प्रशिक्षकले निम्न माध्यमिक तह तृतीय को सुरू तलब स्केलअनुसार १२ महिनाको सुरू स्केलअनुसारको तलब | माध्यमिक तह द्वितीय श्रेणीको सुरू तलब स्केल सरह १२ महिना | अर्थ मन्त्रालयबाट स्वीकृत सम्बन्धित तहको तलब स्केलअनुसारको १२ महिनाको तलब |
| ग्रेड | नियमानुसारको ग्रेड (यस प्रकृतिका सुविधा प्राप्त गर्ने शिक्षक कर्मचारीको तलवी प्रतिवेदन पारित गर्ने व्यवस्था मिलाउने | - | - | - | - | - | संस्थाबाट स्थायी नियुक्ति पाएकालाई नियमानुसारको ग्रेड रकम |
| सञ्चय कोष थप | मासिक १० प्रतिशत सञ्चय कोष थप | - | - | - | - | - | मासिक १० प्रतिशत सञ्चय कोष थप |
| बिमा कोष थप | बिमा कोष थप | - | - | - | - | - | - |
| चाडपर्व खर्च | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम | खाइपाई आएको एक महिनाको तलब बराबरको रकम |
| महङ्गी भत्ता | तोकिए अनुसार | तोकिए अनुसार | तोकिए अनुसार | तोकिए अनुसार | तोकिए अनुसार | तोकिए अनुसार | तोकिए अनुसार |

| शिक्षक/ सुविधा | स्वीकृत दरबन्दीमा कार्यरत स्थायी शिक्षक | स्वीकृत दरबन्दीमा कार्यरत अस्थायी/करार शिक्षक | स्वीकृत राहत अनुदान कोटामा कार्यरत शिक्षक | साविकको उच्च माध्यमिक तह (कक्षा ११-१२) अनुदान कोटामा कार्यरत शिक्षक | प्राविधिक धारमा (कक्षा ९-१०) मा कार्यरत प्रशिक्षक, सहायक प्रशिक्षक | प्राविधिक धारमा (कक्षा ११-१२) मा कार्यरत प्रशिक्षक र शिक्षक | विशेष शिक्षा परिषद्अन्तर्गत सञ्चालनमा रहेका विद्यालयले सालबसाली पाउँदै गरेको अनुदानमा कार्यरत शिक्षक तथा कर्मचारी |
|---|---|---|---|---|---|---|---|
| पोसाक सुविधा | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च | पोसाक खर्च |
| स्थानीय भत्ता | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको | - | - | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्ष भरिको जम्मा १०.५ महिनाको | स्थानीय भत्ता पाउने जिल्लामा भए वर्षभरिको जम्मा १०.५ महिनाको | - |
| प्राविधिक भत्ता | - | - | - | - | प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र | प्रति महिना ३ हजारका दरले १० महिनाको मात्र) | - |
| प्र.अ. भत्ता | प्राथमिक : मासिक रू २००।, निम्नमाध्यमिक: मासिक रू ३००, माध्यमिक : मासिक रू ५०० | | | | | | |

**द्रष्टव्य :**

क) उल्लिखित क्रियाकलाप नं. १.१.३.३ र क्रियाकलाप नं. १.१.३.४ को शीर्षकको अनुदान रकम तलब भत्ताबाहेक अन्य शीर्षक (जस्तै शिक्षक सञ्चित बिदा, औषधी उपचार खर्चको भुक्तानी र अन्य प्रयोजन) मा अनुदान तथा खर्च लेख्न पाइने छैन।

ख) बउशीनं. ३५०००१४ र ३५०००१५ बाट पोसाक खर्च उपलब्ध गराउँदा तोकिएको उच्च हिमाली जिल्लामा (गोरखा जिल्लाको सिर्दिवास उत्तर, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट) कार्यरतका लागि वार्षिक रू १५ हजार तथा अन्य जिल्ला र स्थानका लागि वार्षिक रू १० हजार पोसाक खर्च उपलब्ध गराउने।

ग) शिक्षक कर्मचारीको पोसाक भत्ता चैत महिनाको तलबसँगै उपलब्ध गराउनुपर्ने छ। यस आ.व. को २०८२ चैतमा दिइने पोसाक सुविधा आगामी शैक्षिक सत्र २०८३ मा विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि भएकाले दोहोरो नपर्ने गरी वितरण गर्ने।

घ) विद्यालयले/ स्थानीय तहले शिक्षक र कर्मचारीको तलब भत्ता बैङ्कमार्फत् भुक्तानी हुने व्यवस्था मिलाउनुपर्ने छ। विद्यालयमार्फत भुक्तानी हुने अवस्थामा विद्यालयले त्रैमासिकको पहिलो महिनामा ३ महिनाका लागि नियमानुसार आवश्यक तलब भत्ता स्थानीय तहमा माग गर्ने र सोका आधारमा स्थानीय तहले विद्यालयलाई निकासा दिई विद्यालयले शिक्षकलाई नियमानुसार मासिकरूपमा तलब भत्ता भुक्तानी हुने व्यवस्था मिलाउने र स्थानीय तहमार्फत भुक्तानी हुने अवस्थामा स्थानीय तहले विद्यालयबाट माग भएको आधारमा नियमानुसार सम्बन्धित शिक्षकको बैङ्क खातामा मासिक रूपमा भुक्तानी हुने व्यवस्था मिलाउने।

ङ) यस अगाडि कक्षा ११ र १२ मा निकासा भएको दरबन्दीमा कार्यरत शिक्षकहरू मध्ये विद्यालयमा सम्बन्धित विषयको पठनपाठन नभएको अवस्थामा ती शिक्षकहरूलाई विषयअनुसारको कार्यजिम्मेवारी तोकी अन्य विद्यालयमा व्यवस्थापन गर्ने। सोअनुसार स्थानीय तहभित्र व्यवस्थापन हुन नसकेमा शिक्षा विकास तथा समन्वय इकाइमार्फत केन्द्रमा तत्काल जानकारी गराउने।

## २.३ विद्यालय शिक्षा क्षेत्र योजना अन्तर्गत का क्रियाकलापको कार्यान्वयन प्रक्रियाः

### २.३.१. क्रियाकलाप नं. १.१.४.१ प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. **प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक**<br>क) प्रारम्भिक बालविकास सहजकर्ताको पारिश्रमिक वितरण गर्नुपूर्व साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गरेका स्थानीय तहका लागि स्वीकृत कोटा र स्थानीय तहको आफ्नै स्रोतबाट सञ्चालनको अनुमति प्राप्त बालविकास केन्द्रको छुट्टाछुट्टै अभिलेख यकिन गरी शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्ने,<br>ख) अद्यावधिक प्रतिवेदन र यकिन तथ्याङ्कको आधारमा सङ्घीय सरकारबाट स्रोत व्यवस्थापन हुने वालविकास केन्द्रका सहजकर्तालाई मात्र पारिश्रमिक निकासा दिने,<br>ग) स्थानीय तहले सहजकर्ताको पारिश्रमिक प्रति महिना रू १२,०००।- का दरले १२ महिना र चाडपर्व खर्चका लागि हुन आउने रकम विद्यालयको खातामा निकासा दिने । पारिश्रमिक व्यवस्था गर्दा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेबमोजिमको न्यूनतम मासिक पारिश्रमिक रकममा नपुग हुने रकम थप गर्नुपर्ने छ,<br>घ) सम्बन्धित विद्यालयबाट प्राप्त माग फाराम र हाजिरी प्रमाणित स्थानीय तहबाट रूजु गरी पारिश्रमिक निकासा दिने,<br>ङ) विद्यालयले IEMIS मा प्रारम्भिक बालविकास केन्द्रको तथ्याङ्क अनिवार्यरूपमा भर्नुपर्ने छ,<br>च) समुदायमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको पारिश्रमिक अनुदान दिँदा मातृ विद्यालयले शैक्षिक तथ्याङ्क २०८२ भरी प्रमाणित भएको विवरणका आधारमा अनुदान दिने,<br>छ) स्थानीय तहले सामुदायिक विद्यालयमा १ भन्दा बढी बालविकास केन्द्र भएमा अधिकतम २५ सम्म विद्यार्थी बराबर १ केन्द्र रहने गरी प्रत्येक विद्यालयमा न्यूनतम १ ओटा बालविकास केन्द्र हुने गरी बालविकास कोटालाई पुनर्वितरण गर्ने,<br>ज) यसरी पुनर्वितरण गर्दा केन्द्रबाट स्वीकृत भई कार्यान्वयनमा रहेका कोटा सङ्ख्यामा नबढ्ने गरी पुनर्वितरण गर्ने । | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>बालविकास केन्द्र<br>विद्यालय व्यवस्थापन समिति<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | पारिश्रमिक अनुदान<br>हाजिरी प्रतिवेदन,<br>विद्यालयले भरेको शैक्षिक तथ्याङ्क<br>अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>पारिश्रमिक बुझेको भरपाइ |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| २. **विद्यालय कर्मचारी व्यवस्थापन अनुदान**:<br>क) विद्यालयबाट शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा यकिन भएका आधारभूत तथा माध्यमिक विद्यालयका विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारीको प्रमाणित हाजिरी तथा माग फारमको आधारमा स्थानीय तहबाट विवरण रूजु गरी पारिश्रमिक निकासा दिने,<br>ख) प्रत्येक सामुदायिक विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रू. १०,०००।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च र सामुदायिक माध्यमिक विद्यालयमा एक जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रू. १५,०००।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्चका लागि निकासा उपलब्ध गराउने। विद्यालय सहयोगी र सहायक कर्मचारीको पारिश्रमिक व्यवस्था गर्दा स्थानीय तहले नेपाल सरकारले निर्धारण गरेबमोजिमको न्यूनतम मासिक पारिश्रमिक रकममा नपुग हुने रकम थप गर्नुपर्ने छ,<br>३. स्थानीय तहले प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालय समायोजन/एकीकरण गर्दा सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८ को उपदफा ४ मा उल्लेख भए अनुसार गर्ने,<br>४. विद्यालय समायोजन भई कर्मचारी व्यवस्थापन गर्दा केन्द्रको च. नं. २४३ मिति २०७८।१२।२२ को परिपत्र अनुसार गर्ने। यसको अभिलेख विद्यालय तथा स्थानीय तहमा छुट्टै राखी तोकिए बमोजिमको पारिश्रमिक विद्यालयले स्थानीय तहमा माग गर्ने। स्थानीय तहले हाजिरी र पारिश्रमिक रूजु गरी यस शीर्षकबाट विद्यालयलाई थप अनुदान उपलब्ध गराउने। यसरी अनुदान उपलब्ध गराउँदा यस क्रियाकलापमा विनियोजित रकम अपुग भएमा आधार र प्रमाणसहित केन्द्रमा माग गरी पठाउने,<br>५. प्रारम्भिक बालविकास सहजकर्ता, विद्यालय सहयोगी एवम् विद्यालय कर्मचारीलाई तोकिएको उच्च हिमाली जिल्ला (गोरखा जिल्लाको सिर्दिवास उत्तर, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट) मा कार्यरतका लागि वार्षिक रू १५ हजार तथा अन्य जिल्लाका लागि वार्षिक रू.१० हजार अरू शिक्षकले पाए सरह पोसाक खर्च उपलब्ध गराउने,<br>६. बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीका लागि अनुदान दिनु अगाडि नै सबै विद्यालयले सोको विवरण अनिवार्य रूपमा IEMIS मा अद्यावधिक गर्नुपर्ने र सोको अभिलेख स्थानीय तहमा राख्ने व्यवस्था मिलाउने। | | |

### २.३.२ क्रियाकलाप नं. २.७.१३.५० प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. **शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (विशेष र एकीकृत विद्यालयसमेत)**<br>क) प्रत्येक सामुदायिक विद्यालयले बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-८, कक्षा ९-१० र कक्षा ११-१२ का विद्यार्थी सङ्ख्या IEMIS बाट प्राप्त गरी निम्न दरका आधारमा आवश्यक पर्ने रकम यकिन गरी स्थानीय तहमा माग गर्ने । विद्यालयबाट माग भएको रकम तथा तथ्याङ्क सत्यापन/रूजु गरी विद्यार्थी सङ्ख्याका आधारमा उल्लिखित शीर्षक र एकाइ लागतअनुसार रकम हिसाब गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ट अनुदान दिने,<br>• प्रारम्भिक बालविकास/पूर्व प्राथमिक कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान प्रति विद्यार्थी वार्षिक रू. ५००,<br>• सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कन: आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि प्रति विद्यार्थी वार्षिक रू.१००,<br>• शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा १-५) प्रति विद्यार्थी वार्षिक रू. १५०,<br>• शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) प्रति विद्यार्थी वार्षिक रू. २००,<br>• शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ९-१०) प्रति विद्यार्थी वार्षिक रू. २००,<br>• शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ११-१२) प्रति विद्यार्थी वार्षिक रू. २५०,<br>• प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान प्रति विद्यार्थी वार्षिक १५ हजार,<br>२. विद्यालय व्यवस्थापन समितिले प्राप्त अनुदान रकमको परिधिभित्र रहेर यस कार्यविधिमा तोकिएका क्रियाकलाप कार्यान्वयन गर्दा सघन कार्यक्रम कार्यान्वयन गर्न तोकिएका स्थानीय तहमार्फत विद्यालयका लागि निर्धारण गरिएका क्रियाकलापमा विनियोजित रकम अपुग भएमा सो विषयसमेतलाई आधार मानी विद्यालयले आवश्यकताको प्राथमिकीकरण गरी विद्यालय | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | निकासा आदेश<br>अनुदान प्राप्त गर्ने विद्यालय<br>विद्यार्थी सङ्ख्या<br>निरन्तर विद्यार्थी मूल्याङ्कनका लागि तयार भएको पोर्टफोलियो<br>OJT गर्ने विद्यार्थी सङ्ख्या<br>प्रगति प्रतिवेदन<br>विद्यालयले भरेको शैक्षिक तथ्याङ्क |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| सुधार योजना कार्यान्वयन गर्न देहायका क्षेत्रमा निर्णय गरी अनुदान उपयोग गर्ने गरी स्थानीय तहले विद्यालयलाई कार्यान्वयन गर्न लगाउने :<br><br>२.१ विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने। यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढाइ सिपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने,<br><br>२.२ प्रविधिमैत्री वैकल्पिक सिकाइका लागि आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (इन्टरनेट, विद्युत जडान र महसुल, डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग ) गर्ने,<br><br>२.३ विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था (पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी, सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर लगायत विद्यालयको सामान्य खालका मर्मत सम्भार आदि)।<br><br>३. **प्रारम्भिक बालविकास कक्षामा न्यूनतम सक्षमता विकास गर्न प्रति विद्यार्थी एकाइ लागतका आधारमा अनुदान**<br>**क)** यस अनुदान शीर्षकबाट रकम उपलब्ध गराउँदा शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन तथा बालबालिकाको पोर्टफोलियो निर्माण गर्नका लागि शैक्षिक तथ्याङ्क २०८२ मा विवरण भरेका विद्यार्थीका लागि प्रति विद्यार्थी रू ५००। का दरले हिसाब गरी प्रत्येक प्रारम्भिक बालविकास कक्षाको लागि एकमुष्ट अनुदान दिने,<br>**ख)** विद्यालयले राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री र बालविकास केन्द्रका लागि निर्धारित प्राथमिकता प्राप्त न्यूनतम मापदण्ड (Prioritized Minimum Enabling Conditions-PMEC) मा उल्लेखित (योग्यता एवम् तालिम प्राप्त शिक्षक, ६ सिकाइ क्षेत्र, बालमैत्री धारा, साबुन पानीसहितको शौचालय, चिसो र धुलोरहित बसाइ व्यवस्थापन) क्षेत्रमा बालविकास केन्द्रमा पूरा नभएका क्षेत्र पहिचान गरी उक्त क्षेत्र पूरा हुने गरी रकम खर्च गर्ने,<br>**ग)** केन्द्रमा प्रारम्भिक बालविकास तथा शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री तथा बालविकास केन्द्रका लागि तय भएका ६ ओटा सिकाइ क्षेत्र (भाषा,गणित,विज्ञान, सिर्जनात्मक कला, निर्माण र भूमिका अभिनय) का लागि कम्तीमा १०/१० सेट सामग्रीको व्यवस्था गर्ने,<br>**घ)** बालविकास केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने र प्रत्येक वर्ष खरिद एवम् सङ्कलन गरिएका सामग्रीको अभिलेख खडा गरी प्रधानाध्यापकले प्रमाणित गरी राख्ने व्यवस्था मिलाउने। यसका लागि स्थानीय तहबाटसमेत बजेट व्यवस्थापन गर्न सकिने छ। यसअनुसारका मापदण्ड पूरा गरेका बालविकास केन्द्रको विवरण IEMIS मा अद्यावधिक गर्न लगाउने। | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **४. सिकाइका लागि आन्तरिक विद्यार्थी मूल्याङ्कन, आवश्यक सामग्री तथा सुधारात्मक शिक्षण अनुदान**<br>क) स्थानीय तहले कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी सङ्ख्यालाई आधार मानी प्रति विद्यार्थी रू.१००। का दरले विद्यालयलाई रकम उपलब्ध गराउने। सो रकमबाट विद्यालयले कक्षा १ मा अध्ययनरत प्रत्येक विद्यार्थीको पाठ्यक्रममा तोकिएबमोजिमको पोर्टफोलियो तयार गर्ने र सो पोर्टफिलियोलाई कक्षा ३ सम्म निरन्तरता दिने,<br>ख) कक्षा ४ देखि ८ सम्मका विद्यार्थीका हकमा यस अघिदेखि तयार भएको पोर्टफोलियोलाई नै अद्यावधिक गरी निरन्तर उपयोग गर्ने,<br>ग) कक्षा १-८ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने। सिकाइका लागि मूल्याङ्कन गर्न तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजनाअनुसार सिकाइको लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने,<br>**५. प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान :**<br>क) स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका **अनुसूची ७ मा उल्लिखित** विद्यालय तोकिएको मापदण्डअनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने,<br>ख) यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थीहरूको विवरण IEMIS मा अद्यावधिक गर्न लगाउने र IEMIS मा अद्यावधिक सङ्ख्याको यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याब असिष्टेन्का लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यावहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५,०००।– का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने।<br>**स्थानीय तहबाट प्राप्त अनुदान रकम विद्यालयले प्राथमिकताका आधारमा निम्नानुसार गर्ने**<br>क) प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको १ जना ल्याब असिष्टेण्टका लागि १३ महिना बराबरको पारिश्रमिकको व्यवस्था गर्ने,<br>ख) प्रावधिक धारअन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यावहारिक अभ्यास गर्न **व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३,** प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षामा गरिएको दुबै ढाँचा अर्थात् कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना, कक्षा १२ पछि ६ महिनाको व्यावहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यावहारिक अभ्यास गराउने। यसको व्यवस्थापन तपसिलअनुसार गर्नेः | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **विद्यार्थी निर्वाह खर्च :** व्यावहारिक अभ्यास (OJT) मा सहभागी हुने विद्यार्थीका लागि प्रति महिना १ हजारका दरले हुने रकम सम्बन्धित विद्यार्थीको बैङ्क खातामा उपलब्ध गराउने,<br><br>**आन्तरिक अनुगमन सहजीकरण :** सम्बन्धित विद्यालयका प्रशिक्षकबाट अनुगमन गर्ने व्यवस्था मिलाउने । सहजीकरण बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्ने। अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने,<br><br>**वाह्य अनुगमन मूल्याङ्कन :** व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचाअनुसार वर्षमा एकपटक गर्ने। यसका लागि अनुगमन मूल्याङ्कन निर्देशिकामा उल्लेख भएको आधार लिई जिल्लाभित्रकै रोस्टर प्रशिक्षकलाई परीक्षा बोर्डले तोक्ने छ। जिल्लाभित्र प्रशिक्षक नपाइएमा नजिकको जिल्लाबाट पठाइने छ। अनुगमनमा खटिने प्रशिक्षकलाई तृतिय श्रेणीको माध्यमिक शिक्षकले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता विद्यालयले प्राप्त रकमबाट उपलब्ध गराउने।<br><br>**द्रष्टव्य**: उल्लिखित क्षेत्रमा खर्च गरी रकम बचत भएमा विद्यालयले कार्ययोजना बनाई विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार ल्याबको सुदृढीकरण, ल्यावमा प्रयोग हुने दैनिक सामग्रीको प्रबन्ध, पाठ्यपुस्तक विकास नभएका विषयहरूको हकमा विकास भएका पाठ्यसामग्री खरिद गरी पुस्तकालयमा व्यवस्था गर्ने र उक्त सामग्रीलाई विद्यार्थीले घरमा लगी अध्ययन गर्न चाहेमा विद्यालयले आलोपालो गरी लैजाने प्रबन्ध मिलाउने। यसका अतिरिक्त पढ्दै कमाउँदै कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम कार्यक्रम कार्यान्वयनमा रहेको भए सो क्षेत्रमा समेत खर्च गर्ने।<br><br>६. **राष्ट्रिय प्राविधिक सेवामा खटिएका जनशक्तिको निर्वाह खर्च :**<br>क) गत शैक्षिक सत्रबाट लागत साझेदारीमा दक्ष प्राविधिक जनशक्ति विकास कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८० अनुसार छनोट भई माध्यमिक तहमा प्राविधिक धार सञ्चालित विद्यालय/शिक्षालयमा कार्यरत रहेका जनशक्तिहरूका लागि माध्यमिक तह तृतीय श्रेणीको सुरू तलब स्केल अनुसारको कात्तिक महिनासम्मको ४ महिना बराबरको निर्वाह खर्चका लागि अन्य शिक्षकको तलब भत्ता सँगै छुट्टै सिटमा हिसाब गरी स्थानीय तहमा रकम माग गर्ने। स्थानीय तहले कागजात रूजु गरी विद्यालयलाई निकासा उपलब्ध गराउने।<br><br>**द्रष्टव्य: शिक्षण सिकाइ सामग्री, डिजिटल सिकाइ सामग्री तथा बुक कर्नर व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदानबाट सिकाइ सामग्री व्यवस्थापन गर्दा विद्यालयमा अध्ययनरत अपाङ्गता भएका बालबालिकालाई प्राथमिकतामा राखी व्यवस्था गर्नुपर्ने।** | | |

**२.३.३ क्रियाकलाप न. २.४.६.२ सार्वजनिक विद्यालयका  विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत)**

| उपक्रियाकलाप  र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१. प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान** :<br><br>**स्थानीय तह :**<br><br>क) विद्यालयले माग गरेको पाठ्यपुस्तक वापतको रकमलाई IEMIS मा प्रविष्ट तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्ययपुस्तकको सङ्ख्या यकिन गर्ने,<br><br>ख) यकिन भएका विद्यार्थी सङ्ख्याका लागि स्वीकृत कक्षागत दररेटका आधारमा(कक्षा ९-१०को ऐच्छिक विषय समेतको) हिसाब गरी अनुदान उपलब्ध गराउने (स्वीकृत दररेटको सूची पाठ्यक्रम विकास केन्द्रको वेबसाइटबाट प्राप्त गर्न सकिने छ),<br><br>ग) पाठ्यपुस्तक वापतको अनुदान उपलब्ध गराउँदा अनुमति प्राप्त परम्परागत विद्यालयका रूपमा सञ्चालित मदरसा, गुम्बा एवम् गुरूकुलमा अध्ययनरत विद्यार्थीका लागिसमेत विद्यालयले भरेको शैक्षिक तथ्याङ्कका आधारमा उपलब्ध गराउने,<br><br>घ) प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीका हकमा अनिवार्य विषयका लागि अन्य विद्यार्थी सरह निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने । पाठ्यपुस्तक विकास नभएका विषयको हकमा पाठ्यसामग्री पुस्तकालयमा व्यवस्था गर्ने ।  यस सम्बन्धमा प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई  प्रति विद्यार्थी लागत अनुदान उपक्रियाकलापमा उल्लिखित प्रक्रिया बमोजिम गर्ने,<br><br>ङ) विद्यालयलाई पाठ्यपुस्तक व्यवस्थापन गर्नका लागि कक्षा ११-१२ का लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि शैक्षिक सत्र सुरू हुनुभन्दा ३ महिना अगावै विद्यालयको खातामा अनुदान दिने । यसरी अनुदान दिँदा पहिलो पटकमा चालु शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई  हिसाब गरी अनुदान दिने । शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था गर्ने । सुरूको ७५% निकासा रकम बचत हुन आएमा विद्यालयमा निकासा हुने अन्य शीर्षकको रकमबाट कटाई  स्थानीय तहले हिसाब मिलान  गर्ने , | **मुख्य जिम्मेवार**<br><br>स्थानीय तह<br><br>विद्यालय<br><br>**सहजीकरण/समन्वय**<br><br>शिक्षा विकास तथा समन्वय इकाइ | निःशुल्क पाठ्यपुस्तक प्राप्त गर्ने विद्यार्थी सङ्ख्या. पुस्तकालय अनुदान प्राप्त गर्ने माध्यमिक (कक्षा ११-१२) विद्यालय सङ्ख्या,अनुगमन प्रतिदेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| च) कक्षा ११ र १२ का अनिवार्य विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट तोकिएको मूल्य अनुसारको रकम हिसाब गरी विद्यालयमा निकासा दिने। ऐच्छिक विषयका पाठ्यपुस्तकहरूको हकमा प्रतिविद्यार्थी लागत अनुदान शीर्षक आवश्यक सेट खरिद गर्न लगाई विद्यालयको पुस्तकालयमा राखी विद्यार्थीलाई आलोपालो अध्ययन गर्ने व्यवस्था मिलाउने,<br>छ) विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ बमोजिम स्थानीय तह/विद्यालयबाट विकास भई स्वीकृत भएको पाठ्यक्रममा आधारित स्थानीय विषय/मातृभाषाको समेत पाठ्यपुस्तक/पाठ्यसामग्री स्वीकृत गरी स्थानीय तहले प्रत्येक विद्यार्थीलाई मुद्रित प्रति उपलब्ध गराउने गरी रकम वा पाठ्यसामग्री विद्यालयलाई उपलब्ध गराउने। तोकिएको कक्षाका विषयगत मूल्य सूचीमा ४ वा ५ पाठ्यघण्टा निर्धारित विषयका लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत मूल्य सूचीमध्ये न्यूनतम मूल्य तोकेको विषयको मूल्यभन्दा बढी खर्च सङ्घीय अनुदानबाट नगर्ने। यसमा रकम नपुग भएमा स्थानीय तहले साझेदारी गर्न सक्ने। स्थानीय विषय/मातृभाषाका लागि अनुदान दिँदा दोस्रो भाषा वा अन्य विषयका पाठ्यपुस्तक वा पाठ्यसामग्रीका लागि रकम अनुदान दिने वा खर्च लेख्ने काम नगर्ने नगराउने,<br>ज) स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट विद्यार्थीले शैक्षिक सत्रको सुरूआत मै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने,<br>झ) स्थानीय तहले शैक्षिक सत्रको सुरूमै पाठ्यपुस्तकको उपलब्धता र वितरणको सम्बन्धमा बिक्रेता र विद्यालयबिच समन्वय गर्ने । सोको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पाठ्यक्रम तथा सामग्री शाखामा जेठको पहिलो हप्ताभित्र अनिवार्य रूपमा पठाउने,<br>ञ) पाठ्यपुस्तक व्यवस्थापनसम्बन्धी कार्य "पाठ्यक्रम तथा पाठ्यसामग्री विकास तथा वितरण निर्देशिका, २०७९" बमोजिम गर्ने गराउने,<br>ट) जिल्ला तथा स्थानीय तहले पाठ्यपुस्तक समयमा उपलब्ध भए नभएको, अनुदानबाट नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउने।<br>**विद्यालयस्तर**<br>क) सामुदायिक विद्यालयले चालु शैक्षिक सत्रको IEMIS बाट प्राप्त विद्यार्थी सङ्ख्याको आधारमा कक्षा १-१२ का विद्यार्थीलाई पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत कक्षागत दरका आधारमा आवश्यक पर्ने अनुमानित सङ्ख्यामा ७५% अनुदान हिसाब गरी शैक्षिक सत्र सुरू हुनुभन्दा तीन महिना अगावै तोकिएको विवरणसहित स्थानीय तहमा माग गर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ख) विद्यालयले आवश्यक नयाँ पाठ्यपुस्तकको कक्षागत र विषयगत यकिन विवरण स्थानीय तहमा समयमा नै उपलब्ध गराउने,<br>ग) स्थानीय तहबाट प्राप्त अनुदान रकमबाट शैक्षिक सत्रको सुरूमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्नासँगै पाठ्यपुस्तक उपलब्ध गराउने,<br>घ) विद्यालयले कक्षा ९ र १० का विद्यार्थीका लागि हरेक कक्षामा ऐच्छिक विषयसमेत सेटमा नै नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्ने एवम् कक्षा ११ र १२ का ऐच्छिक विषयका पाठ्यपुस्तकहरू विद्यालयको पुस्तकालयमा व्यवस्था गरी विद्यार्थीलाई अध्ययन गर्ने व्यवस्था मिलाउने,<br>ङ) विद्यार्थीले पाठ्यपुस्तक बुझेको भरपाई विद्यालयले स्थानीय तहमा पेस गर्ने,<br>च) निःशुल्क पाठ्यपुस्तकअन्तर्गत अनुदान प्राप्त रकमबाट स्थानीय विषय/मातृमाषा बाहेकका पाठ्यपुस्तकको हकमा पाठ्यक्रम विकास केन्द्रबाट प्रकाशित पुस्तक मात्र खरिद गर्ने,<br>**२.** स्थानीय तहले आर्थिक वर्षभित्र कक्षा १-१२ मा नि:शुल्क पाठ्यपुस्तकका लागि विद्यालयलाई निकासा दिइएको विद्यार्थी सङ्ख्या तथा अनुदानको एकीकृत अभिलेख तयार गरी प्रमाणित गर्ने र अभिलेखीकरण गर्ने,<br>**३.** निःशुल्क पाठ्यपुस्तकका लागि अनुदानबाट विद्यालयले पूराना पाठ्यपुस्तक प्रयोग गरी अनुदान रकम अन्य शीर्षकमा खर्च नगर्ने। साथै स्वीकृत बाहेकका अन्य पाठ्यसामग्री तथा अनुमति प्राप्त नगरेको संस्थाबाट छपाइ भएको पाठ्यपुस्तक खरिद नगर्ने।<br>**द्रष्टव्य**: विशेष विद्यालय, एकीकृत विद्यालय, स्रोत कक्षा वा अन्य साधारण विद्यालयमा अध्ययनरत दृष्टिविहीन अपाङ्गता भएका विद्यार्थीका लागि कक्षा १ देखि १२ सम्मका ब्रेल पाठ्यपुस्तक जनक शिक्षा सामग्री केन्द्र मार्फत छपाइ र वितरण हुने भएकाले सोही बमोजिम समन्वय,सहजीकरण र अनुगमन गरी केन्द्रमा जानकारी दिने। | | |

**२.३.४ क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय)**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीको लागि छात्रवृत्ति वितरण गर्दा निम्न अनुसार गर्नेः<br>क) स्थानीय तहले IEMIS को आधारमा छात्रवृत्तिको लागि आवश्यक पर्ने रकम माग गर्न लगाउने,<br>ख) स्थानीय तहले विद्यालयबाट प्राप्त विवरणलाई रूजु गरी स्वीकृत रकम विद्यालयमा निकासा उपलब्ध गराउने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय | छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या, निर्णय कार्यविधि, छात्रवृत्ति वितरणको भरपाइ, छात्रवृत्ति |

<table>
<tr><th>उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया</th><th>जिम्मेवारी</th><th>प्रगति सूचक</th></tr>
<tr><td>
ग) छात्रवृत्तिको रकम उपलब्ध गराउँदा आवासमा बस्ने विद्यार्थीलाई प्राथमिकता दिई त्रैमासिक रूपमा उपलब्ध गराउने,<br><br>
घ) विद्यालयले त्रैमासिक रूपमा उपलब्ध गराउने छात्रवृत्तिबाहेक अन्य छात्रवृत्ति शैक्षिक सत्र सुरू भएको दुई महिनाभित्र विद्यार्थीलाई वितरण गरिसक्नुपर्ने,<br><br>
ङ) विद्यालय शिक्षा क्षेत्र कार्यक्रम अन्तर्गत विद्यालय तहमा अध्ययनरत विद्यार्थीका लागि मात्र छात्रवृत्ति उपलब्ध हुने भएकाले उच्च शिक्षातर्फ मुक्त कम्लहरी, द्वन्द्व पीडित, सहिदका छोराछोरी र अपाङ्गता भएका विद्यार्थीलगायतको छात्रवृत्तिका रकम यस क्रियालापबाट रकम उपलब्ध नगराउने,<br><br>
च) स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्ने ।<br><br>
२. आवासीय छात्रवृत्ति (कक्षा १-१२)<br><br>
<table>
<tr><th>छात्रवृत्ति</th><th>दर</th></tr>
<tr><td>मुक्त कम्लहरी छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>फिडर छात्रावासमा अध्यनरत छात्रालाई छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>सार्वजनिक निजी साझेदारीमा सञ्चालित नमुना विद्यालयमा स्वीकृत कोटामा अध्यनररत छात्रछात्रालाई छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>हिमाली आवासीय छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>विद्यालयमा अध्ययनरत अति सीमान्तकृत समुदायका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>सडक बालबालिका तथा बालश्रमिकको आवासीय शैक्षिक प्रबन्धका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
<tr><td>HIV प्रभावित बालबालिका तथा बादी समुदायका विद्यार्थीका लागि छात्रवृत्ति</td><td>प्रति विद्यार्थी वार्षिक रु. ५० हजार</td></tr>
</table>
३. सबै प्रकारका आवासीय छात्रवृत्तिका लागि विद्यालय छात्रावास व्यवस्थापन निर्देशिका, २०७१ तथा विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ अनुसार हुने गरी छात्रावासमा बसी अध्ययन गर्ने विद्यार्थीको बसाइलाई व्यवस्थित गर्न रकम खर्च गर्ने,<br>
४. आवासमा बसी अध्ययन गर्ने विद्यार्थीका लागि प्रति विद्यार्थी प्रति महिना ५ हजारको दरले हिसाब गरी दश महिनाको रू. ५०,००० (पचास हजार) सम्मको रकम अनुदान दिने,
</td><td>
विद्यालय व्यवस्थापन समिति<br><br>
<u>सहजीकरण/समन्वय</u><br><br>
शिक्षा विकास तथा समन्वय इकाइ
</td><td>
प्राप्त गर्ने विद्यार्थीको नाम<br>
नामेसीसहितको विवरण
</td></tr>
</table>

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ५. आवासीय विद्यालयको छात्रावास व्यवस्थापन खर्च क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन शीर्षकमा विनियोजन भए बमोजिम गर्नुपर्ने छ ।<br>६. **अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति वितरणका आधारः**<br>क) अपाङ्गता भएका बालबालिकाको अध्ययन अवसरमा अभिवृद्धि र सिकाइमा गुणस्तर कायम गर्नका लागि आवासीय शैक्षिक सेवा, सहयोगी सहायता सेवा, यातायात सेवा र शैक्षिक सामग्री एवम् प्रोत्साहन गरी चार प्रकारको छात्रवृत्तिको व्यवस्था गरिएको छ । विद्यालयमा रहेका अपाङ्गता भएका विद्यार्थीलाई अपाङ्गताको अवस्थाअनुसार पहुँचका आधारमा छात्रवृत्तिको प्रकार निर्धारण गरी विद्यालयगत छात्रवृत्तिको व्यवस्था मिलाई विद्यार्थीले पाउने गरी विद्यालयमा अनुदानको व्यवस्था गर्ने,<br>ख) विगतदेखि स्रोत कक्षा सञ्चालनमा रहेका विद्यालयमा प्राप्त रकम उपयोग गरी विद्यालयबाटै आवास सञ्चालन भएको भए विद्यालयले साविकबमोजिम आवासीय शैक्षिक सुविधा व्यवस्थापन खर्चमा प्रयोग गर्ने र अभिभावकबाट समुदायमा आवास सञ्चालन गरेको भए अभिभावकको रोहवरमा विद्यार्थीलाई बुझाउने,<br>ग) कुनै संस्थासँग सम्झौता भई आवास व्यवस्थापन गरेको भए उक्त संस्था र आवास व्यवस्थापन नभएको अवस्थामा विद्यार्थी डेरा लिई बसेको भएमा सम्बन्धित वडा कार्यालयको सिफारिसलाई आधार मानी सम्बन्धित विद्यार्थीलाई विद्यालयमार्फत तोकिएको रकम दिने,<br>घ) स्रोत कक्षामा आवासीय रूपमा नबस्ने वा स्रोत कक्षा नभएको विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति रकम सम्बन्धित अभिभावकको रोहवरमा विद्यालयले वितरण गर्ने,<br>ङ) छात्रवृत्तिको प्रकार, विभाजनको आधार, विद्यार्थीले पाउने छात्रवृत्ति रकम र त्यसको व्यवस्थापन विधि देहायबमोजिम छः<br><br>**<u>आवासीय छात्रवृत्ति</u>**: स्थानीय तहले भौगोलिक अवस्था, विद्यालय र घरको दुरी, अपाङ्गताको गम्भीरता र समुदायमा अनुकूल विद्यालय/सिकाइ केन्द्र नभएको कारणले घरबाट दैनिक रूपमा विद्यालयमा आउन जान नसक्ने एवम् विद्यालयले व्यवस्था गरेको आवास तथा सङ्घ संस्था वा अभिभावकले सञ्चालन गरेको होस्टेलमा बस्ने वा डेरामा बसेको भनी सम्बन्धित वडा कार्यालयबाट प्रमाणित भई आएका आवासीय छात्रवृत्ति पाउन छनोट भएका बालबालिकाको सङ्ख्याको आधारमा प्रति विद्यार्थी प्रति महिना रू. ५,०००।- का दरले १० महिनाका लागि जम्मा रू. ५०,०००।– रकम विद्यालयलाई अनुदान दिने । विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट उल्लेख भएका लक्षित छात्र छात्राहरूका लागि खाना तथा खाजा, आवास व्यवस्थापनलगायतका कार्यमा खर्च गर्ने । सोमध्ये व्यक्तिगत सरसफाइका लागि आवश्यक पर्ने सामग्री (जस्तैः साबुन, काइँयो, दन्त मञ्जन, बुरूस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रूमाल आदि) खरिद गर्न प्रति विद्यार्थी मासिक रू. ५००/- का दरले १० महिनाको जम्मा रू. ५,०००।- सम्बन्धित छात्र छात्रालाई भरपाई गराई नगद नै अनिवार्य रूपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने । पूर्ण श्रवणदृष्टिविहीनता भई चौबिसै घण्टा अभिभावक वा | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| संरक्षकको सहयोग चाहिने "क" श्रेणीका गैरआवासीय बालबालिका र बहुअपाङ्गता भएका निरन्तर अभिभावकको आवश्यकता पर्ने बालबालिकालाई समेत यो छात्रवृत्ति प्रदान गर्ने ।<br><br>**पुनश्च**: कुनै सङ्घ/ संस्था/ तह/ व्यक्तिले सम्झौता गरी अपाङ्गता भएका बालबालिकाका लागि आवास व्यवस्थापन गर्न रकम उपलब्ध गराएको भएमा सोही प्रयोजनका लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति उपलब्ध गराउने ।<br><br>**सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय)**: घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तर रूपमा अरूको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएका विद्यार्थीलाई प्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले १० महिनाका लागि रू.५,०००।-<br><br>**यातायात सेवा छात्रवृत्ति (गैर आवासीय)**: घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाका लागि रू.३,०००।-<br><br>**शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय):** घरबाट विद्यालयसम्म साथीसँग वा आफैं आउन जान सक्ने अवस्थाको अपाङ्गता भएका विद्यार्थीलाई प्रति विद्यार्थी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।-<br><br>क) कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने छ । छात्रवृत्ति वितरण गर्दा अपाङ्गता परिचय पत्र अनिवार्य रूपमा पेस भएको हुनुपर्ने छ । अपाङ्गता भएका विद्यार्थी पहिचान गरी छात्रवृत्ति निर्धारण गर्न र अपाङ्गता भएका बालबालिकाको शैक्षिक सहुलियत तथा सुविधाको उपलब्धताको सुनिश्चितता र प्रभावकारिताको विषयमा अनुगमन र निरीक्षण गर्नका लागि स्थानीय तहको आफ्नो अन्य कुनै संयन्त्र नभए शिक्षा हेर्ने प्रमुखको संयोजकत्वमा अपाङ्गता क्षेत्रमा काम गर्ने सङ्घ संस्थाका प्रतिनिधि, स्थानीय तहको स्वास्थ्य शाखाको प्रतिनिधि, स्रोत शिक्षक र सम्बन्धित क्षेत्रका विज्ञ प्रतिनिधिहरू र जिल्लाको लेखाजोखा केन्द्रको संयोजकसमेतको सहभागिता रहने गरी प्रत्येक स्थानीय तहमा विद्यार्थी लेखाजोखा प्राविधिक समिति गठन गर्ने,<br>ख) अपाङ्गता भएका बालबालिकाको सामाजिक समावेशीकरणमा समेत मदत पुग्ने गरी बालबालिकालाई दैनिक रूपमा घरबाट आवतजावत गर्न प्रोत्साहित गर्ने र सोका लागि साधन (साइकल, ट्राइसाइकल, रिक्सा, ह्विलचियर वा अन्य आवश्यक सहायता सामग्री) खरिदमा आवश्यक परे निजले सो आर्थिक वर्षभरिमा पाउन सक्ने गैरआवासीय छात्रवृत्ति रकमबाट एकमुष्ट रकम अग्रिम उपलब्ध गराउने व्यवस्था मिलाउन सकिने,<br>ग) अपाङ्गता भएका बालबालिकाका लागि सञ्चालनमा रहेका स्रोत कक्षामा विद्यार्थी घटेर विद्यालयको वातावरण स्रोत कक्षा सञ्चालनका लागि उपयुक्त नभएमा वा सम्बन्धित विद्यालय र समुदायबाट अवरोध भइरहेमा वा विद्यार्थी नभएको कारण बन्द हुने अवस्थामा रहेमा स्थानीय तहले विद्यार्थी लेखाजोखा प्राविधिक समितिको सिफारिसमा आफ्नो स्थानीय तहभित्र सोही प्रकृतिको अपाङ्गता भएको स्रोत कक्षामा गाभ्न, स्थानान्तरण गर्न, बन्द गर्न वा अर्को प्रकारको अपाङ्गता भएको स्रोत कक्षामा परिवर्तन गर्न | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| सकिने छ तर एक स्थानीय तहबाट अर्को स्थानीय तहमा गाभ्न, सार्न वा परिवर्तन गर्नुपर्ने भएमा दुबै स्थानीय तहको सहमतिमा शिक्षा विकास तथा समन्वय इकाइले गर्नसक्ने छ। यसको जानकारी इकाइले केन्द्रको समावेशी शिक्षा शाखालाई अविलम्व गराउनुपर्ने छ। यसरी स्रोत कक्षा स्थानान्तरण भएको अवस्थामा उक्त स्रोत कक्षामा प्रयोग भएका साधन स्रोत जस्तै टेवल, कुर्सी, खाट, भाँडा वर्तन आदि र जनशक्ति जस्तैः आया, स्रोत शिक्षक आदि साथै स्रोत कक्षा व्यवस्थापकीय खर्च र छात्रवृत्ति नयाँ कायम भएको स्रोत कक्षामा हस्तान्तरण गर्नुपर्ने छ,<br>घ) हाल सञ्चालनमा रहेका स्रोत कक्षाहरूमध्ये विद्यार्थी सङ्ख्या ५ जनाभन्दा कम भएका स्रोत कक्षामा तोकिएको बजेट निकासा नगरी त्यस्ता स्रोत कक्षालाई अपाङ्गताको क्षेत्र मिल्ने अर्को विद्यालयको सम्बन्धित अपाङ्गता क्षेत्रको स्रोत कक्षामा गाभ्ने। सोको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समावेशी शिक्षा शाखामा पठाउने। तर उस्तै प्रकारको अपाङ्गताको स्रोत कक्षा नभएको अवस्थामा र विद्यार्थी सङ्ख्या ५ जनाभन्दा कम भए तापनि विद्यार्थीको अध्ययनको वैकल्पिक व्यवस्था नभएसम्म अनुदानको निरन्तरता दिने,<br>७. **सडक बालबालिका तथा बालश्रमिकका लागि आवासीय शैक्षिक प्रबन्ध**: यस उपक्रियाकलापमा बजेट विनियोजन रहेका महानगरपालिकाले विद्यालय उमेर समूहका विद्यालय बाहिर रहेका सडक बालबालिका तथा बालश्रमिक पहिचान गरी उनीहरूको पढाइ सुनिश्चितताका लागि शिक्षा क्षेत्रमा क्रियाशील सङ्घसंस्थासँग सहकार्य गरी आवासको प्रबन्ध मिलाउन नजिकको विद्यालयसँग सहकार्य गर्न गत आर्थिक वर्षबाट सञ्चालनमा रहेका विद्यालयलाई निरन्तरता दिने,<br>८. **HIV प्रभावित बालबालिका तथा बादी समुदायका विद्यार्थीका लागि आवासीय प्रबन्ध** बापतको छात्रवृत्तिको रकम निकासा भएको स्थानीय तहले आफ्नो स्थानीय तह वा सोभन्दा बाहिर स्थानीय तह वा जिल्लाका विद्यार्थी त्यस स्थानीय तहअन्तर्गतका विद्यालयमा अध्ययनरत रहेको अवस्थामा त्यस्ता प्रकृतिका विद्यार्थी विद्यालयमा अध्ययनरत रहेको सुनिश्चितता हुने गरी देहाय बमोजिमका आधार प्रमाण राखेर छात्रवृत्ति वापतको रकम निकासा गर्ने,<br>क) सम्बन्धित विद्यार्थीको जन्मदर्ता, विद्यालयमा अध्ययनरत रहेको व्यहोरा खुल्ने सम्बन्धित विद्यालयको पत्र, अभिभावकको स्थायी र अस्थायी ठेगानासहितको विवरण, HIV सङ्क्रमित पुष्टि भएको अस्पताल/चिकित्सकको प्रमाणित विवरणसमेतको अभिलेख राख्ने,<br>ख) यस प्रकृतिका बालबालिकालाई आवासीय सुविधासमेत उपलब्ध गराउने गरी प्रत्यक्ष निगरानी समेत कार्य गर्ने, सङ्घ संस्थाहरूबाट आवश्यक विवरणसहित छात्रवृत्ति वापतको रकम माग भई आएमा स्वीकृत बजेटको परिधिभित्र रही छात्रवृत्ति वापतको रकम उपलब्ध गराउन सकिने,<br>ग) यस प्रकृतिका बालबालिकाको विवरणको गोपनियता कायम हुने गरी विवरण सङ्कलन गर्ने र गोप्य रूपमा राख्ने व्यवस्थाको सुनिश्चितता गर्नुपर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| घ) यस्ता प्रकृतिका विद्यार्थी अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्न चाहेमा अन्य आवासीय विद्यार्थी सरहको छात्रवृत्ति अनुदान उपलब्ध गराउने,<br>ङ) विद्यार्थीको गोपनियता कायम गरी बैङ्क खातामार्फत रकम उपलब्ध गराउने,<br>९. फिडर छात्रावासमा नयाँ विद्यार्थी भर्ना गर्दा कक्षा ११ र १२ मा भौतिक, रसायन र जीव विज्ञान विषय अध्ययन गर्ने विद्यार्थीलाई प्राथमिकता दिने । सो नभएको अवस्थामा फिडर छात्रावास रहेको विद्यालयमा प्राविधिक धारमा अध्ययनरत विद्यार्थीलाई पनि प्राथमिकताक्रममा राख्ने,<br>१०. फिडर छात्रावासमा छात्रवृति कोटामा विद्यार्थी छनोट गर्दा मौजुदा व्यवस्थामा उल्लेख भएका विषयका अतिरिक्त अभिभावक विहीन, अनाथ, बेसहारा बालिका तथा अति विपन्न छात्रालाई छनोट गरी छात्रावासमा बसी अध्ययन गर्ने व्यवस्था मिलाउने,<br><br>**द्रष्टव्य**: फिडर छात्रावासमा अध्यनरत छात्रालाई आवासीय छात्रवृत्ति, सार्वजनिक निजी साझेदारीमा सञ्चालित विद्यालयमा स्वीकृत कोटामा अध्ययनरत छात्रछात्रालाई छात्रवृत्ति, हिमाली आवासीय छात्रवृत्ति, विद्यालयमा अध्ययनरत अति सीमान्तकृत समुदायका विद्यार्थीका लागि आवासीय छात्रवृत्तिको अनुदान उपलब्ध गराउँदा स्वीकृत कोटा तथा विद्यालय सञ्चालनको स्थलगत निरीक्षण अनुगमन प्रतिवेदनका आधारमा यकिन गरी निकासा दिनुपर्ने छ ।<br><br>११. **गैरआवासीय छात्रवृत्ति :** IEMIS बाट प्राप्त तथ्याङ्कलाई सत्यापन गराई शिक्षा शाखा/ महाशाखाबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई तपसिलअनुसार छात्रवृत्ति रकम अनुदान दिने :<br>क) छात्रा छात्रवृत्ति कक्षा १-५ कर्णाली प्याकेजसमेत मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाको हकमा १-५ मा अध्ययनरत छात्राका लागि वार्षिक रू. १०००। (एक हजार) र अन्य जिल्लाको हकमा प्रति विद्यार्थी वार्षिक रू. ४००।- का दरले,<br>ख) दलित छात्रवृत्ति (कक्षा १-५) प्रति विद्यार्थी वार्षिक रू. ४०० ।- का दरले,<br>ग) आधारभूत तह (कक्षा १-५) मा अध्ययनरत लक्षित समूह विद्यार्थीका लागि छात्रवृत्ति प्रति विद्यार्थी वार्षिक रू. ५००।- का दरले,<br>घ) मुक्त कम्लहरीका लागि छात्रवृत्ति गैर आवासीय आधारभूत तह (कक्षा १-८) का लागि प्रति विद्यार्थी मासिक रू. १५०/- का दरले १० महिनाको वार्षिक रू १,५००/-,माध्यमिक तह (कक्षा ९-१०) का लागि प्रति विद्यार्थी मासिक रू. १८०/- का दरले १० महिनाको वार्षिक रू. १,८००/-,माध्यमिक तहको छात्रवृत्ति (कक्षा ११-१२) का लागि प्रति विद्यार्थी मासिक रू. ५००/- का दरले १० महिनाको रू. ५,०००/-<br>ङ) अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति (कक्षा १-१२) गैर आवासीय (अपाङ्गता भएका विद्यार्थीका लागि छात्रवृत्ति वितरणका आधारबमोजिम) वितरण गर्ने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १२. **गैरआवासीय छात्रवृत्ति वितरण गर्दा अपनाउनुपर्ने प्रक्रियाहरू**<br>क) विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम घरबाट आवतजावत गर्ने मुक्त कम्लहरीहरूलाई स्पष्ट पहिचान गरी छात्रवृत्ति प्रदान गर्ने,<br>ख) आवासीय छात्रवृत्तिमा उल्लेखित छात्रवृत्ति वितरणका आधारमा अपाङ्गता भएका बालबालिकालाई (आवासीयबाहेक) पहुँचका आधारमा विद्यार्थी वर्गीकरणको दररेटअनुसार यस शीर्षकबाट छात्रवृत्ति वितरण गर्ने,<br>ग) छात्रवृत्ति व्यवस्थापन गर्दा विद्यालयले यस शीर्षकमा उल्लेखित आवासीय एवम् गैर आवासीय छात्रवृत्ति प्राप्त गर्ने सङ्ख्या यकिन गरी तोकिएको दरअनुसारको शीर्षक खोली स्थानीय तहमा बजेट माग गर्ने,<br>घ) छात्रवृत्ति अनुदान प्राप्त विद्यालयको विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घसमेतको सहभागितामा विद्यालयमा उपलब्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरू तय गरी छात्रवृत्ति पाउने छात्रछात्राको नामावलीसहितको विवरण अद्यावधिक गर्ने। सो नामावली विद्यालयको सूचना पाटीमा अनिवार्य रूपमा टाँस्न लगाउने।<br>ङ) नेपाल सरकारद्वारा घोषित अति सीमान्तकृत, लोपोन्मुख जातजाति **तथा सीमान्तकृत समूह लगायत** मुसहर, चेपाङ, राउटे, डोम, दुसाद, बनकरिया, कुसुन्डा, हायु, किसान, कुसबाडिया, लेप्चा, मेचे, राजी, सुरेल, बरामु, बोटे, दनुवार, धानुक, झाँगड, लोहमी, माझी, सतार/सन्थाल, सियार, थामी, थुडाम, बादी एवम् मुक्त कमैया, वादी, हलिया, चरूवा तथा कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएका परिवारका छात्रछात्राका लागि आधारभूत तह (कक्षा १-५) मा अध्ययनरत विद्यार्थी सङ्ख्या यकिन गरी प्रति विद्यार्थी वार्षिक रू. ५००। का दरले विद्यालयमा अनुदान उपलब्ध गराउने। विद्यालयले अन्य छात्रवृत्तिमा दोहोरो नपर्ने गरी छात्रवृत्तिको रकम उपलब्ध गराउने र सोको जानकारी स्थानीय तहको शिक्षा शाखामा गराउने,<br>च) आवासीय छात्रवृत्ति आवासमा निरन्तर रहेर अध्ययनरत विद्यार्थीलाई आधार मानी खर्च गर्ने तथा गैर आवासीय छात्रवृत्ति (अपाङ्गता भएका बालबालिका बाहेकको हकमा) विद्यार्थीका लागि शैक्षिक सत्र सुरू भएको २ महिनाभित्र वितरण गरिसक्नुपर्ने व्यवस्था मिलाउने,<br>छ) छात्रवृत्तिको रकम दोहोरो पर्ने अवस्थामा भएमा विद्यार्थीको रोजाइमा कुनै एक छात्रवृत्ति मात्र प्रदान गर्ने। | | |

## २.३.५ क्रियाकलाप नं. २.७.१३.१० विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. **विद्यालय सञ्चालन तथा व्यवस्थापन:**<br>क) विद्यालयका लागि आवश्यक मसलन्द सामग्री व्यवस्थापनका लागि तपसिलमा उल्लेखित दरमा विद्यालयलाई अनुदान उपलब्ध गराउने। यस क्रियाकलापबाट विद्यालयले अनुदान प्राप्त गरेपश्चात तोकिएका कार्यका अतिरिक्त सबै विद्यालयले कालोपाटी तथा चकको सट्टा White Board/Green Board मा मार्कर प्रयोग गरी धुलोरहित शिक्षण सिकाइको प्रबन्ध गर्ने। यसका लागि रकम नपुग भएमा प्रतिविद्यार्थी लागत वापत प्राप्त हुने रकमसमेत प्रयोग गर्न सकिने छ।<br>• विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-५ प्रति विद्यालय वार्षिक रू. १५ हजार<br>• विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-८ प्रति विद्यालय वार्षिक रू. २० हजार<br>• विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० प्रति विद्यालय वार्षिक रू. २५ हजार<br>• विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ प्रति विद्यालय वार्षिक रू. ३० हजार<br>२. **आधारभूत तथा माध्यमिक विद्यालयलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदानः** आधारभूत विद्यालयका लागि प्रति विद्यालय वार्षिक रू १५ हजार र माध्यमिक विद्यालयको लागि प्रति विद्यालय वार्षिक रू २० हजारका दरले देहाय बमोजिम अनुदान दिने,<br>क) विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका,२०८० बमोजिमको प्रक्रिया अबलम्वन गरी विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरेको मिति IEMIS को विवरणमा प्रविष्ट गरेका विद्यालयलाई मात्र उपलब्ध गराउने,<br>ख) विद्यालयले यस क्रियाकलाप अन्तर्गत प्राप्त रकमबाट सरोकारवालाको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजना अनुसारको प्रगति त्रैमासिक रूपमा समीक्षा गर्ने,<br>ग) विद्यालय सुधार योजनामा विद्यालय विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना एवम् शिक्षण सिकाइ प्रक्रियालाई निरन्तरता दिनका लागि आपतकालीन योजना विषय समेत समावेश गरी योजना निर्माण/अद्यावधिक गर्नुपर्ने छ। यसै गरी विद्यार्थीको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने,<br>घ) कक्षा ९-१२ सञ्चालित माध्यमिक विद्यालयले विद्यालय भौतिक सुधार निर्माणसम्बन्धी मापदण्ड, २०८०अनुसार विद्यालय भौतिक सुधारको गुरूयोजनामा लैङ्गिक सवाल, जलवायु परिवर्तन, विद्यालय भौतिक निर्माण तथा विज्ञान विषय अध्यापन हुने विद्यालयले विद्यालयमा भौतिक विज्ञान, रसायन विज्ञान तथा जीव विज्ञानको छुट्टाछुटै प्रयोगशाला तथा सामग्री व्यवस्था गर्ने तथा विषयगत शिक्षक व्यवस्थापन गर्नेसहितको विद्यालय विकास योजना निर्माण गरी स्वीकृत गरी प्रकाशन गर्ने,<br>ङ) कक्षा ११ र १२ मा भौतिक, रसायन तथा जीव विज्ञान विषय अध्ययन गर्न चाहने इच्छुक विद्यार्थीका लागि अध्ययन अवसर वृद्धि गर्न र भौतिक, रसायन तथा जीव विज्ञान विषयको पठनपाठनलाई योजनाबद्ध रूपमा अगाडि बढाउनका लागि पहिलो | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या<br>विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र प्रयोगको अवस्था<br>निकासा पत्र, निर्माण तथा अद्यावधिक भएका विद्यालय सुधार योजना सङ्ख्या , विद्यालयको सामाजिक परीक्षण प्रतिवेदन.सञ्चालनमा रहेका MGML तथा वहुभाषिक विद्यालय सङ्ख्या, इन्टरनेट प्रयोग गर्ने विद्यालय सङ्ख्या |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| चरणमा पहिचान भएका विद्यालयले विद्यालय सुधार योजनाको पूरक योजनाको रूपमा विज्ञान विषय प्रबर्द्धनका लागि विद्यालय विकास योजना बनाई स्वीकृत गर्ने र स्वीकृत योजनाको एक प्रति शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउने व्यवस्था मिलाउने र विद्यालय तथा स्थानीय तहको वेबसाइटमार्फत प्रकाशन गर्ने ।<br>३. आधारभूत तथा माध्यमिक तह सञ्चालित विद्यालयलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी परिचय पत्र, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ट अनुदानः आधारभूत विद्यालयका लागि प्रति विद्यालय वार्षिक रू. १० हजार र माध्यमिक विद्यालयको लागि प्रति विद्यालय वार्षिक रू. १५ हजारका दरले देहाय बमोजिम अनुदान दिने,<br>क) प्रत्येक विद्यालयले विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८ अनुसार अनिवार्य रूपमा सामाजिक परीक्षण गर्ने व्यवस्था मिलाउने,<br>ख) सामाजिक परीक्षण गर्दा विद्यालयले IEMIS बाट विद्यालय रिपोर्ट कार्ड प्रिन्ट गरी सोको विवरण अभिभावकहरूलाई जानकारी गराउने । यसरी सामाजिक परीक्षण गरिएको मिति IEMIS मा अद्यावधिक गर्न लगाउने । सो कार्य नगर्ने विद्यालयलाई यस क्रियाकलाप वापतको रकम उपलब्ध नगराउने,<br>ग) विद्यालयमा IEMIS फोकल पर्सन तोकी विद्यालयको नियमित तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी दिइ निजलाई अतिरिक्त समयमा काम गरेबापतको सुविधा उपलब्ध गराउन सकिने,<br>घ) विद्यालयले हासिल गरेका मुख्य मुख्य सूचकसहितका उपलब्धिहरू बुलेटिनमार्फत सार्वजनिक गर्ने,<br>ङ) सामाजिक परीक्षणको प्रतिवेदन स्थानीय तहमा पेस गर्दा उक्त विद्यालय रिपोर्ट कार्डसमेत संलग्न राखी पेस गर्ने,<br>च) विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखपरीक्षण हुनु अगावै गराउने र सोको प्रतिवेदन स्थानीय तहमा पठाउने । स्थानीय तहले उच्च अङ्कले रकम निकासा हुने तथा आर्थिक हिसावले जोखिम हुन सक्ने/भएका विद्यालय पहिचान गरी विद्यालयको आन्तरिक लेखा परीक्षण गर्ने व्यवस्था गर्नसक्ने छ ।<br>४. **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान:** आधारभूत तह (कक्षा १-५ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१२ हजार, आधारभूत तह (कक्षा १-८ सम्म) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.१५ हजार, र माध्यमिक तह (कक्षा १-१० र १-१२) सञ्चालित विद्यालयमा प्रति विद्यालय वार्षिक रू.२० हजारका दरले देहाय बमोजिम अनुदान उपलब्ध गराउने,<br>क) सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्न सबै सामुदायिक विद्यालयमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने,<br>ख) विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ग) विद्यालयको इन्टरनेट क्षमता विस्तारका लागि स्थानीय तहले थप अनुदान उपलब्ध गराउन सक्ने छन् र इन्टरनेटको प्रयोग गरेका विद्यालयको विवरण IEMIS मा अनिवार्य अद्यावधिक गर्न लगाउने ।<br>५. **स्रोत कक्षा सञ्चालनका लागि अनुदान:** स्थानीय तहले प्रति स्रोत कक्षामा न्यूनतम ५ जना आवासमा बस्ने विद्यार्थी अध्ययनरत रहेका स्रोत कक्षालाई मात्र यस प्रकारको अनुदान उपलब्ध गराउने । स्रोत कक्षाको व्यवस्थापनका लागि सम्बन्धित स्रोत कक्षा रहेको विद्यालयमा अनुदान उपलब्ध गराउने । स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयले प्राप्त रकम व्यवस्थापन गर्दा तपसिलअनुसार खर्च गर्ने :<br>क) स्रोत शिक्षक वा घुम्ती शिक्षकले अपाङ्गता भएका बालबालिकाका लागि बिहान साँझसमेत अतिरिक्त सहयोग गरेवापत विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार थप सुविधा मासिक रू.५००।–का दरले वार्षिक रु. ६,०००।–<br>ख) स्रोत कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थीद्वारा निर्मित सामग्री प्रदर्शनी आदिका लागि प्रति स्रोतकक्षा वार्षिक रु. १०,०००।–<br>ग) आयाको पारिश्रमिकका लागि मासिक रू. १५,००० ।- का दरले १३ महिना (चाडपर्व खर्च सहित) र पोसाक खर्च रू १०,०००। सहित वार्षिक रु.२,०५,०००।- प्रदान गर्ने । नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकमा नपुग हुने रकम स्थानीय तहले थप गर्न सक्ने छन् ।<br>घ) स्रोतकक्षाका लागि व्यवस्थापन सामग्री अनुदान (लुगाफाटा, भाँडाकुडा, औषधी आदि) का लागि रु. १०,०००।–<br>ङ) अतिरिक्त क्रियाकलापका लागि सामग्री खरिद र पुरस्कार वितरण गर्न वार्षिक रु. ४०००।–<br>६. **आवासीय छात्रवृत्ति प्राप्त बालबालिकालाई आवास सञ्चालन अनुदान:** छात्रावास सञ्चालन खर्च न्यूनतम २० जना आवासीय विद्यार्थी भएका उल्लेखित प्रकृतिका छात्रावासमा सञ्चालन व्यवस्थापनका लागि स्रोत कक्षा सञ्चालनमा रहेका विशेष प्रकृतिका विद्यालय (अपाङ्गता भएका बालबालिकाका लागि) बाहेकका आवासीय छात्रवास सञ्चालनमा रहेका विद्यालयले २५ जना बराबरको १ समूह मानी प्रति समूह रू.२ लाख ५० हजार रकम हिसाब गरी विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराउने । छात्रावास व्यवस्थापन/ सञ्चालनका लागि विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान शीर्षकबाट एकमुष्ट अनुदान दिने । उक्त रकम देहायअनुसार विद्यालयले खर्च गर्ने :<br>क) प्रत्येक छात्राबासका लागि प्रति समूह प्रति महिना वार्डेनका लागि रू. ३,०००।–, भान्सेका लागि रु. ६,०००।– र पालेका लागि रु.३०००।– का दरले १२ महिनाको रकम उपलब्ध गराउने,<br>ख) विषय शिक्षक, प्रअ तथा वार्डेनको सहभागितामा विषयगत तालिका बनाई विद्यालय समय भन्दा अतिरिक्त समयमा अङ्ग्रेजी, गणित, विज्ञान विषयमा कोचिङ कक्षा सञ्चालन गर्न प्रति दिन प्रति विषय १ घण्टाका दरले हप्तामा कम्तीमा ४ दिन अध्यापन गर्ने गरी प्रति महिना प्रति शिक्षक रु. २,५००। का दरले ६ महिनाका लागि रु. ४५,०००।–, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ग) विद्यालय व्यवस्थापन समिति को निर्णयानुसार सञ्चालन हुने अतिरिक्त क्रियाकलापका लागि एकमुष्ट रूपमा रु. ५,०००।–,<br>घ) धारा पानी, बिजुली बत्ती, मर्मत सम्भार र प्राथमिक उपचार लगायतका खर्चका लागि एकमुष्ट रूपमा रु.१६,०००।–,<br>ङ) सम्बन्धित विद्यालयमा विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार सिकाइ सुधारमा टेवा पुर्‍याउने सन्दर्भ सामग्री, श्रव्यदृश्य सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका लगायतका सामग्रीसहितको पुस्तकालय सुदृढीकरणका लागि रु. १५,०००।–<br>च) छात्राहरूका लागि सिप तालिम सञ्चालन एवम् सामग्री खरिद गर्न एकमुष्ट रकम रु. २०,०००।–<br>छ) छात्रावास व्यवस्थापन समितिको बैठक खर्च (बढीमा वार्षिक ६ ओटा) रु. ५,०००।–<br>ज) नयाँ छनोट भई आएका विद्यार्थीका लागि पलङ, सिरक, डसनालगायतका बसाइ व्यवस्थापन गर्न एक पटकका लागि प्रति विद्यार्थी एकमुष्ट रु. ६ हजार विद्यालयलाई उपलब्ध गराउने ।<br>७. अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टिविहीनका लागि विद्यालय, बहिरा कक्षा सञ्चालित विद्यालय, अटिजम, श्रवणदृष्टिविहीनता, बहुअपाङ्गता सञ्चालित विद्यालय):<br>क) यस प्रकारको विद्यालय सञ्चालन भए नभएको यकिन गर्ने,<br>ख) विद्यालयबाट अनुदान माग गर्न लगाई उल्लिखित नर्म्सका आधारमा बजेट हिसाब गरी विद्यालयलाई अनुदान उपलब्ध गराउने,<br>ग) विद्यालयलाई प्राप्त हुने अनुदानबाट स्वीकृत तलबमानको परिधिभित्र रहेर शिक्षक तलब तथा अन्य विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णयबाट तोकिएको नर्मस्अनुसार दोहोरो नपर्ने गरी छात्रवृत्तिमा खर्च गर्न सकिने,<br>८. **विशेष शिक्षा परिषद् अन्तर्गत सञ्चालित विद्यालयका लागि शैक्षिक सामग्री तथा मसलन्द खर्च अनुदानः** यस प्रकृतिका विद्यालय सञ्चालनको अवस्था यकिन गरी **अनुसूची-२ मा उल्लेखित** अनुदान वितरणका आधारमा रकम उपलब्ध गराउने ।<br>९. **बहुकक्षा बहुस्तर विद्यालय र सिकाइ सामग्री व्यवस्थापन अनुदानः**<br>क) विगतदेखि नै बहुकक्षा बहुस्तर शिक्षण विधिबाट पठन पाठन गरी कार्यक्रम सञ्चालनको निरन्तरता पाएको सुनिश्चित गरी त्यस्ता विद्यालयलाई **प्रति विद्यालय वार्षिक रू १५ हजार** अनुदान उपलब्ध गराउने,<br>ख) आ.व. २०८२/८३ देखि बहुकक्षा बहुस्तर कार्यक्रम सञ्चालनका लागि छनोट भएका विद्यालयलाई विद्यालय सञ्चालन **वापत वार्षिक रु. ५० हजार र सामग्री व्यवस्थापन वापत वार्षिक रु. १५ हजार** अनुदान उपलब्ध गराउने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ग) कुनै विद्यालयलाई अन्य सङ्घ/संस्थाबाट अनुदान प्राप्त भएको भए दोहोरो नपर्ने गरी अनुदान उपलब्ध गराउने तर लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्न चाहेमा सोको अनुपात हेरी रकम निकासा गर्ने,<br>घ) विद्यालयले सो रकमबाट सिकाइका सामग्री मुख्यतः वर्कबुक (Work Book) को व्यवस्था गर्ने । यसका लागि फोटोकपी, लेमिनेसन आदि जस्ता व्यवस्थापन लगायत सिकाइ सामग्री निर्माण कार्यशालामासमेत खर्च गर्न सकिने गरी निर्देशन दिने ,<br>ङ) यस प्रकारको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालयलाई अनिवार्य रूपमा IEMIS मा अद्यावधिक गर्न लगाउने,<br>च) विद्यालयले कक्षाकोठामा मातृभाषालाई माध्यमका रूपमा प्रयोग गरी पठनपाठन गराउनका लागि बहुभाषिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६६ (संशोधनसहित) अनुसार विषय विज्ञको सहभागितामा थप सामग्री विकास गरी प्रयोगमा ल्याउने व्यवस्था मिलाउने । विस्तृत विवरणसहितको प्रतिवेदन केन्द्रमा पठाउने व्यवस्था मिलाउने,<br>***(द्रष्टव्य**: बहुकक्षा बहुस्तर (MGML) कार्यक्रम लागू भएका स्थानीय तहहरूको विवरण यस केन्द्रको वेबसाइटमा प्रकाशन गरिएको छ।)*<br>**१०. प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याब सामग्री सहयोग अनुदान**<br>क) साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयका लागि प्रयोगशालाको स्तरोन्नति गर्न **प्रति विद्यालय रू. २ लाख** रकम उपलब्ध गराउने,<br>ख) विद्यालयले नियमित रूपमा ल्याब सञ्चालन गर्न मर्मत, सम्भार एवम् सामग्रीको व्यवस्था गरी शिक्षक एवम् विद्यार्थीको प्रयोगको व्यवस्था मिलाउने । | | |

**२.३.६ क्रियाकलाप न. २.७.१३.११ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १. **परम्परागत विद्यालयलाई अनुदान**<br>क) परम्परागत विद्यालयलाई देहाय बमोजिमको रकम अनुदान दिने,<br>● कक्षा १-५ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु. ३ लाख<br>● कक्षा ६-८ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु. ५ लाख<br>● कक्षा ९-१० वा ९-१२ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु.१० लाख | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>विद्यालय व्यवस्थापन समिति | अनुदान प्राप्त गर्ने विद्यालय<br>भर्ना भएका विद्यार्थी सङ्ख्या |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| • कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई ८ लाख, कक्षा ६-१० वा कक्षा ६-१२ मात्र सञ्चालन भएका विद्यालयलाई १५ लाख र कक्षा १-१० वा कक्षा १-१२ सञ्चालन भएका विद्यालयलाई रु. १८ लाख अनुदान उपलब्ध गराउने तर कुनै एक तह मात्र सञ्चालन भएको छ भने सोही तहको मात्र अनुदान उपलब्ध गराउने,<br>ख) साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र हरेक वर्ष विद्यालयस्तरीय शैक्षिक तथ्याङ्क भरेका परम्परागत विद्यालय (गुरूकुल/आश्रम,गुम्बा/बिहार,मदरसा) को विवरण र विद्यार्थी सङ्ख्या यकिन गरी पाठ्यपुस्तक, छात्रवृत्ति, सेनिटरी प्याड एवम् दिवा खाजा वापतको रकम सम्बन्धित शीर्षकबाट अनुदान दिने,<br>ग) शिक्षक दरबन्दी वा राहत अनुदान कोटा प्राप्त गरेका परम्परागत विद्यालयलाई अन्य सामुदायिक विद्यालय सरह र शिक्षक दरबन्दी/कोटा प्राप्त नगरेका विद्यालयलाई परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम तहगत विद्यार्थी सङ्ख्याको आधारमा उल्लिखित तहगत एकमुष्ट अनुदान उपलब्ध गराउने,<br>घ) स्थानीय तहले अनुदान रकम कुन कुन विद्यालयलाई निकासा दिएको हो ? सोको विवरण र विद्यार्थी सङ्ख्यासमेत अनिवार्यरूपमा शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस केन्द्रको अनौपचारिक तथा वैकल्पिक शिक्षा शाखामा पठाउने,<br>ङ) अन्य व्यवस्थापकीय कार्य परम्परागत शिक्षण संस्था (सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०७९ बमोजिम गर्ने,<br>च) यस उपक्रियाकलाप अनुसार अनुदान प्राप्त गर्ने विद्यालयले विद्यालय व्यवस्थापन समितिले निर्णय गरेका आवश्यक क्षेत्रमा खर्च गर्ने ।<br>२. **घुम्ती विद्यालय सञ्चालनका लागि अनुदान:** अति दुर्गम क्षेत्र र विकट हिमाली क्षेत्र (मुस्ताङ र डोल्पा) मा सञ्चालित विद्यालयका बालबालिकाका लागि उनीहरूलाई पायक पर्ने स्थानमा निश्चित समयका लागि अध्ययन गर्ने व्यवस्था मिलाउन प्रति विद्यालय वार्षिक **एकमुष्ट रू. ३ लाख ५० हजार** रकम अनुदान दिने,<br>३. **अनौपचारिक विद्यालयका लागि अनुदान**<br>क) अनौपचारिक विद्यालयको स्थापना मिति, सञ्चालन मिति, सञ्चालित कक्षा, विद्यार्थी सङ्ख्या र सञ्चालनको अवस्थासहितको विवरण यकिन तथा प्रमाणित भएपछि मात्र सम्बन्धित विद्यालयको मागका आधारमा देहाय बमोजिमको एकमुष्ट रकम विद्यालयको खातामा अनुदान दिने । अनुदान रकम निकासा दिँदा आधारभूत तथा माध्यमिक तह सञ्चालन भई शिक्षा नियमावली बमोजिम तोकिएको विद्यार्थी सङ्ख्या पुगेमा तहगत अनुदान र आधारभूत वा माध्यमिक तह मात्र सञ्चालन भएको भए सोही तहको मात्र अनुदान रकम निकासा दिने,<br>• कक्षा १-५ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु. ३ लाख<br>• कक्षा ६-८ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु. ५ लाख | **सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | सञ्चालन भएका साक्षरता कक्षा, साक्षर भएको जनसङ्ख्या<br>अनुदान प्राप्त गर्ने सामुदायिक सिकाइ केन्द्र<br>साक्षर धोषणा भएका स्थानीय तह सङ्ख्या<br>कार्यक्रम प्रगति प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| • कक्षा ९-१० वा ९-१२ सञ्चालित विद्यालयका लागि एकमुष्ट : रु.१० लाख<br>• कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई ८ लाख, कक्षा ६-१० वा कक्षा ६-१२ मात्र सञ्चालन भएका विद्यालयलाई १५ लाख र कक्षा १-१० वा कक्षा १-१२ सञ्चालन भएका विद्यालयलाई रू १८ लाख अनुदान उपलब्ध गराउने तर कुनै एक तह मात्र संञ्चालन भएको छ भने सोही तहको मात्र अनुदान उपलब्ध गराउने,<br>ख) अनौपचारिक विद्यालयले अनुदान प्राप्त गर्नका लागि अनिवार्य रूपमा IEMIS भरेको हुनुपर्ने,<br>ग) विद्यालयले प्राप्त रकमबाट लघु पुस्तकालय, शैक्षिक सामग्री र व्यवस्थापकीय क्षेत्रमा खर्च गर्ने व्यवस्था मिलाउने । यस प्रकृतिका विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान उपलब्ध गराउने ।<br>४. **खुला विद्यालय (कक्षा ९-१०) सञ्चालन अनुदान**<br>क) स्थानीय तहले खुला विद्यालय (कक्षा ९-१०) को अनुगमन गरी स्वीकृत विद्यालयलाई (IEMIS मा विवरण अद्यावधिक गरेका) मागको आधारमा तोकिए अनुसार एकमुष्टरूपमा अनुदान दिने । विद्यालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा "दूर शिक्षा तथा खुला सिकाइ निर्देशिका, २०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वयन कार्यविधि, २०७३ अनुसार गर्ने । विद्यालयले प्राप्त रकमलाई कार्यक्रम सञ्चालनका लागि देहायअनुसार खर्च गर्ने:<br>• संयोजकका लागि मासिक रू. ७००।- का दरले १२ महिनाको जम्मा रू. ८,४००।–<br>• सहजकर्ताका लागि प्रति सेसन रू. ३००।- का दरले दैनिक ४ सेसन, ३५ दिनका लागि जम्मा रू. ४२,०००।–<br>• सहायक कर्मचारीका लागि मासिक रू. ८००।– का दरले १२ महिनाको रू. ९,६००।–<br>• विद्यालय सहयोगीका लागि मासिक रू.५००। का दरले १२ महिनाको रू.६०००।<br>• शैक्षिक सामग्रीका लागि मासिक रू ६००।– का दरले १२ महिनाको रू.७,२००।–<br>• सञ्चालन खर्च (पानी, बिजुली, सरसफाइ) का लागि मासिक रू ५०० का दरले वार्षिक रू. ६,०००।–<br>• इन्टरनेट/मिडियाको प्रयोगका लागि मासिक रू. १,५००।- का दरले ९ महिनाको रू. १३,५००।–<br>• गृहकार्य परीक्षणका लागि रू. ३,२००।–, प्रत्येक पटकका दरले ४ पटकको रू. १२,८००।–<br>• कापी प्रति विषय रू.८।- का दरले,<br>• परीक्षा सञ्चालन (मध्यावधि र बाह्य) रू. ६४००।– प्रति पटकका दरले २ पटकको रू. १२,८००।– (प्रश्नपत्र निर्माण रू.३००।–प्रति सेट, उ.पु. परीक्षण रू. ८।– प्रति कापी प्रति विषय)<br>• पुस्तकालय व्यवस्थापनका लागि एकमुष्ट रू. १०,०००।-<br>• स्थानीय तहबाट अनुगमनका लागि एकमुष्ट रू १०,०००।-<br>• उल्लिखित बाँडफाँडमा नघट्ने गरी विद्यालयले आवश्यक अन्य क्षेत्रमा खर्च गर्न सक्ने । | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| ५. **खुला विद्यालय (कक्षा ६-८) सञ्चालन अनुदान:** स्थानीय तहले सञ्चालनमा रहेका विद्यालय यकिन गरी अनुदान माग गर्न लगाउने। विद्यालयलाई तोकिए अनुसारको अनुदान उपलब्ध गराई विद्यालयले निम्नानुसार खर्च गर्ने,<br>क) **स्रोत शिक्षकका लागि पारिश्रमिक:** प्रति घण्टा रु.२००।- का दरले दैनिक २ घण्टा सम्पर्क कक्षाका लागि मासिक २४ दिनको दरले जम्मा रू.९,६००। विद्यालयले स्रोत कक्षा लिने शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउने,<br>ख) **प्रधानाध्यापकका लागि भत्ता:** मासिक रु. ५०० का दरले १२ महिना बराबर हुन आउने रकम रु. ६,०००।- विद्यालयको खातामा अनुदान दिने। विद्यालयले सम्बन्धित प्रधानाध्यापकलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने,<br>ग) **सहायक कर्मचारीका लागि पारिश्रमिक**: प्रति व्यक्ति मासिक रू. ३००।- का दरले १२ महिनाको रु. ३,६००।- पाउने गरी प्रति केन्द्र २ जनाका लागि हुन आउने एकमुष्ट रकम रु. ७,२००।- सम्बन्धित विद्यालयको खातामा निकासा दिने। विद्यालयले काम गर्न तोकिएका सहायक कर्मचारीलाई नियमानुसार मासिक रूपमा उपलब्ध गराउने,<br>घ) **विद्यार्थीका लागि सामग्री खर्च:** प्रति विद्यार्थी मासिक रु.५०।- ले २० जनाका लागि कापी, डटपेन, पेन्सिल कटर, स्केल, इरेजर, ज्यामिति बक्स आदि शैक्षिक सामग्रीको व्यवस्था गर्न रु. १,०००।- का दरले प्रति केन्द्र १० महिनाको जम्मा रु.१०,०००।-,<br>ङ) **विद्यालयका लागि मसलन्द खर्च:** कक्षा सञ्चालनका लागि मसलन्द प्रति महिना (चक, डस्टर, मार्कर, रजिष्टर, फोटोकपी आदि) रु.५००।- का दरले प्रति केन्द्र १० महिनाको रु.५,०००।-,<br>च) **शैक्षिक सामग्री व्यवस्थापन खर्च:** विभिन्न विषयगत सिकाइ क्रियाकलापका लागि आवश्यकपर्ने शैक्षिक सामग्री व्यवस्थापन गर्न प्रति विद्यालय प्रति महिना (सिकाइ सहयोगी सामग्री ग्लोब, चार्ट, नक्सा, मार्कर, फोटोकपी आदि) रू.५००।- का दरले प्रति केन्द्र १० महिनाको जम्मा रु. ५,०००।-,<br>छ) **विद्यालयका लागि पुस्तकालय**: स्थानीय तहले प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तक पहुँचको सुनिश्चितता गर्न पुस्तकालय व्यवस्थापनका लागि खुला विद्यालय तह एक र तह दुईमा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपुस्तक लगायत अन्य सन्दर्भ सामग्रीको व्यवस्था पुस्तकालयमार्फत गर्न प्रति केन्द्र प्रति तहका लागि एकमुष्ट रु. १०,०००।- का दरले दुई तहका लागि रु.२०,०००।- रकम उपलब्ध गराउने। यस रकमबाट विद्यालयले नियमानुसार पुस्तकालयको व्यवस्थापन गर्ने। विद्यार्थीले पुस्तकालयबाट पुस्तक लिई अध्ययन गर्ने र अध्ययनपश्चात पुस्तकालयमा फिर्ता गर्ने व्यवस्था मिलाउने। पुस्तकालयमा खरिद गरिएका पुस्तकको सूची स्थानीय तहको शिक्षा शाखामा उपलब्ध गराउने। | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ६. **सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान**<br>क) स्थानीय तहले नियमित रूपमा सञ्चालनमा रहेका र देहाय बमोजिम मापदण्ड पूरा गरेका सामुदायिक सिकाइ केन्द्रलाई **एकमुष्ट रू ३ लाख** अनुदान उपलब्ध गराउने :<br>• वार्षिक साधारण सभा भएको र साधारण सभाबाट आगामी वर्षको बजेट तथा कार्यक्रम स्वीकृति वा पारित गरेको,<br>• साधारण सभाको बैठकबाट गत आर्थिक वर्षको खर्चको विवरण स्वीकृत गरेको,<br>• लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको,<br>• शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रयोग गरी नियमितरूपमा प्रतिवेदन पेस गरेको,<br>ख) उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिको निर्णयानुसार परिचालकको प्रमाणित हाजिरी अभिलेख हेरी **मासिक रु. १०,०००।- का दरले** १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च बैङ्क मार्फत भुक्तानी गर्ने,<br>ग) उक्त अनुदान रकमबाट सामुदायिक सिकाइ केन्द्रले प्रशासनिक खर्चका लागि **वार्षिक रु. १० हजार** सम्म छुट्याउन सक्नेछ,<br>घ) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम पारिश्रमिकबमोजिम नपुग हुने रकम स्थानीय तहबाट थप हुन सक्नेछ,<br>ङ) पारिश्रमिक भुक्तानीपश्चात बाँकी अनुदानबाट सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ ले उल्लेख गरेबमोजिमका वार्षिक कार्यक्रम तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गरी कार्यान्वयन गर्नुपर्ने छ । सामुदायिक सिकाइ केन्द्रले पेस गरेको प्रस्तावनाका आधारमा स्थानीय तह तथा अन्य सङ्घ संस्थाहरूबाट थप बजेट उपलब्ध गराउन सकिने छ,<br>च) स्थानीय तहले प्रभावकारी रूपमा सञ्चालनमा नरहेका सामुदायिक सिकाइ केन्द्रहरूलाई सामुदायिक सिकाइ केन्द्रहरूको सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८ बमोजिम स्थानान्तरण गरी सञ्चालनमा ल्याउन सक्ने छन्,<br>छ) सामुदायिक सिकाइ केन्द्रहरूले गरेका नियमित कार्यहरूको प्रतिवेदन स्थानीय तहमार्फत शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौचारिक तथा बैकल्पिक शिक्षा शाखामा पठाउने व्यवस्था मिलाउने,<br>ज) सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०७८ बमोजिम काम नगरेका तथा विद्यालय वा अन्यत्र कार्यरत रहेका सामुदायिक सिकाइ केन्द्रका परिचालकलाई कुनै पनि प्रकारको अनुदान उपलब्ध नगराउने ।<br><br>**७. अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्ने विद्यालयबाहिर रहेका बालबालिका, सीमान्तकृत, अपाङ्गता लगायत समता सूचक (Equity Index) मा पछाडि परेका बालबालिकालाई लक्षित गरी विद्यालय शिक्षामा भर्ना तथा निरन्तरताका लागि शैक्षिक कार्यक्रमका लागि अनुदान:**<br>क) यस कार्यक्रमका लागि समता सूचक (Equity Index) का आधारमा स्थानीय तहले बालबालिका, सिमान्तकृत, अपाङ्गता भएका बालबालिकालाई विद्यालय शिक्षाको पहुँच सुनिश्चित गर्नका लागि विद्यालयबाहिर रहेका बालबालिकाको नामनामेशीसहितको प्रोफाइल तयार गरी स्थानीय तहले एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ख) IEMIS मा रहेको स्थानीय तहको Equity Index ड्यासबोर्डको विश्लेषण गरि कमजोर देखिएको सूचक लक्षित गरी विद्यालयमा भर्ना भएका आधारभूत तहका विद्यार्थीहरूको सिकाइ निरन्तरता र सिकाइ उपलब्धि अभिवृद्धि लगायतका रणनीतिहरू तय गरी कम्तीमा ५ प्रतिशत अङ्क Index बढाउने गरि कार्यक्रम कार्यान्वयन गर्ने,<br>ग) समता रणनीति कार्यान्वयन योजना (Equity Strategy Implementation Plan-ESIP) गाउँ/नगर शिक्षा योजनाको अभिन्न अङ्गका रूपमा निर्माण गरी स्वीकृत गर्ने,<br>घ) अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्ययोजना र समता रणनीति कार्यान्वयन योजना अनुरूप विद्यार्थी भर्ना सुनिश्चितता, सिकाइ निरन्तरता तथा सिकाइ उपलब्धि अभिवृद्धिसम्बन्धी कार्यक्रम तय गरी कार्यान्वयन गर्ने। यस कार्यक्रमका लागि स्थानीय तहलेसमेत बजेट थप गरी आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाको वि.सं. २०८४ चैत्र मसान्तभित्र आधारभूत शिक्षा सुनिश्चितता भएको घोषणा गर्ने। घोषणा भएका स्थानीय तहले बालबालिकाको सिकाइ निरन्तरता र सिकाइ उपलब्धि वृद्धिका लागि थप कार्यक्रम कार्यान्वयन गर्ने।<br>८. **लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा तथाआजीवन सिकाइ कार्यक्रम सञ्चालन**<br>क) केन्द्रको च नं ४२६ मिति २०८२।०३।०४ को पत्रमा उल्लेख भए अनुसार यस शीर्षकमा विनियोजित बजेटबाट साक्षर घोषणा हुन बाँकी रहेका स्थानीय तहले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विद्यार्थी, राजनैतिक दल, नागरिक समाज, विकास साझेदार संस्था लगायतको सहभागितामा कार्ययोजना निर्माण गरी साक्षरता कार्यक्रम सञ्चालन गरी साक्षर घोषणा गर्ने र सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइमार्फत यस केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा जानकारी गराउने,<br>ख) साक्षर घोषणा भएका स्थानीय **तहले रू. २ लाखबाट** समुदायको आवश्यकताको आधारमा विभिन्न सरोकारवालाहरूबिच समन्वय, सहकार्य र साझेदारीमा विद्यमान सामुदायिक संरचना (शिक्षा, स्वास्थ्य, कृषि, वन तथा वातावरणसम्बन्धी समुदायमा आधारित संस्था) समेतको समन्वयमा सामुदायिक सिकाइ केन्द्रमार्फत आफ्नो सेवा क्षेत्रभित्रको साक्षरताको तथ्याङ्क सङ्कलन गरी अनौपचारिक शिक्षातर्फको शैक्षिक तथ्याङ्कमा प्रविष्टि गर्ने, सिपमूलक तालिम, बैकल्पिक शैक्षिक कार्यक्रम, अनौपचारिक शिक्षा तथा खुला सिकाइ र आजीवन सिकाइका कार्यक्रम सञ्चालन गर्ने। स्वरोजगार एवम् सिपमूलक तालिमका लागि स्थानीय तहमा रहेका रोजगार संयोजक समेतसँग आवश्यक समन्वय गर्न सक्ने। | | |

## २.३.७ क्रियाकलाप न. २.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
| --- | --- | --- |
| १. **दिवा खाजा कार्यक्रम व्यवस्थापनः साविक कर्णाली अञ्चलका जिल्लामा प्रति विद्यार्थी रू २५ र अन्य जिल्लामा प्रति विद्यार्थी रू २० का दरले देहाय बमोजिम दिवा खाजा वापतको रकम व्यवस्थापन गर्ने ।**<br>क) सामुदायिक विद्यालयमा अध्ययनरत बालविकास कक्षादेखि कक्षा ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी वार्षिक स्वीकृत बजेटको परिधिभित्र रहि १८० दिनको लागि दिवा खाजा उपलब्ध गराउन आवश्यक पर्ने रकम स्थानीय तहमा माग गर्ने,<br>ख) दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयमा एकरूपता कायम हुने गरी उपलब्ध भएसम्म स्थानीय उत्पादनमा आधारित दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गरी सार्वजनिक गर्ने,<br>ग) खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्रारूप, २०८१ र दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधि, २०७६ (परिमार्जन सहित) मा उल्लिखित मापदण्डबमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालयबाहिरबाट क्याटरिङको व्यवस्था गरेर, एकीकृत भान्सा वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउने,<br>घ) स्थानीय तहभित्रका विद्यालयका प्रधानाध्यापकको बैठकमा स्वास्थ्य र कृषि शाखाका प्रमुखलाई समेत सहभागी गराई आपसी सहयोग, समन्वय एवम् सहकार्यका क्षेत्र पहिचान गरी कार्ययोजना बनाउने,<br>ङ) सङ्घीय सरकारबाट तोकिए बाहेकका अन्य कक्षाका विद्यार्थीका लागि स्थानीय तहले आफ्नै स्रोतबाट खाजा व्यवस्थापन गर्न सक्नेछ। यसरी स्थानीय तहबाट खाजा व्यवस्थापन भएको जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने,<br>च) गुणस्तरीय खाजाको व्यवस्थापनका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित रकम अपर्याप्त भएमा स्थानीय तहबाट थप स्रोतको व्यवस्थापन गर्न एवम् विद्यालयका अभिभावक/गैरसरकारी सङ्घ संस्थासँग वा अन्य निकायसँग लागत साझेदारी गर्न सकिने छ। लागत साझेदारी गर्दा स्थानीय तहले विकास गरेको कार्यविधि र साझेदारी भएको कार्यक्रमको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई गराउने,<br>छ) सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरण गर्दा प्रति विद्यार्थी वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही १८० दिनका लागि दिवा खाजा व्यवस्थापन गर्न सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि विनियोजित बजेट भएको निकासा गर्ने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>शिक्षा तथा मानवस्रोत विकास केन्द्र<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विश्व खाद्य कार्यक्रम | दिवा खाजा प्राप्त गर्ने विद्यार्थी सङ्ख्या/विद्यार्थीको हाजिरी /प्रगति प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ज) आर्थिक वर्षको सुरूमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा समावेश भई सत्यापन भएको विद्यार्थी सङ्ख्याको आधारमा कर्णाली प्रदेशका मुगु, डोल्पा, हुम्ला, जुम्ला र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २५।– का दरले तथा अन्य स्थानीय तहले प्रति विद्यार्थी दैनिक रू. २०।– का दरले विद्यार्थीलाई नियमितरूपले दिवा खाजा प्राप्त गर्ने वातावरणको सुनिश्चितता गर्न पहिलो त्रैमासिकको सुरूमा नै बजेट निकासा गर्ने ।<br>झ) स्थानीय तहले दोस्रो त्रैमासिकदेखि विद्यालयमा बजेट निकासा गर्दा विद्यालयमा विद्यार्थीको भौतिक उपस्थितिमा पूरा समय विद्यालय सञ्चालन भएको दिन (परीक्षामा सामेल भएको दिनसमेत) खाजा उपलब्ध गराइएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक हाजिरी विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकिन गरी दिवा खाजा कार्यक्रमलाई प्रतिकूल असर नपर्ने गरी समयमा नै थप अनुदान दिने व्यवस्था मिलाउने । यसरी प्रत्येक त्रैमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने,<br>ञ) विद्यालयले विद्यालय सञ्चालन भएका दिनमा तोकिएको मापदण्डमा रही उपलब्ध भएसम्म स्थानीय कृषि उत्पादनमा आधारित खाजा खुवाउने व्यवस्था मिलाउने,<br>ट) दिवा खाजाको रकम निकासा गर्दा सञ्चालनमा रहेका विशेष विद्यालय, एकीकृत विद्यालय र स्रोत कक्षामा अध्ययनरत विद्यार्थीका लागि समेत निकासा दिने,<br>ठ) विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्याका आधारमा बढी भीडभाड नहुने गरी विद्यालयले खाजा समय तोक्ने, खाजा खुवाउदा अपाङ्गता भएका बालबालिकाकालाई र तल्लो कक्षालाई प्राथमिकता दिई व्यवस्थापन गर्ने,<br>ड) दिवा खाजा व्यवस्थापन गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने । ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने । स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने र सोको प्रतिवेदन यस केन्द्रमा पेस गर्ने,<br>ढ) दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना **अनुसूची-४** मा राखिएको छ । अन्य व्यवस्थापकीय पक्षहरू सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण कार्यविधि, २०७६ (संशोधनसहित) , दिवा खाजा व्यवस्थापन सहयोगी कार्यविधि, २०७७ (संशोधनसहित) र स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१ का आधारमा गर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ण) चालु आर्थिक वर्ष २०८२/८३ का लागि दार्चुला, बझाङ्ग र बाजुरा जिल्लाका सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि आधारभूत तह सम्मका विद्यार्थीका लागि दिवा खाजाको व्यवस्था गर्न विश्व खाद्य कार्यक्रमबाट उपलब्ध गराइने वस्तुगत सहायता उपलब्ध हुने अवधिसम्म वस्तुगत सहायताबाट दिवा खाजाको प्रबन्ध गर्ने मोडलबाट नै दिवा खाजाको प्रबन्ध गर्नुपर्ने छ । उक्त अवधि सकिएपछि अन्य ७४ जिल्लाका लागि व्यवस्था भएबमोजिम प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गर्ने । | | |
| २. **स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा प्रारूप २०८१ कार्यान्वयन**<br>क) स्थानीय उत्पादनमा आधारित पोषणयुक्त विद्यालय दिवा खाजा कार्यक्रम कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी स्थानीय तहको हुने छ,<br>ख) स्थानीय तहका सरोकारवालाहरूको सहभागिता रहने गरी स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा प्रारूप, २०८१ अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,<br>ग) स्थानीय तहले स्थानीय उत्पादनमा आधारित पोषिलो दिवा खाजा तयारी तथा खाद्य सामग्रीहरूको भण्डारण र रेखदेखसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,<br>घ) स्थानीय उत्पादनमा आधारित दिवा खाजाका लागि आवश्यक पर्ने खाद्यवस्तुको नियमित आपूर्तिका लागि स्थानीय तहले साना किसान समुह वा कृषिमा आधारित सहकारी र विद्यालयबीच समन्वयका लागि सहजीकरण गर्ने,<br>ङ) विद्यालय सहयोगी तथा खाजा तयारीमा संलग्न हुने भान्छेहरूलाई स्वीकृत मेनुका आधारमा स्थानीय उत्पादनमा आधारित पोषिलो दिवा खाजा तयारी तथा खाद्य सामग्रीहरूको भण्डारण र रेखदेखसम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,<br>च) विद्यालय दिवा खाजामा बजारमा तयारी जङ्क फुड निषेध गर्न स्थानीय तहबाट आवश्यक निर्णय गरी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने,<br>छ) विद्यालयमा सम्भव भएसम्म करेसाबारी व्यवस्थापन गर्न प्रोत्साहन गर्ने,<br>ज) स्थानीय तह र विद्यालय व्यवस्थापन समितिले दिवा खाजाको लागि विद्यालयमा आवश्यक पर्ने स्थानीय उत्पादनमा आधारित गुणस्तरयुक्त खाद्य सामग्री आपूर्ति र उपयोगको नियमित अनुगमन गरी सोको प्रतिवेदन केन्द्रमा पेस गर्ने । | **मुख्य जिम्मेवार निकाय**<br>स्थानीय तह<br>विद्यालय व्यवस्थापन समिति विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा तथा मानवस्रोत विकास केन्द्र<br>शिक्षा विकास तथा समन्वय इकाइ विश्व खाद्य कार्यक्रम | सहभागी सङ्ख्या, प्रतिवेदन |

**२.३.८ क्रियाकलाप नं. ११.१.२.३२०५ केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरूयोजना अनुरूप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धारका विद्यालयलाई ल्याब व्यवस्थापन**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१. नमुना विद्यालय सुधार गुरूयोजना अनुरूप भौतिक निर्माण अनुदान: प्रति विद्यालय वार्षिक रू. १ करोड**<br>क) आ.व. २०७६/७७ मा छनोट भएका १०० ओटा नमुना विद्यालयका लागि स्थानीय तहमा वित्तीय हस्तान्तरण भई बजेट व्यवस्था भएको छ । उक्त विद्यालयहरूले स्वीकृत गुरूयोजनाको परिधिभित्र रही न्यूनतम पूर्वाधारहरूको प्राथमिकतामा उल्लेख गरेका कार्यक्रम सञ्चालन गर्न चालु आ.व.का लागि स्वीकृत बजेटबाट निर्माण गर्ने कार्यको विद्यालय व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहमा प्रस्ताव पेस गर्ने,<br>ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च. नं. ४२६ मिति २०८२।०३।०४ को पत्रमा उल्लेखित स्थानीय तहमा यस उपक्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहका विद्यालयका लागि गत वर्ष भौतिक पूर्वाधार निर्माणाधीन रहेको स्वीकृत गुरूयोजना तोकेको क्षेत्रमा विद्यालय भौतिक निर्माण सम्पन्न गर्न तथा नयाँ निर्माण गर्न चालु आर्थिक वर्षका लागि प्रति विद्यालय १ करोड रकम सम्बन्धित स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको छ । विद्यालयबाट विगत वर्षबाट निर्माण कार्यको प्रगति, स्वीकृत गुरूयोजनाको वार्षिक कार्यान्वयन योजना र यस आ.व.मा निर्माण गर्ने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई स्वीकृत गरी तपसिलअनुसार अनुदान उपलब्ध गराउने,<br>• विद्यालयसँग निर्माणको सम्झौता गरी नियमानुसार खर्च गर्ने, लेखा राख्ने, लेखापरीक्षण गर्ने लगायत सम्पूर्ण कार्यको जिम्मेबार विद्यालयलाई बनाउने गरी ससर्त अनुदानमा विनियोजित रकम विद्यालयलाई निकासा दिने,<br>• विद्यालयलाई रकम अनुदान दिने: सम्झौता भएका विद्यालयलाई देहायअनुसारका रकम निकासा दिने । निर्माण कार्यको अनुगमन/निरीक्षण स्थानीय तहका प्राविधिकमार्फत गर्ने/ गराउने ।<br>• विद्यालयसँग सम्झौता भएपश्चात् पहिलो किस्ताका रूपमा कुल अनुदान रकमको ३० प्रतिशत रकम अनुदान दिने ।<br>• Structural Part को कार्यसम्पन्न भएपश्चात् दोस्रो किस्ताका रूपमा कुल अनुदान रकमको ५० प्रतिशत रकम अनुदान दिने ।<br>• कार्यसम्पन्न गरेपश्चात् नापी किताब भरी कार्यसम्पन्न प्रतिवेदनसमेत तयार गरी अन्तिम किस्ताका रूपमा कुल अनुदान रकमको २० प्रतिशत रकम अनुदान दिने ।<br>ग) नमुना विद्यालयका रूपमा विकास गर्न छनोट भएका विद्यालयले तयार गरेको भौतिक एवम् शैक्षिक गुरूयोजनाको प्रस्तावका आधारमा स्थानीय तहले आवश्यकता एवम् औचित्यका आधारमा परिमार्जन/अद्यावधिक गर्न सक्नेछ । चालु आ.व. को कार्यक्रम अन्तिम वर्षको भौतिक निर्माणको कार्यक्रम भएकोले विनियोजन रकमबाट भौतिक पूर्वाधार विकासका कार्य सम्पन्न गर्ने गरी कार्य गर्ने,<br>घ) नमुना विद्यालयले भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिताको न्यूनतम मापदण्ड र शिक्षा नियमावलीको नियम ७७ मा भुगोल अनुसार तोकेको न्यूनतम विद्यार्थी सङ्ख्याका आधारमा डिजाईन ड्रईङ्ग तयार गरी स्वीकृत गराई कार्यान्वयन गर्नुपर्ने । यस प्रयोजनका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार गरी वेवसाईटमा रहेका नमुना नक्साहरूलाई सन्दर्भका रूपमा लिइ नियमानुसार निर्माण कार्यगर्ने । यससम्बन्धी लिङ्क यस प्रकार रहेको छः | <u>मुख्य जिम्मेवार</u><br>स्थानीय तह<br>विद्यालय<br>प्राविधिक जनशक्ति (इञ्जिनियर/सब इन्जिनियर)<br><u>सहजीकरण/समन्वय</u><br>शिक्षा विकास तथा समन्वय इकाइ | स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या, निर्माण भएका गुरूयोजना सङ्ख्या, नापी किताव, ल्याब सामग्री उपलब्ध गराएका विद्यालय सङ्ख्या, कार्यसम्पन्न प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ○ https://www.cehrd.gov.np/file_data/mediacenter_files/media_file-1-557927236.pdf<br>○ https://drive.google.com/file/d/1C5BvVioDUWGUSMLnb6BtMpLgck7gIltT/view?usp=drive_web<br>○ https://drive.google.com/file/d/1bPjDovaZt8pfY1lHBoLePn4p_INuz5_2/view?usp=drive_web<br>https://drive.google.com/file/d/1mdwgMRlYhegCnC8hnpeyREmAphBUpKJM/view?usp=drive_web<br>○ https://drive.google.com/file/d/14IHyhe6Irj1Aor7-t31mQfNefnJYCZA6/view?usp=drive_web<br>ङ) केन्द्रबाट नमुनाको तयार भएका नक्सामा उल्लेखित प्राबधानको प्रतिकूल नहुने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(छ) बमोजिम ड्रईङ डिजाइनिङ स्थानीय तहबाट स्वीकृत गराई कार्य गर्ने,<br>च) विद्यालयले भौतिक निर्माण कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावलीभित्र रही निर्माण कार्य सञ्चालन गर्ने। स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइले भौतिक निर्माण तथा शैक्षिक विकासको नियमित अनुगमन गरी सोको प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा उपलब्ध गराउने,<br>छ) विद्यालयले नियमानुसार उपलब्ध रकम खर्च गर्ने गराउने र नियमले तोकेबमोजिमको अभिलेख व्यवस्थापन र लेखापरीक्षण गर्नु पर्ने छ,<br>ज) नमुना विद्यालयको भवन निर्माणको नियमित रूपमा नियमानुसार काम भए/नभएको अनुगमन गर्ने, प्राविधिक सहजीकरण गर्ने, सुझाव दिने दायित्व स्थानीय तहको हुने छ,<br>झ) नमुना विद्यालयको भौतिक निर्माण तथा विशेष शिक्षा आवासीय विद्यालय निर्माण सञ्चालनको भौतिक पूर्वाधार निर्माण गर्दा विगतबाट गुरूयोजना बमोजिम निर्माण कार्य पूरा हुन बाँकी रहेका संरचनाको चालु आवमा निर्माण कार्य सम्पन्न हुने गरी कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्ने। भौतिक निर्माण प्रक्रियामा यस कार्यविधिको क्रियाकलाप नं. ११.१.२.२९८६ मा उल्लेखित प्रक्रियालाई अवलम्वन गरी निर्माण कार्य गर्ने। | | |
| **२. अपाङ्गताको प्रकृति अनुरूप आवश्यकताका आधारमा प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त विशेष शिक्षा आवासीय विद्यालय सञ्चालन**<br>**क)** छनोट भएका यस प्रकृतिका विद्यालयलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको अवधारणा पत्र तथा तोकिएको मापदण्डका आधारमा विद्यालयले विकास गरेको स्थानीय तहबाट स्वीकृत गुरूयोजनाको परिधिभित्र रही विद्यालय भौतिक निर्माण कार्य बाँकी रहेको भए स्थानीय तहको प्राविधिकबाट स्थलगत अनुगमन गरी कार्य प्रगतिको अवस्था यकीन गर्ने। तोकिएको मापदण्ड अनुसार बाँकी पूर्वाधार विनियोजित रकमबाट खर्च गरी चालु आवबाट न्यूनतम २० विद्यार्थीका लागि आवासीय कक्षा सञ्चालन गर्ने। यस वर्ष विनियोजित रकमरू५० लाख खर्च गर्न विद्यालयले कार्योजना स्वीकृत गरी कार्यान्वयन गर्ने। कार्ययोजनामा आवासीय कक्षा सञ्चालनका लागि आवश्यक पर्ने भाडाकुडा, फर्निचर, फर्निसिङ सामग्री खरिद गरी कक्षा सञ्चालन गर्ने कार्यसमेत समावेश गर्नुपर्ने छ। कक्षा सञ्चालन गर्न रकम अपुग भएम स्थानीय तहले समेत रकम थप गर्नसक्नेछ। यस प्रकृतिको विद्यालयमा निम्नानुसारका पूर्वाधार विकास भएको हुनुपर्ने छ:<br>ख) आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्नसक्ने क्षमताको हुनुपर्ने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|

ग) विद्यालयमा Dark Room, Audio Proof Room, Counselling Room, प्रशासनिक भवन,वार्डेन कक्ष, IT सुविधासहितको पुस्तकालय, आधारभूत उपकरणसहितको थेरापी कक्ष र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि नमुना स्रोत कक्षाको व्यवस्था गर्न सकिने गरी भवन निर्माण गर्ने,

घ) अपाङ्गता भए अनुकूल खेलमैदान, सङ्गीत, योगाभ्यास र कर्मयोगको माध्यमबाट स्वावलम्बी बनाउन करेसाबारीको व्यवस्था गर्ने,

ङ) पूर्व व्यावसायिक सिप विकासका लागि अभ्यास गर्न आवश्यक सामग्रीसहितको कक्ष निर्माण गर्ने,

च) यस उपक्रियाकलापको भौतिक निर्माणसँग बाँकी कार्य नमुना विद्यालयको भौतिक निर्माण तथा क्रियाकलाप नं. ११.१.२.२९८६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसार गर्ने।

**३. प्राविधिक धार तर्फ शैक्षिक सत्र २०८२ बाट कक्षा ११ -१२ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान**

क) यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले शैक्षिक सत्र २०८२ बाट कक्षा ११-१२ मा प्राविधिक धार सञ्चालन गर्न केन्द्रबाट अनुदानका लागि स्वीकृत विद्यालयलाई स्वीकृत विषय अनुसार तपसिलमा उल्लेखित धार बमोजिमको अनुदान रकम ल्याव व्यवस्थापनका लागि विद्यालयलाई एकमुष्ट उपलब्ध गराउने। विद्यालयले यस केन्द्रबाट स्वीकृत सूची अनुसारका ल्याव सामग्री व्यवस्थापन गरी ल्याब सञ्चालन गर्ने। प्राविधिक धारमा कुनै ल्यावका सामग्री खरिद गर्दा विद्यालयको आवश्यकताको आधारमा सूची तयार गरी सार्वजनिक खरिद ऐन तथा नियामावली बमोजिम खरिद गर्ने। उक्त सामग्रीहरूको खरिदपछि वारेन्टी/ग्यारेन्टी/फिर्ता लैजाने व्यवस्था समेत उल्लेख गरी खरिदकर्तासँग सम्झौता गर्ने।

| धार | रकम |
|---|---|
| बाली विज्ञान | १० लाख |
| पशु विज्ञान | १० लाख |
| सिभिल इन्जिनियरिङ | १८ लाख |
| कम्प्युटर इन्जिनियरिङ | ९ लाख |
| इलोक्ट्रिकल इन्जिनियरिङ | ९ लाख |

ख) ल्यावको निर्माण प्रावधिक धारसम्बन्धी विद्यालयमा प्रावधिक तथा व्यावसायिक शिक्षा सञ्चालन निर्देशिका, २०६९ (संशोधन सहित) र पाठ्यक्रमले तोकेका आधारमा ल्याव सामग्री खरिद गरी सञ्चालनमा ल्याउने,

ग) प्राविधिक धार कार्यक्रम सञ्चालन भएको विद्यालयमा अपाङ्गता भएका विद्यार्थी अध्ययनरत भएमा ल्यावको सामग्री व्यवस्थापन गर्दा त्यस्ता विद्यार्थीलाई समेत मध्यनजर गरी सामग्री व्यवस्था गर्नु पर्नेछ,

घ) केन्द्रको च.नं ४२६ मिति २०८२।०३।०४ को पत्रअनुसार कार्यान्वयन गर्ने। विद्यालयमा भौतिक निर्माणसम्बन्धी कार्य गर्दा विद्यालय भौतिक पूर्वाधार विकास मापदण्ड २०८० बमोजिम गर्ने। यस कार्यका लागि आवश्यक पर्ने निर्माण कार्यसँग सम्वन्धित कागजात तयारी, प्राविधिक निरीक्षण, निर्माण कार्यको मूल्याङ्कन जस्ता प्रावधिक कार्यमा स्थानीय तहबाट अनिवार्य रूपमा सहजीकरण गर्ने।

## २.३.९ क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **क) कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण**<br>क) **अनूसूची-८** मा उल्लेखित (यस क्रियाकलापलाई सघनरूपमा कार्यान्वयनका लागि छनोट) भएका स्थानीय तहअन्तर्गत सञ्चालित विद्यालय (कक्षा १-३ सम्म) मा प्रति कक्षा १ सेट पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा गणित विषयका स्वाध्ययन सामग्री छपाइ गरी विद्यालयमा वितरण गर्ने,<br>ख) विद्यालयमा सामग्री वितरणको जानकारी यस केन्द्रलाई अविलम्ब उपलब्ध गराउने,<br>ग) वितरित सामग्रीको प्रयोगको अवस्था स्थानीय तह तथा इकाइले नियमित अनुगमन गर्ने,<br>घ) जिल्लानमुनाका स्थानीय तहहरूले संयुक्तरूपमा सामग्री छपाइ गरी वितरण गर्न सक्नेछन् । स्थानीय तहबाट अनुरोध भई आएमा यस कार्यमा शिक्षा विकास तथा समन्वय इकाइले समन्वय गर्नुपर्ने छ,<br>ङ) यसका कार्यक्रम कार्यान्वयनमा सहजीकरण आवश्यक परेमा यस केन्द्रको पाठ्यक्रम तथा पाठ्यसामग्री विकास शाखा तथा पाठ्यक्रम विकास केन्द्रमा सम्पर्क गर्न सकिने छ,<br>च) यस क्रियाकलाप अन्तर्गत छपाइ गरी विद्यालयमा उपलब्ध गराइएको विद्यालयगत सामग्रीको विवरण तथा प्रयोगको अवस्था IEMIS मा अनिवार्य रूपमा प्रविष्ट गर्ने,<br>छ) स्थानीय तहले एकीकृत पाठ्यक्रमको कष्टमाइज तालिम सञ्चालन गर्दा छपाइ भएका सामग्रीको प्रयोग सम्वन्धमा शिक्षक तालिममा अभिमुखीकरण सञ्चालन गर्ने ।<br><br>**ख) विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन: प्रति विद्यालय वार्षिक रू १० लाख**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.न. ४२६ मिति २०८२।०३।०४ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही तपसिलअनुसार विद्यालय छनोट गर्ने । विद्यालय छनोट गर्दा स्थानीय तहले प्रस्ताव माग गरी देहायका आधारमा प्राथमिकता तय गरी छनोट गर्नेः<br>• पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका/ प्रयाप्त नभएका विद्यालय<br>• विद्यार्थी सङ्ख्या उच्च रहेका विद्यालय<br>• विद्यालयमा कम्प्युटर विषय अध्यापन गर्ने विद्यालय<br>• आवश्यक कोठा तथा अन्य पूर्वाधार रहेका विद्यालय<br>ख) स्थानीय तहले विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गर्ने । सो सूची मध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्ने । विद्यालयको प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत कोटा बमोजिम एक भन्दा बढी कार्य आवश्यक भएमा सो समेत गर्ने गरी विद्यालयका विद्यालय छनोट गर्ने,<br>ग) छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट १० लाखका दरले अनुदान दिने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>विद्यालय व्यवस्थापन समिति<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या ,<br>पुस्तकालय अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या,<br>विज्ञान अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या,<br>प्रोत्साहन भत्ता प्राप्त गर्ने प्रअ शिक्षक सङ्ख्या, एकमुष्ट अनुदान प्राप्त विद्यालय, प्रगति प्रतिवेदनहरू,<br>IEMIS प्रतिवेदन, शिक्षकका लागि पेसागत सहयोग उपलब्ध गराइएका विद्यालय/शिक्षक सङ्ख्या, सुविधा प्राप्त गर्ने विद्यालय संख्या |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| घ) यस कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको आवश्यकताको सूचीलाई आधार मानी औचित्यताको आधारमा स्थानीय तहले विनियोजित बजेटबाट खरिद गर्ने सामग्रीको स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई उपलब्ध गराउने,<br>ङ) अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तै: पुस्तक र्‍याक, बसाइ व्यवस्थाका लागि कुर्सी टेबुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५% सम्म बजेट नियमानुसार खर्च गर्ने।<br>च) विद्यालयले खरिद गरेका पुस्तकको सूची अनिवार्यरूपले स्थानीय तहमा पेस गर्नुपर्ने छ। यस वापत प्राप्त अनुदानबाट विद्यार्थीको पठनपाठनसँग असम्बन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन। विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री अनिवार्य रूपमा समावेश गर्नुपर्ने,<br>**ग) नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि कार्यसम्पादनमा आधारित अनुदान :**<br>क) विद्यालयको गुरूयोजनाअनुसार खर्चका क्षेत्र सहित स्थानीय तहमा चालु आवमा विनियोजित रकम खर्च गर्ने कार्ययोजना सहित स्थानीय तहमा माग गर्ने,<br>ख) स्थानीय तहले कार्ययोजनाको रूजु गरी कार्यप्रगतिका आधारमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रू १० लाख र १००१ देखि माथि विद्यार्थी भए प्रति विद्यालय रू २० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने,<br>ग) यस बजेटबाट स्वीकृत गुरूयोजना बमोजिम नमुना विद्यालय विकासका लागि बाँकी कामहरू जस्तै: कक्षाकोठा फर्निचर व्यवस्थापन, पुस्तकालय/प्रयोगशाखा सामग्री अध्यावधिक र शैक्षिक गुणस्तर सुधारका क्रियाकलापमा खर्च गर्न सक्नेछन,<br>घ) यस क्रियाकलापबाट विद्यालयले तलबभत्ता, गाडी खरिद, स्वीमिङपुल निर्माण जस्ता कार्यमा खर्च नगर्ने,<br>ङ) पाँच वर्ष पूरा भएका नमुना विद्यालयमा भौतिक निर्माण कार्यका लागि हाल बजेट विनियोजन नभएको हुनाले अधुरा कार्य सम्पन्न गर्नका लागि विद्यालयले यसै शीर्षकबाट खर्च गर्नसक्ने छन्,<br>च) स्थानीय तहबाट विद्यालयले सम्झौता अनुरूप कार्यको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने। यसको अनुगमन स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइबाट हुने छ। विज्ञान विषय प्रवर्धनका लागि छनोट भएका नमुना विद्यालयहरूलाई यो बजेट उपलब्ध गराइने छैन।<br>**घ) कक्षा ११-१२ मा विज्ञान विषय प्रवर्धनका लागि अनुदान: प्रतिविद्यालय रू ३० लाख, ४५ लाख र रू ६० लाखसम्म**<br>क) विगत आ.व. मा कक्षा ११ -१२ मा विज्ञान विषय प्रवर्धनका लागि छनोट भएका ११४ विद्यालय **(अनुसूची ९)** का लागि विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रू. ३० लाख, १००१ देखि २५०० सम्म विद्यार्थी भए प्रति विद्यालय रू. ४५ लाख र २५०१ भन्दा माथि विद्यार्थी भए प्रति विद्यालय रू ६० लाख अनुदान यस शीर्षकबाट उपलब्ध गराउने,<br>ख) यस बजेटबाट विज्ञान विषय प्रवर्द्धनका लागि स्वीकृत **विद्यालय विकास योजनाका** आधारमा विद्यालयले आफ्नो जिल्लाभित्रका स्थानीय तहमा कक्षा ११-१२ मा विज्ञान विषयको पठनपाठन नभएका विद्यालयबाट सम्बन्धित स्थानीय तहको सिफारिससहित आएका विद्यार्थीका लागि दोहोरो नपर्ने गरी आवासीय छात्रवृत्ति, विज्ञान विषय पठनपाठनका लागि शिक्षक व्यवस्थापन, प्रयोगशाला सञ्चालन एवम् | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| अद्यावधिक, पुस्तकालय व्यवस्थापन, कक्षा ११-१२ का लागि कक्षाकोठा फर्निचर व्यवस्थापन एवम् गुणस्तर अभिवृद्धि कार्यक्रम (क्षमता विकास, विज्ञान प्रदर्शनी, सामग्री व्यवस्थापन, स्थलगत अध्ययन भ्रमण, कक्षा ११- १२ मा विज्ञान विषयको अतिरिक्त कक्षा सञ्चालन) लगायतका कार्यक्रममा खर्च गर्ने ।<br><br>ङ) **शिक्षक दरबन्दी तथा शिक्षक अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालयलाई एकमुष्ट अनुदान :**यस क्रियाकलापमा बजेट विनियोजन रहेका स्थानीय तहले केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा रहेको वार्षिक एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन गर्ने कार्यविधि,२०७६ मा उल्लेखित अनुदान प्राप्तगर्ने सर्त पूरा गरी छनोट भएका विद्यालयलाई देहायका आधारमा भाद्र मसान्तभित्र अनुदान उपलब्ध गराउने,<br>क) अनुदान लिने विद्यालयसँग करार सम्झौता गर्ने,<br>ख) छनोटमा परेका विद्यालयलाई स्थानीय तहले करार सम्झौताअनुसार कार्य सम्पादन गर्ने सर्तमा प्रति विद्यालय **वार्षिक एकमुष्ट रू. १० लाख** अनुदानको रकम निकासा गर्ने,<br>ग) विद्यालयले कार्यसम्पादन करारमा उल्लेखित सर्तअनुसार कार्यसम्पादन भए नभएको नियमित अनुगमन गरी सोको कार्य प्रगति केन्द्रमा पठाउने,<br>घ) अनुदान पाउने विद्यालयलाई स्थानीय तहले दरबन्दी मिलान गर्दा दरबन्दी वा राहत अनुदान कोटा नदिने । अनुदान रकम दिँदा यसपूर्व कुनै प्रकारको दरबन्दी तथा राहत अनुदान प्राप्त नगरेको सुनिश्चित गरी मात्र निकासा दिने,<br>ङ) विगतमा दरबन्दी मिलानको क्रममा यस प्रकारको विद्यालयमा दरबन्दी/राहत अनुदान उपलब्ध गराएको भए यस शीर्षकबाट दिइने उक्त अनुदान कट्टा गरी सोही स्थानीय तहको अन्यत्र एकमुष्ट अनुदानबाट विद्यालय सञ्चालन कार्यविधि, २०७६ बमोजिमका सर्त पुरा गरेका विद्यालयलाई उपलब्ध गराई सोको जानकारी यस केन्द्रको शिक्षक व्यवस्थापन समन्वय शाखालाई दिने,<br>च) सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को परिच्छेद ३ का आधारमा समायोजन वा एकीकरण हुनुपर्ने विद्यालयमा नपर्ने विद्यालयलाई मात्र अनुदान उपलब्ध गराउने,<br>छ) यस प्रकारका विद्यालय सञ्चालनका लागि आवश्यकताका आधारमा स्थानीय तहले आफ्नो स्रोतबाट थप रकम उपलब्ध गराउन सक्नेछ,<br>ज) परम्परागत विद्यालयलाई छुट्टै अनुदानको व्यवस्था भएकाले यस क्रियाकलाप बमोजिमको रकम नदिने,<br>झ) एकमुष्ट अनुदान प्राप्त विद्यालयलाई यस अनुदानका अतिरिक्त अन्य सामुदायिक विद्यालय सरह दिवा खाजा, पाठ्यपुस्तक, छात्रवृत्ति अनुदान मात्र उपलब्ध गराउने । | | |
| च) **विपद्का समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL) कार्यान्वयन**<br>क. कोभिड-१९ तथा अन्य विभिन्न कारणबाट पुगको शैक्षिक क्षतिको कम गरी सिकाइ निरन्तरताका लागि स्थानीय तह तथा विद्यालयले देहाय बमोजिमका कार्य सम्पन्न गर्ने र प्रगति प्रतिवेदन शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा पठाउनेः<br>**स्थानीय तह**<br>क) स्थानीय तहले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेका सामग्रीको स्थानीयस्तरका सरोकारवाला, स्थानीय जनप्रतिनीधि, स्थानीयस्तरमा कार्यरत सङ्घसंस्थाहरूका लागि अभिमुखीकरण सञ्चालन गर्ने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | सञ्चालित अतिरिक्त सिकाइ (Additional class), उपचारात्मक कक्षा (Remedial Learning) का लागि अभ्यास |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| ख) स्थानीय तहमा उपलब्ध बजेटलाई स्थानीय तहमा सञ्चालन गर्ने तालिम, अनुगमन प्रतिवेदन लगायत अन्य आवश्यक क्षेत्रमा बजेट छुट्याई बाँकी रकम विद्यालयले सम्पादन गर्ने शिक्षक तालिम, परीक्षण सञ्चालन पहिलो र अन्तिम, सिकाइ आपूरण र द्रुत सिकाइका कार्यक्रम सञ्चालनको बजेट बाँडफाँडसहित कार्यक्रम कार्यान्वयनको आधार समेत विद्यालयलाई उपलब्ध गराउने,<br>ग) विद्यालयबाट सञ्चालित कार्यको नियमित अनुगमन गरी कार्यसम्पादनको प्रगति केन्द्रमा पठाउने,<br>घ) स्थानीय योजना (गाँउ/नगर शिक्षा योजना) मा ReAL Plan कार्यान्वयनका विषयवस्तु समावेश गर्ने,<br>ङ) ReAL Plan कार्यान्वयनका लागि एकजना कर्मचारीलाई कार्यक्रम संयोजक तोकी कार्यान्वयन सहजीकरणको व्यवस्था मिलाउने,<br>च) स्थानीय तहले कार्यक्रम कार्यान्वयनका लागि यस कार्यविधिमा उल्लेखित उदेश्यमा प्रतिकूल नहुने गरी थप आधार तयार गर्न सक्ने छन्।<br>**विद्यालय**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट www.cehrd.gov.np को ReAL Menu मा रहेकका सामग्रीको प्रयोग गरी ReAL Plan कार्यान्वयन सम्बन्धमा शैक्षिक सत्रको सुरूमा तोकिएका कक्षाका विषयगत शिक्षकलाई विद्यालय स्तरमा सम्पादन गर्ने कार्यक्रमको विस्तृत अभिमुखीकरण गर्ने,<br>ख) कमजोर र तोकिएको सिकाइ उपलब्धि हासिल गर्न नसकेका विद्यार्थीका लागि उपचारात्मक शिक्षणका लागि विषयवस्तु छनोट/ उपयुक्त रणनीतिको अवलम्वन गर्ने,<br>ग) विद्यालयले आवश्यकताका आधारमा शिक्षक विद्यार्थी सञ्जालको विकास, Teaching at right level-TaRL विधिका आधारमा शिक्षण, सिकाइ चौतारी (Learning portal) को प्रयोग, विद्यालय शिक्षण अवधि विस्तार, टोल सिकाइ सञ्चालन, स्वयंसेवक तथा बैकल्पिक शिक्षक व्यवस्थापन, सिकाइ आपूरणका लागि कार्यमूलक अनुसन्धान सञ्चालन, स्वाध्ययन सामग्रीको विकास तथा प्रयोग, अभिभावक शिक्षा सञ्चालन, गृह विद्यालय सञ्चालन, मातृभाषामा शिक्षण, सिकाइका लागि अभिभावक परिचालन, परियोजना तथा समुदायमा आधारित सिकाइ क्रियाकलाप सञ्चालन, शिक्षण स्रोत सामग्रीको प्रयोग, साथी समूह सिकाइ, दिदीबहिनी/दाजुभाइ सिकाइ, विद्यार्थी स्व–मूल्याङ्कन, श्रव्यदृश्य सामग्रीको प्रयोग, विद्यार्थी मनोसामाजिक परामर्श सञ्चालन जस्ता रणनीतिमध्येबाट छनोट गरी कार्यान्वयन गर्ने,<br>घ) विद्यालयको शैक्षिक योजनामा सिकाइ आपूरण, सिकाइ रणनीति तथा प्रयोगलाई समावेश गरी अद्यावधिक गर्ने,<br>ङ) सामुदायिक विद्यालयले ReAL Plan कार्यान्वयनका लागि सम्पर्क शिक्षक (Focal Teacher) तोकी कार्यक्रम सञ्चालन, प्रतिवेदन र रिपोर्टिङको व्यवस्था गर्ने, गराउने,<br>च) यस कार्यक्रमबाट शिक्षकको क्षमता विकास, विद्यालयमा निदानात्मक परीक्षण साधनको छपाइ तथा प्रयोगका लागि विद्यालयलाई अनुदान, कार्यक्रमको अनुगमन तथा प्रतिवेदन जस्ता क्षेत्रमा बजेट बाँडफाँड गरी कार्यान्वयन गर्ने,<br>छ) सिकाइ आपूरणसँग सम्वन्धित कार्यका लागि स्थानीय तहले थप स्रोतको प्रबन्ध गर्न तथा स्थानीय तहका सरकारी एवम् गैरसरकारी निकाय सँग समन्वय सहकार्य गर्न सक्ने। | | कक्षा (Tutorial class) सख्या, थप सिकाइका लागि विकास भएका सामग्री सङ्ख्या, सञ्चालनमा रहेका अस्थायी सिकाइ सहजीकरण केन्द्र, गृह विद्यालय सञ्चालन तथा घरदैलो कार्यक्रम सङ्ख्या |

### २.३.१० क्रियाकलाप नं. २.७.१३.२३ सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| १०.१ **सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क सेनिटरी प्याड व्यवस्थापन**<br>क) सामुदायिक विद्यालयको कक्षा ६-१२ सम्म अध्ययनरत सबै छात्राका लागि निःशुल्क सेनिटरी प्याड व्यवस्थाका लागि मनाङ, मुस्ताङ, बझाङ, बाजुरा, दार्चुला, डोल्पा, हुम्ला, मुगु, जुम्ला र कालिकोट जिल्लाका छात्राका लागि प्रति विद्यार्थी वार्षिक रू १६८०। र बाँकी जिल्लाका छात्राहरूका लागि प्रति विद्यार्थी रू १३४०। का दरले बजेट व्यवस्था गरिएको,<br>ख) उक्त रकम खर्च गर्दा सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ का अतिरिक्त देहायअनुसार गर्ने :<br>• सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राको तथ्याङ्क यकिन गर्ने,<br>• कार्यविधिमा उल्लेखित प्रकियाअनुसार विद्यालयमार्फत विद्यार्थीलाई महिनावारीको समयमा तोकिएको मापदण्डअनुसारको गुणस्तरीय उपयुक्त साइजको प्याड उपलब्ध गराउने,<br>• वार्षिक १० महिना अवधिका लागि निःशुल्क सेनिटरी प्याडको व्यवस्था मिलाउने,<br>• कक्षा ६ भन्दा तल्लो कक्षामा अध्ययन गर्ने महिनावारी भएका छात्रालाई पनि यो व्यवस्थाअनुसार प्याड उपलब्ध गराउन सकिने,<br>• प्याड व्यवस्थापन गर्दा स्वदेशी उद्योगबाट उत्पादित प्याडलाई प्राथमिकता दिने,<br>ग) सेनिटरी प्याड स्थानीय तहबाट खरिद गरी उपलब्ध गराउन सकिने वा विद्यालयमा छात्रा विद्यार्थी सङ्ख्याका आधारमा उल्लिखित दरमा रकम निकास गर्ने,<br>घ) स्थानीय तह वा विद्यालयले सेनिटरी प्याड खरिद गर्दा गत विगतको मौज्दातको अवस्था यकिन गरी आवश्यक मात्र नियमानुसार खरिद गर्ने,<br>ङ) स्थानीय तह वा विद्यालयले तोकिएका छात्राका लागि नियमानुसार सेनिटरी प्याड खरिद गरी रकम बचत भएमा विद्यालयमा Disposal Machine नभएमा एक पटकका लागि मात्र खरिद गरी वितरण गर्नसक्ने,<br>च) स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा विद्यालयले सो कार्यमा भएका कार्यको प्रतिवेदन तयार गरी स्थानीय तहमा पठाउने र स्थानीय तहले प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पेस गर्नुपर्ने । | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | सेनिटरी प्याड प्राप्त गर्ने विद्यार्थी सङ्ख्या |

### २.३.११ क्रियाकलाप नं. २.७.१३.३०० भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **११.१ भुटानी शरणार्थीका विद्यार्थी अध्ययनरत विद्यालयका लागि शिक्षक व्यवस्थाका लागि अनुदान**: यस क्रियाकलापबाट बजेट विनियोजन भएको झापा जिल्लाको दमक नगरपालिकामा सञ्चालित **श्री ढुकुरपानी माध्यमिक विद्यालय तथा चुलाचुली आधारभूत विद्यालयका** लागि शिक्षक व्यवस्थाका लागि विद्यालयबाट अनुदान माग गर्न लगाई यस कार्यविधिको शिक्षकको तलबभत्ता क्रियाकलापमा उल्लेखित तलबभत्ता अनुदान उपलब्ध गराउने, | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय** | तलब प्राप्त शिक्षक,<br>पाठ्यपुस्तक प्राप्त विद्यार्थी |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| क) शिक्षक व्यवस्थापनका लागि ढुकुरपानी माध्यमिक विद्यालयका लागि आधारभूत तहको प्राथमिक तहतर्फ ३, निम्नमाध्यमिक तहतर्फ ४ र माध्यमिकतर्फ ५ जना गरी जम्मा १२ जनाको र चुलाचुली आधारभूत विद्यालयका लागि आधारभूत तहको प्राथमिक तहतर्फ ४ र निम्नमाध्यमिक तहतर्फ ५ गरी जम्मा ९ जनाको स्वीकृत तलबममानअनुसार १२ महिना र चाडपर्व खर्चका लागि पारिश्रमिक अनुदान उपलब्ध गराउने,<br>ख) विद्यालयमा अध्ययनरत विद्यार्थीको तथ्याङ्क यकिन गरी नि:शुल्क पाठ्यपुस्तक अनुदान छात्रवृत्ति, विद्यालय सञ्चालन व्यवस्थापन लगायतका अन्य विद्यालयले पाए सरहका क्रियाकलापगत अनुदान सम्बन्धित शीर्षकबाट हिसाब गरी उपलब्ध गराउने,<br>ग) विद्यालयको तथ्याङ्कीय विवरण IEMIS मा नियमित रूपमा भर्न लागाउने, र<br>घ) विद्यालयको शिक्षण सिकाइ क्रियाकलापको स्थानीय तहबाट नियमित निरीक्षण अनुगमन गर्ने। | शिक्षा विकास तथा समन्वय इकाइ | |

## २.३.१२ क्रियाकलाप २.७.१३.४० माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१२.१ माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि विषयमा शिक्षण सहयोग अनुदान**<br>क) माध्यमिक तह (कक्षा ९-१०) मा अङ्ग्रेजी, गणित र विज्ञान तथा प्रविधि जस्ता अनिवार्य विषयमा शिक्षक व्यवस्थापन गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ। यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले उक्त बजेटको परिधिभित्र रही शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) का लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) र १ मात्र दरबन्दी वा राहत अनुदान भएका र २ ओटा मात्र दरबन्दी वा राहत अनुदान गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ का अतिरिक्त देहायअनुसार वितरण गर्ने:<br>• उल्लेखित विवरणअनुसारका विद्यालय सङ्ख्या यकिन गर्ने,<br>• स्वीकृत बजेटको परिधिभित्र रही शून्य दरबन्दी/राहत अनुदान कोटा भएका विद्यालयलाई न्यूनतम ३ ओटा, १ दरबन्दी/ राहत अनुदान कोटा भएकालाई २ ओटा र २ दरबन्दी/राहतअनुदान कोटा भएकालाई १ ओटाका दरले अनुदान उपलब्ध गराउने,<br>• यस क्रियाकलापमा बजेट विनियोजन गर्दा प्रतिशिक्षक मासिक रू. ४३६८९।- का दरले १२ महिनाको पारिश्रमिक, १ महिनाको चाडपर्व खर्च र तोकिएको पोसाक खर्चसमेत अनुदानमा हिसाब भएकाले सोअनुसार उपलब्ध गराउने। यसका अतिरिक्त अन्य शिक्षकले पाए सरहका सुविधा स्थानीय तहले आफ्नो स्रोतबाट थप गर्नसक्ने छन्,<br>• शिक्षण सिकाइ अनुदानमा अङ्ग्रेजी, गणित तथा विज्ञान वाहेका अन्य विषयमा शिक्षक राख्न पाइने छैन र यो अनुदानलाई अन्य प्रयोजनमा खर्च गर्न पाइने छैन। | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | अनुदान प्राप्त गर्ने विद्यालय सख्या, तलब बुझेको भरपाइ |

**२.३.१३ क्रियाकलाप २.७.१३.४१ आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१ ३.१ आधारभूत तह कक्षा (६-८) सञ्चालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान**<br>क) आधारभूत तह कक्षा (६-८) सञ्चालित विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षक व्यवस्था गरी विद्यार्थी सिकाइ उपलब्धि अभिवृद्धि गर्न शिक्षण सहयोग अनुदानको व्यवस्था गरिएको छ। सोका लागि यस क्रियाकलापमा बजेट विनियोजन भएका स्थानीय तहले उक्त बजेटबाट शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदनअनुरूप सामुदायिक विद्यालयको आधारभूत तह (कक्षा ६-८) का लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका (शून्य दरबन्दी) भएका विद्यालयलाई गणित, अङ्ग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ का अतिरिक्त देहायअनुसार वितरण गर्ने :-<br>• उल्लेखित विवरणअनुसारका विद्यालय सङ्ख्या यकिन गर्ने,<br>• बजेटको परिधिभित्र रही शून्य दरबन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक बराबरको अनुदान उपलब्ध गराउने,<br>• यस क्रियाकलापमा बजेट विनियोजन गर्दा प्रतिशिक्षक मासिक रू ३४७३०।- का दरले १२ महिनाको पारिश्रमिक र चाडपर्व खर्च र पोशाक खर्च समेत अनुदानमा हिसाब भएकाले सोअनुसार उपलब्ध गराउने। यसका अतिरिक्त तथा अन्य शिक्षकले पाए सरहका सुविधाहरू स्थानीय तहले थप गर्न सक्नेछन्,<br>ख) क्रियाकलाप नं. २.७.१३.४० र २.७.१३.४१ मा उल्लिखित शिक्षण सहयोग अनुदान कोटा निर्धारण गर्दा माथि उल्लेख भए बमोजिम माध्यमिक तह (कक्षा ९-१०) र आधारभूत तह कक्षा (६-८) मा अनुदान उपलब्ध गराइसकेपछि यस क्रियाकलापमा एउटा तहमा रकम वचत हुने देखिएमा वचत हुन आउने बजेटको परिधिमा ननाघ्ने गरी चालु आर्थिक वर्ष २०८२।८३ को लागि मात्र अर्को नपुग भएको तहमा शिक्षण सिकाइका लागि अनुदान उपलब्ध गराउन सकिने छ। | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | अनुदान प्राप्त गर्ने विद्यालय सङ्ख्या, तलब बझेको भरपाइ |

**२.३.१४ क्रियाकलाप नं. २.७.१३.३०२ शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी परीक्षण मूल्याङ्कन, शिक्षक मेन्टरिङ तथा विद्यालय सुपरिवेक्षण**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१४.१. कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कनः प्रति विद्यार्थी वार्षिक रू २७५।**<br>क) स्थानीय तहले आधारभूत तह कक्षा आठको परीक्षा सञ्चालन तथा प्रमाणीकरणसम्बन्धी मापदण्ड, २०७६ बमोजिम विकास भएको परीक्षा ढाँचाको परिधिभित्र रही परीक्षाको स्तरीयता, प्रमाणीकरण र एकरूपता कायम हुने गरी परीक्षा समितिमार्फत् परीक्षा सञ्चालन गर्ने गराउने,<br>ख) परीक्षा सञ्चालन गर्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीसँग शुल्क वापत कुनै रकम नलिने गरी स्थानीय तहले परीक्षा सञ्चालन गर्ने,<br>ग) परीक्षालाई स्तरीकृत गरी अभिलेख व्यवस्थापन तथा विद्यार्थीलाई प्रमाणपत्र वितरण गर्ने। परीक्षालाई थप व्यवस्थित गर्ने प्रयोजनका लागि स्थानीय तहले आन्तरिक स्रोतबाट बजेट व्यवस्था गर्न सक्ने छ,<br>घ) सशर्त अनुदानको स्रोत व्यवस्थापन गर्दा Equity Index लाईसमेत आधार लिएको छ। Equity Index को गणनाका लागि लिइने आधारमध्ये कक्षा ८ को नतिजा पनि एक हो। IEMIS बाट कक्षा ८ को नतिजा व्यवस्थापन नगर्ने स्थानीय तहको सिकाइसम्बन्धी Equity Index गणना गर्न छुट हुँदा स्थानीय तहले प्राप्त गर्ने अनुदान प्रभावित हुने भएकाले कक्षा ८ को नतिजा व्यवस्थापन अनिवार्यरूपमा IEMIS बाट गर्ने। | **मुख्य जिम्मेवार**<br>स्थानीय तह<br>विद्यालय<br>**सहजीकरण/समन्वय**<br>शिक्षा विकास तथा समन्वय इकाइ | परीक्षा तथा मूल्याङ्कन सम्बन्धी निर्णयहरू, अनुगमन प्रतिवेदन ,स्थिति प्रतिवेदन, IEMIS प्रतिवेदन, तालिम प्रतिवेदन, स्रोत विज्ञ सङ्ख्या, भौतिक |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१४.२. शैक्षिक कार्यक्रम व्यवस्थापन तथा सुशासन प्रवर्धनः विद्यालय सङ्ख्याको आधारमा एकमुष्ट रकम**<br>क) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको अनलाईन प्रगति सफ्टवेयरमा वार्षिक तथा त्रैमासिक रूपमा प्रगति प्रविष्ट गरि वार्षिक शैक्षिक स्थिति प्रतिवेदन (Annual Educational Status Report) केन्द्रको योजना तथा अनुगमन शाखामा सम्प्रेषण गर्ने,<br>ख) विद्यालयलाई अनिवार्य रूपमा IEMIS मा शैक्षिक तथ्याङ्क भर्न /अद्यावधिक गर्न लगाउने,<br>ग) विद्यालयद्वारा भरिएको/ अद्यावधिक गरिएको विवरणको सत्यापन गर्ने,<br>घ) स्थानीय तहको एकीकृत शैक्षिक तथ्याङ्क प्रतिवेदन तयारी तथा प्रकाशन गर्ने,<br>ङ) स्थानीय तहको शिक्षा योजना निर्माणसम्वन्धी मार्गदर्शन, २०७९ (परिमार्जित तथा अद्यावधिक २०८१) बमोजिम गाँउ/नगर शिक्षा योजना निर्माण गरी आफ्नो वेबसाइटमार्फत सार्वजनिक गर्ने,<br>च) विद्यालयका प्रधानाध्यापक तथा सरोकारवालाहरूलाई अद्यावधिक शैक्षिक नीति तथा कार्यक्रमको अभिमुखीकरण गर्ने,<br>छ) यस क्रियाकलाप बमोजिम विद्यालयलाई प्राविधिक सहायता प्रदान गर्दा नियमानुसारको दैनिक भ्रमण भत्ता, बैठक तथा कार्यशाला सञ्चालन गर्दा बैठक भत्ता, योजना निर्माण/डाटावेश /प्रतिवेदन तयारी आदि कार्यमा संलग्न कर्मचारीलाई खाना/खाजा खर्च गर्न सकिने,<br>ज) यस क्रियाकलापमा विनियोजन रहेको बजेटको खर्च केन्द्रको चलानी नं. ४२६ मिति २०८२।०३।०४ को पत्र अनुसार गर्ने।<br>**१४.३. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेसागत सहयोग तथा मेन्टरिङ पद्धतिको कार्यान्वयनः विद्यालय सङ्ख्याको आधारमा एकमुष्ट रकम**<br>क) स्थानीय तहले विद्यालय सुपरिवेक्षण र शिक्षकको पेसागत सहयोगलाई प्रभावकारी बनाउन अनुगमन योजना निर्माण गर्ने,<br>ख) स्थानीय तहमा कार्यरत शिक्षा अधिकृत कर्मचारी, स्थानीय तहभित्र उत्कृष्ट नतिजा हासिल गराउन सफल विषयगत शिक्षक प्रतिनिधित्व रहेको विषयगत समिति तथा विषयविज्ञ रहेको रोस्टर निर्माण गर्ने,<br>ग) उक्त रोस्टरमध्येबाट स्थानीय तहका सबै विद्यालयमा ३ महिनामा कम्तीमा १ पटक सुपरिवेक्षण गरी पेसागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान प्रदान, नमुना पाठ प्रर्दशन, छोटो अवधिका मागमा आधारित तालिम सञ्चालन एवम् शैक्षणिक समस्या समाधानका लागि रोष्टरको परिचालन गर्ने गराउने,<br>घ) शिक्षकको पेसागत विकासका लागि शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८० मा उल्लेखित शिक्षक पेसागत विकासका विधिहरू मध्ये स्थानीय तहको आवश्यकता र उपलब्ध स्रोत साधनको आधारमा न्यूनतम २ ओटा विधि छनोट गरी कार्यान्वयन गर्ने,<br>ङ) शिक्षक मेन्टरिङको सघन कार्यक्रमका लागि छनोट भएका यस कार्यविधिको **अनुसूची-८** मा उल्लेखित स्थानीय तहले सूचीकृत रोस्टरहरूमध्येबाट १ जनालाई मेन्टरका रूपमा कार्य गर्ने गरी जिम्मेवारी तोकी परिचालन गर्ने,<br>च) शिक्षक मेन्टरिङ कार्यविधिमा उल्लेख भएबमोजिम कार्य गर्न लगाउने। यस कार्यको प्रतिवेदन शिक्षा तथा मानव स्रोत केन्द्रको शिक्षक तालिम शाखामा नियमितरूपमा पठाउने,<br>छ) कार्यक्रम कार्यान्वयनका लागि केन्द्रको चलानी नं. ४२६ मिति २०८२।०३।०४ को पत्रमा उल्लेख भएबमोजिमका उपक्रियाकलापमा विनियोजन भएको बजेटअनुसार उल्लेखित उपक्रियाकलापमा खर्च गर्ने,<br>ज) स्थानीय तहले आन्तरिक स्रोतबाटसमेत बजेट व्यवस्था गरी एकीकृत अनुगमन तथा सुपरिवेक्षण योजना निर्माण गरी कार्यान्वयन गर्न सक्ने, | | सर्वेक्षण तथा नक्शाङ्कन प्रतिवेदन, अपाङ्गताको प्रारम्भिक पहिचान प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| झ) यस उपक्रियाकलापमा रहेको रकम सुपरिवेक्षण र पेसागत सहयोग कार्यमा संलग्न हुनेहरूले सो कार्यको प्रतिवेदन स्थानीय तहमा पेस गरेपश्चात् नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, यातायात खर्च, खाजा /खानामा खर्च गर्न सकिने छ ।<br>ञ) शिक्षक मेन्टरहरूलाई स्थानीय तहबाट देहायको आधारमा रकम व्यवस्था गर्ने :<br>● शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८० को बुँदा न. ७ को (१) र (२) बमोजिमको मेन्टरिङसम्बन्धी कार्यसम्पादन गर्दा प्रचलित कानुनबमोजिम पाउने भए दैनिक तथा भ्रमण भत्ता, दैनिक तथा भ्रमण भत्ता नपाउने भए वास्तविक आधार (Actual Basis) मा इन्धन तथा यातायात खर्च, अर्थ मन्त्रालयबाट स्वीकृत नर्म्सबमोजिम स्टेशनरी/मसलन्द (आवश्यकताअनुसार फोटोकपीसमेत), खाजा/खाना, प्रतिवेदन तयारी आदि प्रयोजनार्थ माथि उल्लेखित उपक्रियाकलाप शीर्षकमा विनियोजित बजेटबाट प्रति मेन्टर अधिकतम् रू ५०,००० (अक्षरेपि पचास हजार) स्थानीय तहबाट भुक्तानी दिने,<br>● यसरी मेन्टरलाई भुक्तानी दिनुपूर्व मेन्टरले उपर्युक्तबमोजिम खर्च गर्ने प्रस्ताव स्थानीय तहमा पेस गर्नुपर्ने र उक्त प्रस्ताव स्थानीय तहबाट स्वीकृत गर्ने,<br>● मेन्टरले मेन्टरिङ कार्य सम्पन्न गरी स्थानीय तहमा बुझाएको कार्यसम्पन्न प्रतिवेदन स्थानीय तहबाट भेरिफिकेसन गर्ने,<br>ट) स्थानीय तहले मेन्टरहरूबाट पेस भई भेरिफिकेसन भएका प्रतिवेदनलाई समेटेर एकीकृत प्रतिवेदन केन्द्रको शिक्षक तालिम शाखामा पठाउनुपर्ने,<br>**१४.४. आधारभूत तथा माध्यमिक विद्यालयका IT स्रोत शिक्षक का लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास: प्रति शिक्षक रु. ६ हजार**<br>क) सामुदायिक विद्यालयका सूचना प्रविधि तथा कम्प्युटरमा दखल राख्ने शिक्षक/कर्मचारीलाई IT फोकल शिक्षकको रूपमा तोक्न लगाउने,<br>ख) IT फोकल शिक्षकलाई शिक्षा तालिम केन्द्रबाट मुख्य प्रशिक्षकका रूपमा तालिम प्राप्त प्रशिक्षकबाट ५ दिनको सूचना प्रविधिसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गर्ने,<br>ग) हालसम्म पनि सहभागी हुन नपाएका सामुदायिक विद्यालयलाई प्रथामिकता दिई कम्तीमा १/१ जना सहभागी गराउने,<br>घ) तालिम सञ्चालन गर्दा कम्प्युटर तथा सूचना प्रविधिको पर्याप्त स्रोत साधन भएको स्थानमा सञ्चालन गर्ने,<br>ङ) तालिम सञ्चालन गर्दा बढीमा २० जनासम्म सहभागीको समूह निर्माण गरी सञ्चालन गर्ने,<br>च) एक स्थानीय तहमा समूह नपुग भएमा तथा सूचना प्रविधि तालिम सञ्चालन गर्न पूर्वाधार नभएमा अन्य स्थानीय तहसँग समन्वय गरी तालिम सञ्चालन गर्नसकिने छ ।<br>**१४.५. एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइनसमेत): प्रति शिक्षक रु. ५ हजार**<br>क) एकीकृत पाठ्यक्रमको तालिम प्राप्त नगरेका विद्यालयका शिक्षकलाई प्राथामिकता दिई तालिममा सहभागी गराउने,<br>ख) एकीकृत पाठ्यक्रमसम्बन्धी तालिम प्राप्त प्रशिक्षकबाट तालिम सञ्चालन गर्ने,<br>ग) सूचना प्रविधिको पहुँच भएका विद्यालयका शिक्षकका लागि अनलाईन माध्यमबाट तालिम सञ्चालन गर्नुपर्ने,<br>घ) तालिमका सहभागी छनोट गर्दा प्रत्येक विद्यालयका कम्तीमा १ जना शिक्षक सहभागी हुने सुनिश्चितता गर्ने,<br>ङ) तालिममा सिकेका कुरा अन्य शिक्षकहरूलाई जानकारी गराउने, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| च) स्वीकृत बजेटको परिधिभित्र रही विद्यालयका थप शिक्षक तथा संस्थागत विद्यालय शिक्षकका लागि तालिम सञ्चालन गर्न सकिने ।<br>**१४. ६. स्थानीय तहको साझेदारीमा विद्यालय भौतिक सर्वेक्षण तथा नक्शाङ्कन: प्रति विद्यालय रु. १२ सयका दरले ।**<br>क) यस आवमा विद्यालय भौतिक पूर्वाधार विकासको लागि गुरूयोजना निर्माण गर्ने र स्वीकृत गुरूयोजनाको आधारमा भौतिक पूर्वाधार विकास गर्ने कार्यक्रम भएको हुँदा स्थानीय तहले विद्यालयलाई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा भएको भौतिक पूर्वाधारसम्बन्धी विवरण अद्यावधिक गर्न लगाउने,<br>ख) विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० अनुसार गठन भएको स्थानीय पूर्वाधार समितिको नेतृत्वमा विद्यालय भौतिक पूर्वाधार सर्वेक्षण एवम् विद्यालय नक्साङ्कनसम्बन्धी कार्य गर्ने,<br>ग) स्थानीय पूर्वाधार समितिले केन्द्रबाट विकास भएको विद्यालय भौतिक विवरण सर्वेक्षण उपप्रणालीमा समावेश भएका विषयवस्तुको अध्ययन गरी विद्यालय भौतिक सर्वेक्षण एवम् विद्यालय नक्साङ्कनका लागि कार्ययोजना तयार गर्ने,<br>घ) स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारी तथा विद्यालयमा रहेको प्राविधिक इन्जिनियर भए निजलाई समेत परिचालन गरी स्थानीय तहमा भएका सबै विद्यालय भवनहरूको लेखाजोखा गर्ने व्यवस्था मिलाउने र विद्यालयको भौतिक पूर्वाधारसहितको समग्र परिवेश देखिने फोटोसहितको विवरण तयार गरी IEMIS को उपप्रणालीमा प्रविष्ट गर्ने,<br>ङ) सबै सामुदायिक र संस्थागत विद्यालयमा अध्ययननरत विद्यार्थी, भौतिक अवस्था तथा जनसाङ्खिक आधारमा विद्यालयको नक्साङ्कनको प्रतिवेदन तयार गर्ने । प्राप्त प्रतिवेदनका आधारमा विद्यालय अनुमति, विद्यालय समायोजन एकीकरण जस्ता विषयमा निर्णय गर्ने,<br>च) विद्यालय नक्साङ्कनसम्बन्धी थप जानकारी शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखाबाट प्राप्त गर्न सकिने छ,<br>छ) केन्द्रको च. नं. ४२६ मिति २०८२।०३।०४ को पत्रमा उल्लेख भए बमोजिम गर्ने ।<br>**१४. ७. बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान (disability screening) लागि स्थानीय तह एवम् विद्यालयका लागि कार्यक्रम: प्रति विद्यार्थी रू १०० का दरले**<br>क) सघन रूपमा कार्यक्रम कार्यान्वयन गर्न छनोट भएका स्थानीय तह **(अनुसूची ८)** ले विद्यालयमा IEMIS सम्बन्धी काम गर्ने शिक्षक/ कर्मचारी वा प्रधानअध्यापक मध्ये एक जनालाई बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने विषयमा कम्तीमा दुई दिने क्षमता विकास तालिम सञ्चालन गर्ने,<br>ख) तालिममा अपाङ्गताको प्रारम्भिक पहिचानका लागि विकास गरिएका साधनको प्रयोग गर्ने,<br>ग) IEMIS मा आबद्ध Disability Module मा विद्यालयमा अध्ययनरत (बालविकासदेखि कक्षा ३ सम्मका) विद्यार्थीको विकसित प्रश्नको प्रयोग गरी अपाङ्गताको प्रारम्भिक पहिचान गर्ने,<br>घ) अपाङ्गताको प्रारम्भिक पहिचान भएका बालबालिकाको अपाङ्गताको अन्तिम परीक्षण तथा प्रमाणीकरणका लागि चिकित्सक समक्ष प्रेषण गर्ने र सो को तथ्याङ्क IEMIS मा प्रविष्टि गर्ने,<br>ङ) चिकित्सक समक्ष प्रेषण गरिएका बालबालिकाको स्वास्थ्य परिक्षण लगायतका कार्यमा हुने खर्चको व्यवस्थापन सम्बन्धित स्थानीय तहबाट मिलाउन सकिने छ, | | |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| च) यस क्रियाकलापका लागि प्रति विद्यार्थी रू १००।- का दरले बजेट व्यवस्था भएको छ। सोको ५०% रकम स्थानीय तहले शिक्षकको क्षमता विकासमा खर्च गर्ने र बाँकी ५०% रकम विद्यार्थीको अपाङ्गताको प्रारम्भिक पहिचानका लागि IEMIS मा आबद्ध Disability Module मा प्रविष्टि गर्ने कार्यमा संलग्न शिक्षक /कर्मचारीलाई खाजा खर्च उपलब्ध गराउने,<br>छ) स्थानीय तहको स्वास्थ्य, महिला तथा बालबालिका शाखा लगायत स्थानीय तहमा क्रियाशील गैसससँग समन्वय र सहकार्य गर्ने। | | |
| **१४.८. बालिका तथा समावेशी शिक्षा सञ्जाल सञ्चालन तथा व्यवस्थापन: तोकिए बमोजिमका स्थानीय तहमा रु. ५० हजारका दरले**<br>क) बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) सम्बन्धी मापदण्ड, २०८० र बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति,२०८० अनुसार सञ्जाल गठन गर्ने,<br>ख) एक आर्थिक वर्षमा मापदण्डले तोके अनुसार कम्तीमा ४ पटक बैठक बस्नुपर्ने,<br>ग) बालिका तथा समावेशी शिक्षा सञ्जालसम्बन्धी सम्पर्क व्यक्ति तोक्ने,<br>घ) बालिका तथा समावेशी शिक्षा सञ्जालको मापदण्ड तथा रणनीति अनुसारको बार्षिक कार्ययोजना तयार गरी स्वीकृत गर्ने,<br>ङ) बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन) गर्न सम्बन्धित स्थानीय तहले बजेट व्यवस्था गर्नुपर्ने,<br>च) सञ्जाल गठन भएको जानकारी IEMIS मा प्रबिष्टि गर्ने। | | |

**२.३.१५ क्रियाकलाप न. २.७.१३.३०५ विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१५.१ विपन्न लक्षित छात्रवृत्तिका लागि छनोट भएका (कक्षा ६-१२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृत्ति**<br>क) केन्द्रबाट प्रकाशन भएको सूचना बमोजिम सामुदायिक विद्यालयमा कक्षा ६-१२ अध्ययनरत विद्यार्थीलाई विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन कार्यविधि २०८० बमोजिम PMT फाराम भर्न लगाउने,<br>ख) स्थानीय तह तथा विद्यालयले विद्यार्थीका लागि सूचनाको प्रचार प्रसार गर्ने तर अघिल्लो वर्ष PMT फारम भरी छनोट भई सकेका विद्यार्थीले चालु आर्थिक वर्षमा पुनः फारम भर्नु पर्ने छैन,<br>ग) केन्द्रले विपन्न लक्षित छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८० को मापदण्ड बमोजिमका छात्रवृत्ति प्राप्तगर्ने विद्यार्थी छनोट गरी स्थानीय तहगत तथा विद्यालयगत विद्यार्थीको सूची प्रकाशन गर्ने,<br>घ) छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको बैङ्क खाता खोल्न लगाई सम्बन्धित स्थानीय तहले रूजु गरी IEMIS मा अपलोड गर्ने,<br>ङ) विद्यालयले छनोट भएका विद्यार्थीका लागि कार्यविधिले तोके बमोजिम प्राप्त गर्ने छात्रवृत्ति रकम हिसाव गरी स्थानीय तहमा माग गर्ने,<br>च) स्थानीय तहले विवरण रूजु गरी विद्यार्थी खातामा छात्रवृत्ति रकम प्राप्त गर्ने प्रबन्ध मिलाउने। | स्थानीय तह<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>विद्यालय | प्रकाशित सूचना, छनोट भएका विद्यार्थीको नामावली, विद्यार्थी बैङ्क खाता विवरण |

### २.३.१६ क्रियाकलाप नं. ११.१.२.४१५५ निर्मित गुरूयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१६.१. निर्मित गुरूयोजनाको आधारमा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान**<br>क) स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार निर्माण गर्दा मन्त्रालयबाट स्वीकृत विद्यालयको भौतिक पूर्वाधार निर्माण गुरूयोजना अनुसारका कार्यमात्र गर्नुपर्ने,<br>ख) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विद्यालयगत भौतिक पूर्वाधार निर्माणसम्बन्धी आवश्यकताको सर्वेक्षण गर्ने क्रममा विवरण माग गरेका वखत विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० को दफा ६(२) (क) बमोजिम विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी विवरण IEMIS मा प्रविष्टि गर्न लगाउने,<br>ग) स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको समन्वयमा प्रत्येक विद्यालयले IEMIS मार्फत समेत पेस गरेका विवरण अनुसार तयार गरिने विद्यालय भौतिक सर्वेक्षण प्रतिवेदनको आधारमा मन्त्रालयबाट स्वीकृत **विद्यालयको भौतिक पूर्वाधार निर्माण गुरूयोजना**ले प्राथमिकता निर्धारण गरेका मध्येबाट विद्यालयलाई बजेटको परिधिभित्र रही अनुदान उपलब्ध गराउने,<br>घ) विद्यालयको भौतिक पूर्वाधार निर्माणसम्बन्धी कार्य गर्दा भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०, नेपाल राष्ट्रिय भवन संहिता, २०६० र Environmental and Social Management Framework (ESMF) ले तोकेका प्रावधानहरूको पालना गर्ने,<br>ङ) स्थानीय तहले विद्यालयको भौतिक निर्माणको काममा गुरुयोजनाको आधारमा विद्यालयलाई उपलब्ध गराइएको ससर्त अनुदान रकमको कम्तीमा १० प्रतिशत लागत साझेदारी सुनिश्चित गर्नुपर्ने,<br>च) प्राविधिक जनशक्तिबाट विद्यालय भौतिक निर्माण कार्यका लागि लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्ने । लागत अनुमान तयार गर्दा जिल्लाको स्वीकृत दररेट तथा स्वीकृत सरकारी Norms को प्रयोग गर्नुपर्ने । | <u>मुख्य जिम्मेवार</u><br>स्थानीय तह<br>विद्यालय<br>प्राविधिक जनशक्ति (इन्जिनियर/सब इन्जिनियर)<br><u>सहजीकरण/समन्वय</u><br>शिक्षा विकास तथा समन्वय इकाइ | स्वीकृत कार्यक्रम तथा निर्माण सम्पन्न भौतिक पूर्वाधार सङ्ख्या, निर्माण भएका गुरूयोजना सङ्ख्या, नापी किताव, ल्याब सामग्री उपलब्ध गराएका विद्यालय सङ्ख्या, कार्यसम्पन्न प्रतिवेदन |

### २.३.१७ क्रियाकलाप नं. २.७.१३.९ द्वन्द्व पीडित परिवार शिक्षा कार्यक्रम (सहिद प्रतिष्ठानमार्फत सञ्चालन हुने) बउशीन. (३५०००१०५)

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवारी | प्रगति सूचक |
|---|---|---|
| **१७.१. सहिद स्मृति विद्यालयलाई अनुदान:**<br>क) स्थानीय तहले सहिद स्मृति विद्यालयलाई अनुदान उपलब्ध गराउनको लागि प्रस्ताव पेस गर्न लगाउने,<br>ख) प्रस्तावका क्षेत्रहरूको आवश्यकता र उपयुक्तताको मूल्याङ्कन गरी एकमुष्ट अनुदान दिने,<br>ग) प्रतिष्ठानले तोकेका आधारमा बजेट खर्च गर्ने र प्रगति नियमित रूपमा स्थानीय तहमा पठाउने । | स्थानीय तह<br>सहीद स्मृति प्रतिष्ठान/विद्यालय | अनुदान प्राप्त गरेका विद्यालय सङ्ख्या |

# खण्ड ३

# प्रदेश तहबाट सम्पादन हुने ससर्त अनुदानका सबै बजेट उपशीर्षकहरूका कार्यक्रमको कार्यान्वयन प्रक्रिया र मापदण्ड

## ३. प्रदेश तहबाट कार्यान्वयन हुने कार्यक्रमहरू

### ३.१ विद्यालय शिक्षा क्षेत्र योजना

**३.१.१ क्रियाकलाप न. ११.१.२.१२६ बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि प्रत्येक प्रदेशमा पूर्वाधारयुक्त आवासीय विद्यालय सञ्चालन: प्रत्येक प्रदेशमा ५० लाखदेखि १ करोड**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) यस क्रियाकलापमा विनियोजित रकम खर्च गर्नुपूर्व निर्माणधीन विद्यालयको स्थलगत प्राविधिक मूल्याङ्कन गरी हालसम्मको निर्माणको वास्तविक अवस्था यकिन गर्ने,<br>ख) स्वीकृत गुरूयोजनामा उल्लिखित तल दिइए अनुसारका न्यूनतम पूर्वाधार विकास हुने गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही निर्माण गर्ने,<br>• आवासीय विद्यालयमा २०० जना बालबालिका आवासमा बस्न सक्नेगरी बढीमा २ तलाको अपाङ्गता मैत्री छात्रावास भवन, भान्छा र डाइनिङ कक्ष<br>• विद्यालयमा अपाङ्गताको Screening र लेखाजोखा कक्ष, कक्षाकोठाहरू, अभिभावक र बालबालिकाका लागि परामर्श कक्ष, IT सुविधासहितको पुस्तकालय, आधारभूत उपकरणसहितको फिजियोथेरापी, सङ्गीत थेरापी, स्पिच थेरापी लगायतका थेरापी गर्न सकिने कक्ष, प्राथमिक उपचार कक्ष, खेलमैदान, प्रशासनिक भवन, वार्डेन कक्षसमेत भएको भवन<br>• पूर्वव्यावसायिक सिप विकासका लागि अभ्यास गर्ने आवश्यक सामग्रीसहितको कक्ष<br>ग) उल्लिखित प्रक्रियाका अतिरिक्त स्थानीय तह तर्फको क्रियाकलाप न. ११.१.२.३२०५ नमुना विद्यालयको भौतिक निर्माण तथा क्रियाकलाप न. ११.१.२.४१५५ निर्मित गुरूयोजनाका आधारमा स्थानीय तहको साझेदारीमा विद्यालय भवन निर्माण अनुदानमा उल्लेख भए अनुसारका आधार तथा मापदण्डहरूको अवम्वन गरी निर्माण कार्य गर्ने,<br>घ) प्रदेशले विद्यालयमा भएको भौतिक निर्माणको नियमित अनुगमन गर्ने र कार्य प्रगति केन्द्रमा समेत पठाउने। | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>शिक्षा विकास निर्देशनालय | पूर्वाधार निर्माण कार्य |

### ३.१.२ क्रियाकलाप न. २.७.१३.४९ वार्षिक, चौमासिक प्रतिवेदन तयारी तथा प्रदेश स्तरीय IEMIS व्यवस्थापन: प्रत्येक प्रदेशमा रु. ५ लाख

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले केन्द्रबाट विकास भएको IEMIS मा कुनै आवश्यक सूचना थप गर्नुपर्ने भएमा सोको विवरण तयार गरी सफ्टवेयर अद्यावधिकका लागि केन्द्रसँग समन्वय गर्ने,<br>ख) शिक्षा क्षेत्रको प्रदेश स्तरीय शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने,<br>ग) प्रदेश तहका IEMIS व्यवस्थापन कार्यमा संलग्न जनशक्तिको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,<br>घ) प्रदेशको शिक्षा हेर्ने मन्त्रालयका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विभिन्न बजेट उपशीर्षकमा ससर्त अनुदानका शीर्षकमा प्राप्त बजेट तथा कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने र केन्द्रमा सम्प्रेषण गर्ने,<br>ङ) आर्थिक वर्षको अन्त्यमा प्रदेशस्तरीय प्रगतिसहितको Status Report तयार गरी सरोकारवाला निकायहरूमा सम्प्रेषण गर्ने,<br>च) शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा उपलब्ध प्रगति प्रतिवेदनको ढाँचा उपयोग गर्ने । | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>शिक्षा विकास निर्देशनालय<br>विश्वविद्यालय तथा क्याम्पस<br>विद्यालय | शैक्षिक सूचना व्यवस्थापन प्रतिवेदन<br>त्रैमासिक र वार्षिक प्रतिवेदन<br>Status Report<br>IEMIS Report |

### ३.१.३ क्रियाकलाप न. २.७.१३.५० STEAM विषय क्षेत्रमा विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम सञ्चालन: प्रत्येक प्रदेशमा रु. १० लाख

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेश अन्तर्गत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयबाट विज्ञान, प्रविधि, इन्जिनियरिङ, कला र गणित विषयका प्रतिभा पहिचान गर्ने उद्देश्यले जिल्ला एवम् स्थानीय तहका लागि सबै विधाको प्रतिनिधित्व हुने गरी उत्कृष्ट कार्य गरेका विद्यार्थी सिफारिस गर्न लगाउने,<br>ख) प्रत्येक विधामा न्यूनतम ३ जना प्रतिनिधित्व हुने गरी प्रतिस्पर्धा गराई मूल्याङ्कन गरी ५ विधाका १/१ जना उत्कृष्ट विद्यार्थी छनोट गरी पुस्कृत गर्ने,<br>ग) छनोट भएका विद्यार्थीको विधागत नामावली केन्द्र तथा पाठ्यक्रम विकास केन्द्रलाई उपलब्ध गराउने,<br>घ) प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गर्दा मापदण्ड तथा प्रक्रियाका विषयमा पाठ्यक्रम विकास केन्द्रसँग समन्वय गरी सञ्चालन गर्ने, | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>पाठ्यक्रम विकास केन्द्र | छनोट भएका विद्यार्थी सङ्ख्या<br>कार्यक्रम प्रतिवेदन |

**३.१.४ क्रियाकलाप न. २.७.१३.४ शैक्षिक नीति, कार्यक्रम तथा निर्देशिका सम्बन्धमा अभिमुखीकरण: प्रत्येक प्रदेशमा रु. ३ लाख**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले मन्त्रालयका शिक्षा हेर्ने कर्मचारी, शिक्षा विकास निर्देशनालय तथा प्रदेशको शिक्षा हेर्ने मन्त्रालय तथा शिक्षा तालिम केन्द्र र स्थानीय तहका शिक्षा शाखाका प्रमुख/अधिकृतसमेतलाई राखी शैक्षिक नीति, विद्यालय शिक्षा क्षेत्र योजना तथा कार्यक्रम कार्यान्वयन कार्यविधिका सम्बन्धमा २ दिने अभिमुखीकरण सञ्चालन र कार्यक्रम कार्यान्वयनसम्बन्धी क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने। | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा केन्द्रीय निकायहरू<br>शिक्षा विकास निर्देशनालय | सञ्चालन भएका अभिमुखीकरण कार्यक्रमको सङ्ख्या,<br>अभिमुखीकरणमा सहभागीहरूको हाजिरी विवरण |

**३.१.५क्रियाकलाप न. २.७.१३.५१ सङ्घ प्रदेश साझेदारीमा प्रदेशबाट सञ्चालित प्राविधिक सर्वेक्षण समेतका आधारमा गुरूयोजना बमोजिम विपद्बाट क्षति भएका समेत विद्यालयको भौतिक सुधार अनुदान: प्रत्येक प्रदेशमा रू २ करोड २५ लाखदेखि ८ करोड २४ हजारसम्म**

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) ससर्त अनुदान बजेटमा प्रदेश सरकारको साझेदारी बजेट थप गरी मन्त्रालयबाट स्वीकृत विद्यालय भौतिक पूर्वाधार गुरूयोजनाले प्राथमिकता निर्धारण गरेका मध्येबाट विद्यालयहरू छनोट गरी भौतिक पूर्वाधार निर्माण गर्ने एवम् अनुदान रकम उपलब्ध गराउने,<br>ख) भौतिक निर्माणका काम गर्दा पश्चिम नेपाल भूकम्प, २०८० बाट क्षति भएका विद्यालय, मनसुनजन्य विपद् पश्चातको पुनर्लाभ (पुनर्निर्माण तथा पुनर्स्थापना) योजना २०८१/८२-२०८३/८४ मा समावेश भएका विद्यालय र चालु आवमा कुनै प्रकारको विपद्बाट क्षति भएका विद्यालयको सम्बोधन हुनुपर्ने, | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय,<br>शिक्षा विकास निर्देशनालय | विकास भएका निर्देशिका, मापदण्ड तथा प्रारूपको सङ्ख्या |

### ३.१.६ क्रियाकलाप न. २.७.१३.३५ शिक्षा तालिम केन्द्रको Digital Learning Centre को विकास तथा सुदृढीकरण: प्रत्येक प्रदेशमा रु. २५ लाख

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) प्रदेशका शिक्षा हेर्ने मन्त्रालयले Digital Learning Centre सञ्चालनका लागि गत आवमा विनियोजित बजेटको कार्यप्रगति तथा चालु आवमा सम्पादन गर्ने कार्यहरूका सम्बन्धमा शिक्षा तालिम केन्द्रबाट कार्ययोजना माग गरी तोकिएको समयमा कार्यसम्पादन गर्ने प्रतिबद्धता लिई कार्यक्रम तथा अख्तियारी उपलब्ध गराउने,<br>ख) कार्यक्रम सञ्चालन गर्दा प्रदेशस्थित शिक्षा तालिम केन्द्रमा डिजिटल सिकाइ केन्द्र (Digital Learning Center) स्थापना, विकास र सञ्चालन कार्यविधि, २०७८ बमोजिम निम्नअनुसारको कार्यप्रक्रिया अवलम्वन गरी कार्यसम्पादन गर्ने :<br>• Digital Learning Centre को स्थापना विकास तथा सुदृढीकरणका लागि आवश्यक यन्त्र, उपकरण, ICT Lab लगायतको व्यवस्थापन गर्दा केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित यन्त्र उपकरण खरिद गर्न सार्वजनिक खरिद ऐन नियमावलीबमोजिम गर्ने<br>• केन्द्रबाट स्वीकृत मापदण्डमा उल्लेखित उद्देश्यको परिपूर्ति हुने गरी Digital Learning Centre सञ्चालन गर्ने | प्रदेश स्थित शिक्षा हेर्ने मन्त्रालय<br>शिक्षा तालिम केन्द्र<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र | कार्ययोजना<br>स्थापना भएका ल्याब सङ्ख्या<br>निकासा आदेश<br>सूचीकृत विज्ञ सङ्ख्या |

### ३.१.७ क्रियाकलाप न. २.७.१३.३६ शिक्षा विकास तथा समन्वय इकाइसँग कार्यक्रम कार्यान्वयनको समीक्षा तथा समन्वय बैठक: प्रत्येक प्रदेशमा रु. ३ लाखदेखि ६ लाखसम्म

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार निकाय | प्रगति सूचक |
|---|---|---|
| क) शिक्षा क्षेत्रका सङ्घीय, प्रदेश, स्थानीय तहका कार्यालयबिच प्रभावकारी समन्वय र सहकार्य स्थापना गर्न प्रदेशभित्र रहेका शिक्षा विकास तथा समन्वय इकाइलाई कार्यक्रम तथा प्रगति समीक्षा गर्न २ दिने समन्वयात्मक बैठक/कार्यशाला आयोजना गर्ने,<br>ख) बैठक/ कार्यशालामा शिक्षा क्षेत्रमा भएका लगानी, स्थानीय तहसँगको समन्वयको अवस्था, नवप्रवर्तनात्मक कार्य, शिक्षा क्षेत्रका चुनौती तथा आगामी दिनमा सञ्चालन गर्नुपर्ने कार्यहरूको समीक्षा गरी शिक्षा क्षेत्रको नीतिगत तथा कार्यक्रमगत सुधारका लागि भावी मार्ग चित्र तयार गर्ने,<br>ग) बैठक/कार्यशालाको प्रतिवेदन तयार गरी केन्द्रको योजना तथा अनुगमन शाखामा पठाउने। | प्रदेशको शिक्षा हेर्ने मन्त्रालय,<br>शिक्षा विकास निर्देशनालय,<br>शिक्षा विकास तथा सबन्वय इकाइ | सहभागीको हाजिरी,<br>विकास भएको शैक्षिक सुधार मार्ग चित्र,<br>बैठक कार्यशाला प्रतिवेदन |

| ग) शिक्षक दरबन्दी मिलान तथा अभिलेख व्यवस्थापनसँग सम्बन्धित विषयमा समन्वयात्मक बैठक, अन्तरक्रिया, सहजीकरण केन्द्रीय नीति प्रबोधीकरण जस्ता कार्यक्रम सञ्चालन गर्ने<br>घ) विद्यालयले IEMIS मा प्रविष्टि गरेको शिक्षक कर्मचारीको विवरण दुरूस्त रहेको यकिन गर्ने | | दरबन्दी मिलान कार्यसम्पन्न गरेका स्थानीय तह अद्यावधिक शिक्षक तथा कर्मचारी दरबन्दी विवरण |
| **७. क्रियाकलाप न. २.७.१३.५०२ नवप्रवेशी शिक्षकका लागि सेवा प्रवेश तालिम**<br>क) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट विकास भएको तालिम पाठ्यक्रमका आधारमा शिक्षक सेवा आयोगबाट सिफारिस भई आएका शिक्षकको नियुक्ति पश्चात पेसागत जिम्मेवारी तथा शिक्षण सिकाइसँग सम्बन्धित विषयमा न्यूनतम ३ दिने सेवा प्रवेश तालिम सञ्चलन गर्ने<br>ख) तालिमको सहजीकरणका लागि स्थानीय तहका कर्मचारीका अतिरिक्त विषयगत शिक्षकसमेत परिचालन गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह | तालिम प्राप्त शिक्षक सङ्ख्या |
| **८. क्रियाकलाप न. २.७.१३.१२७ त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयारी सम्प्रेषण (स्थानीय तहकोसमेत)**<br>क) स्वीकृत कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन त्रैमासिक समाप्त भएको ७ दिनभित्रमा तयार गरी केन्द्रमा अनिवार्य रूपले पठाउने<br>ख) जिल्लाभित्रका स्थानीय तहसँग समन्वय गरी त्रैमासिक समाप्ति भएपश्चात् ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलापको प्रगति शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट विकास भएको बजेट अनुगमन प्रणाली monitoring.moest.gov.np सफ्टवेयरमा प्रविष्टि गर्न लगाउने र सो का लागि स्थानीय तहको अभिमुखीकरण गर्ने<br>ग) शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्रस्तावित स्थिति प्रतिवेदनको ढाँचामा स्थानीय तहबाट प्राप्त स्थिति प्रतिवेदनहरूलाई समेत एकीकृत गरी केन्द्रमा पठाउने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय | जिल्लाको त्रैमासिक/वार्पिक प्रगति प्रतिवेदन<br>स्थानीय तहको त्रैमासिक/वार्पिक प्रगति प्रतिवेदन<br>स्थानीय तहगत एकीकृत स्थिति प्रतिवेदन |
| **९. क्रियाकलाप न. २.७.१३.१२८ विद्यालय एवम् स्थानीय तहका पदाधिकारीलाई शैक्षिक नीति अभिमुखीकरण (ESMF सहित)**<br>क) चालु आ.व. का लागि स्वीकृत कार्यक्रम एवम् स्थानीय तहमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमका सम्बन्धमा केन्द्रीयस्तरको कार्यशालामा सहभागीले जिल्लाभित्र रहेका प्रत्येक स्थानीय तहबाट १ जना शिक्षा शाखाको प्रमुख/प्रतिनिधि तथा १ जना जनप्रतिनिधिको सहभागिता हुने गरी २ दिने अभिमुखीकरण एवम् कार्यक्रमको प्रगति समीक्षा सञ्चालन गर्ने र स्थानीय तहले विद्यालयका प्रधानाध्यापकका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको सुनिश्चित गर्ने<br>ख) स्वीकृत Environment and Social Management Framework (ESMF) लगायतका विषयवस्तु समावेश गरी सत्र सञ्चालन गर्ने<br>ग) विद्यालयको भौतिक निर्माणसम्बन्धी गुरूयोजनाका सम्बन्धमा स्थानीय तहहरूका लागि अभिमुखीकरण गर्ने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय | कार्ययोजना<br>अभिमुखीकरणका सहभागीहरूको हाजिरी |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| घ) कार्यक्रम अभिमुखीकरण गर्दा स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ का आधारमा कार्यक्रमको प्रगति प्रतिवेदन माग गरी एकीकृत प्रतिवेदन केन्द्रको योजना तथा अनुगमन शाखामा पेस गर्ने | | |
| **१०. क्रियाकलाप न. २.७.१३.१२९ विद्यालय लेखापालन तथा सार्वजनिक खरिद तालिम**<br>क) विद्यालय लेखा प्रणाली प्रयोग गर्न इच्छुक र आवश्यक पूर्वाधार पूरा गरेका विद्यालयबाट प्रधानाध्यापक र लेखा कर्मचारी सहभागी हुने गरी तालिम कार्यक्रमको योजना निर्माण गर्ने<br>ख) आव २०८०/८१ सम्ममा विद्यालय लेखा प्रणालीको प्रयोगसम्बन्धी तालिम प्राप्त गरेका विद्यालय बाहेकका विद्यालयलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राप्त मार्गदर्शनका आधारमा तालिम प्राप्त सहजकर्ताबाट न्यूनतम ३ दिने विद्यालय लेखा प्रणाली (School Accounting System- SAS) कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन गर्ने<br>ग) प्रणालीको कार्यान्वयन गर्न लगाई तालिमका सहभागी विद्यालयको नामनामेसी विवरण केन्द्रको आर्थिक प्रशासन शाखामा अनिवार्य रूपमा पठाउने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय | विद्यालय लेखा प्रणालीको कार्यान्वयन<br>तालिम प्रतिवेदन |
| **११. क्रियाकलाप न. २.७.१३.१३० लेखाजोखा केन्द्र व्यवस्थापन**<br>क) लेखाजोखा केन्द्र संयोजकले विद्यालयमा अध्ययनरत विद्यार्थीको अपाङ्गतासँग सम्बन्धित सङ्घसंस्थाहरूको सहकार्य एवम् स्थानीय तहसँग समन्वय गरी लेखाजोखा गर्न लगाउने<br>ख) यस शीर्षकमा प्राप्त बजेटबाट लेखाजोखा केन्द्रलाई प्रतिकेन्द्र रु. ४५,०००।- का दरले निकासा दिने र उक्त रकम देहायअनुसार खर्च गर्न सकिने:<br>• छनोट एवम् लेखाजोखा गर्ने प्रयोजनका लागि सञ्चालन खर्च रु. १२,०००।–<br>• तथ्याङ्क फाराम विकास तथा मसलन्दका लागि रु. ३,०००।–<br>• तथ्याङ्क सङ्कलन, कार्यक्रम निरीक्षण, अनुगमन तथा लेखाजोखा गर्ने कार्यका लागि (केन्द्र संयोजक वा फोकल पर्सन) रु.. २८,०००।–<br>• तथ्याङ्क वा अभिलेखीकरण, प्रतिवेदन तयारी वा अन्य विविध कार्यका लागि रू. २,०००।–<br>ग) यस पूर्व जिल्लामा कार्यरत लेखाजोखा संयोजक भएको भए निजलाई नै निरन्तरता दिने, रिक्त भएमा लेखाजोखा व्यवस्थापन समितिले विज्ञापन गरी नियमअनुसार नियुक्तिको प्रक्रिया पूरा गरी नियुक्ति गर्ने<br>घ) लेखाजोखा संयोजकको तलबभत्ताका लागि स्थानीय तहले प्राथमिक तह तृतीय श्रेणी सरहको शिक्षक तलब अनुदान पदाधिकार रहेको विद्यालयबाटै प्राप्त गर्ने गरी सम्बन्धित विद्यालयमा निकासा अनुदान उपलब्ध गराउने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>लेखा जोखा संयोजक | लेखाजोखा गरिएका विद्यार्थी सङ्ख्या<br>प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ङ) केन्द्र संयोजकले जिल्लाका सबै स्थानीय तहसँग समन्वय गरेर अपाङ्गता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्ने, छात्रवृत्तिका लागि सिफारिस गर्ने, स्रोत कक्षा एवम् विशेष विद्यालयमा भर्नाका लागि सिफारिस तथा अपाङ्गता शिक्षासम्बन्धी अन्य सबै कार्य गर्नुपर्ने भएकाले लेखाजोखा संयोजकले शिक्षा विकास तथा समन्वय इकाइमा रही इकाइ प्रमुखको निर्देशनमा कार्य गर्ने<br>च) लेखाजोखा केन्द्र संयोजकलाई तोकिएको कार्य विवरणबमोजिमको कार्य गराई प्रत्येक आ.व. समाप्त भएको ७ दिनभित्र तोकिएको ढाँचामा प्रगति प्रतिवेदन तयार गर्न लगाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समावेशी शिक्षा शाखामा पठाउने व्यवस्था मिलाउने | | |
| **१२. क्रियाकलाप न. २.७.१३.१३७१ एकीकृत पाठ्यक्रम तथा अन्य परिमार्जित पाठ्यक्रमको कार्यान्वयनका लागि शिक्षकको क्षमता विकास (प्रशिक्षक प्रशिक्षण)**<br>क) पाठ्यक्रम विकास केन्द्रबाट पाठ्यक्रम परिमार्जन भई कार्यान्वयनमा रहेका स्वीकृत पाठ्यक्रम बमोजिमका प्रवोधीकरण हुन बाँकी रहेका विषयहरू यकिन गर्ने<br>ख) केन्द्रबाट सञ्चालित प्रशिक्षक प्रशिक्षणमा सहभागी भएका प्रशिक्षकबाट जिल्लाभित्रका प्रअ/शिक्षक, स्थानीय तहका शिक्षा शाखा पदाधिकारी, शिक्षा तालिम केन्द्रका प्रशिक्षक, विषयगत शिक्षकको सहभागितामा २ दिने जिल्ला स्तरीय प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने<br>ग) पाठ्यक्रम प्रबोधीकरण हुने विषयमा सबै विद्यालयबाट कक्षामा शिक्षण गर्ने विषयगत शिक्षकमध्येबाट कम्तीमा १ जना शिक्षक सहभागी हुने गरी तालिम कार्यक्रमको योजना निर्माण गरी स्थानीयस्तरमा अभिमुखीकरण सञ्चालन गर्ने<br>घ) जिल्लामा भर्चुअल माध्यमबाट तालिममा सहभागी हुनसक्ने विद्यालयका शिक्षकलाई भर्चुअल माध्यमबाट अभिमुखीकरण गर्ने, अभिमुखीकरणसम्बन्धी अन्य विषय पाठ्यक्रम विकास केन्द्रको निर्देशनका आधारमा गर्ने<br>ङ) अभिमुखीकरणका सम्बन्धमा जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी केन्द्रमा अनिवार्य पठाउने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय | जिल्ला प्रशिक्षकको हाजिरी, कार्ययोजना अभिमुखीकरणका सहभागीको हाजिरी तालिम प्रतिवेदन |
| **१३. क्रियाकलाप न. २.७.१३.११९१ अनिवार्य तथा नि:शुल्क शिक्षाको कार्यान्वयनका लागि सहजीकरण**<br>क) स्थानीय तह, विद्यालय, सामुदायिक सिकाइ केन्द्र, विद्यार्थी तथा निजका अभिभावकलाई प्रत्यक्ष तथा बैकल्पिक माध्यमबाट अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनका लागि सरोकारवालालाई अभिमुखीकरण गर्ने<br>ख) अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली बमोजिमका प्रावधानहरूको कार्यान्वयनका सम्बन्धमा छापा तथा विद्युतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्ने र मन्त्रालयबाट स्वीकृत कार्यान्वयन कार्ययोजना बमोजिमका कार्यहरू गर्ने<br>ग) स्थानीय तहलाई विद्यालय बाहिर रहेका बालबालिकाको नामनामेसीसहितको प्रोफाइल तयार गर्न सहजीकरण गरी जिल्लाको एकमुष्ट विवरण तयार गर्ने र अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा पठाउने | शिक्षा विकास तथा समन्वय इकाइ | कार्यक्रम प्रतिवेदन विद्यालय बाहिर रहेका बालबालिकाको नामनामेसी सहितको एकमुष्ट विवरण |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| **१४. क्रियाकलाप न. २.७.१३.५०१ स्थानीय तहसँगको समन्वयमा विद्यालय सुपरिवेक्षण तथा शिक्षकका लागि पेसागत सहयोग**<br>क) स्थानीय तहसँगको समन्वयमा विद्यालय सुपरीवेक्षण र शिक्षकको पेसागत सहयोगलाई प्रभावकारी वनाउन वार्षिक अनुगमन योजना तयार गर्ने<br>ख) जिल्ला एवम् स्थानीय तहका शिक्षा शाखामा कार्यरत अधिकृतस्तरका कर्मचारी, माध्यमिक तहका शिक्षक रहेको विषयगत समिति तथा विषयविज्ञ रहेको रोष्टर निर्माण गर्ने<br>ग) सुगम तथा दुर्गम र सबै स्थानीय तह समेटिने गरी सबै विद्यालयमा ३ महिनामा कम्तिमा १ पटक शैक्षिक कार्यक्रमको अनुगमन/सुपरिवेक्षण गरी पेसागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदान  प्रदान, मागमा आधारित छोटा अवधिका तालिम, नमुना पाठ प्रदर्शन एवम् शैक्षणिक समस्या समाधानका लागि छलफल गर्ने गराउने<br>घ) सम्पादित कार्यक्रमको वार्षिक प्रतिवेदन तयार गर्ने<br>ङ) यस कार्यक्रममा स्वीकृत क्रियाकलाप न. २.८.१.४ मा विनियोजित रकमलाई समेत समावेश गर्न सकिने | शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह | कार्य योजना<br>विद्यालय सुपरीवेक्षण तथा पेसागत सहयोग प्राप्त गरेका विद्यालय<br>वार्षिक प्रतिवेदन |
| **१५. क्रियाकलाप नं. २.७.१३.१७२ स्थानीय तहका लागि योजना तर्जुमा प्रतिवेदन तयारी लगायतका कार्यका लागि प्राविधिक सहयोग तथा क्षमता विकास**<br>क) जिल्लाभित्रका स्थानीय तहलाई मागका आधारमा वार्षिक योजना तर्जुमा, मासिक/त्रैमासिक/वार्षिक प्रतिवेदन तयारीका लागि स्थलगत प्राविधिक सहायता उपलब्ध गराउने<br>ख) स्थानीय तहले शिक्षा योजना तर्जुमा मार्गदर्शन २०७९ (संशोधन २०८१) बमोजिम योजना निर्माण गरी स्थानीय तहको वेबसाइटमा अपलोड गर्ने कार्यमा सहजीकरण गर्ने<br>ग) आवश्यकताअनुसार क्षमता विकासका गोष्ठी/कार्यशाला सञ्चालन गर्ने<br>घ) ससर्त अनुदानमार्फत विद्यालयमा उपलब्ध हुने भौतिक निर्माणका सम्बन्धमा कार्यक्रम कार्यान्वयन कार्यविधिले तोकेको मापदण्ड तथा कार्यसम्पन्न प्रतिवेदन तयारी सम्बन्धमा स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीलाई अभिमुखीकरण गर्ने | स्थानीय तह<br>शिक्षा विकास तथा समन्वय इकाइ | सहजीकरण<br>कार्यशाला सङ्ख्या<br>प्रगति प्रतिवेदन निर्माण भई वेबसाइटमा अपलोड भएका स्थानीय शिक्षा योजना सङ्ख्या |
| **१६. क्रियाकलाप न.२.७.१३.३० ऐन नियम तथा निर्देशिकामा उल्लेखित विभिन्न समितिको बैठक सञ्चालन**<br>क) ऐन नियम तथा निर्देशिकामा उल्लिखित समितिका बैठकको सूची तयार गरी अनुमानित लागत तयार गर्ने<br>ख) नियमनुसार बैठक सञ्चालन गरी स्वीकृत नर्म्सका आधारमा खर्च गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ | सञ्चालित बैठक<br>बैठकका निर्णय कार्यान्वयनको अवस्था |
| **१७. क्रियाकलाप नं. २.७.१३.७३१ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि माध्यमिक तहका प्रधानाध्यापकहरूसँग अन्तरक्रिया**<br>क) शिक्षाका समसामयिक विषय, केन्द्रीय निकायहरूबाट विद्यालयमार्फत कार्यान्वयन हुने नीति तथा मार्गदर्शनका विषयमा जिल्लामा सञ्चालित संस्थागत तथा सामुदायिक आधारभूत /माध्यमिक तहका प्रधानाध्यापकहरूसँग १ दिने अन्तरक्रिया सञ्चालन गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ<br>जिल्लामा सञ्चालित | अन्तरक्रियाका सहभागीको हाजिरी<br>कार्यक्रम प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ख) अन्तरक्रियामा शैक्षिक नीति तथा कार्यान्वयनमा देखिएका समस्या समाधानका उपाय, शैक्षिक गुणस्तर अभिवृद्धिमा प्रधानाध्यापकको भूमिका, IEMIS व्यवस्थापन, विद्यालय शिक्षा क्षेत्र योजनाको कार्यान्वयनमा विद्यालयको भूमिका आदि विषयमा कार्यक्रम सञ्चालन गरी एकीकृत प्रतिवेदन तयार गर्ने<br>ग) जिल्लामा सञ्चालित संस्थागत विद्यालयका छाता सङ्गठनहरू प्याब्सन/एनप्याब्सन लगायतका संस्थाको समन्वयमा परिवर्तित पाठ्यक्रम कार्यान्वयन तथा अन्य समसामयिक विषयमा छलफल गर्ने<br>घ) कार्यक्रमको एकीकृत प्रतिवेदन केन्द्रको योजना तथा अनुगमन शाखामा अनिवार्य रूपमा पेस गर्ने | सामुदायिक तथा संस्थागत विद्यालय<br>स्थानीय तह | |
| **१८. क्रियाकलाप नं. ७.२.३.२ द्वन्द्वपीडित छात्रवृत्ति (गैरआवासीय)**<br>क) विद्यालयमा अध्ययनरत द्वन्द्वपीडित छात्रवृत्ति प्राप्त गर्न योग्य विद्यार्थीको प्रमाणसहितको आवेदन सङ्कलन गर्ने<br>ख) विद्यार्थी विवरणका आधारमा बिनियोजित बजेट तथा कार्यक्रमको अधिनमा रही नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी (चौथो संशोधन, २०७४) कार्यविधि, २०६६ अनुसार विद्यार्थी छनोट गरी छात्रवृत्ति उपलब्ध गराउने<br>ग) बजेट नपुग हुने भएमा पुस मसान्तभित्र अनिवार्य रूपले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समावेशी शिक्षा शाखामा विवरण उपलब्ध गराउने<br>घ) छनोट भएका विद्यार्थीका लागि तपसिलअनुसारको दरमा विद्यार्थीको बैङ्क खाता खोल्न लगाई खातामा रकम उपलब्ध गर्ने गराउने :<br>१. आधारभूत तह (कक्षा १- ५) मा अध्ययनरत विद्यार्थी वार्षिक रू. १२,०००।– (बाह्र हजार रुपियाँ मात्र)<br>२. आधारभूत तह (कक्षा ६- ८) मा अध्ययनरत विद्यार्थी वार्षिक रू. १४,०००।– (चौध हजार रुपियाँ मात्र)<br>३. माध्यमिक तह (कक्षा ९- १०) मा अध्ययनरत विद्यार्थी वार्षिक रू. १६,०००।– (सोह्र हजार रुपियाँ मात्र)<br>४. माध्यमिक तह (कक्षा ११- १२)/प्रमाणपत्र तहमा अध्ययनरत विद्यार्थी वार्षिक रू. १८,०००।– (अठार हजार रुपियाँ मात्र)<br>ङ) यस्तो छात्रवृत्ति १८ (अठार) वर्षको उमेरसम्मका छात्र छात्रालाई मात्र उपलब्ध गराउने (कार्यविधि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको वेबसाइट (www.cehrd.gov.np) मा उपलब्ध छ ।)<br>च) उमेरहद पार गरेका तथा अध्ययनको तह पूरा गरेका विद्यार्थीको विवरण अद्यावधिक गरी केन्द्रलाई उपलब्ध गराउने<br>छ) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको नामनामेसी विवरण केन्द्रको समावेशी शिक्षा शाखामा पठाउने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र<br>गाउँपालिका/ नगरपालिका<br>विद्यालय | छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>निर्णय कार्यविधि<br>छात्रवृत्ति वितरणको भर्पाइ |
| **१९. क्रियाकलाप नं. ७.२.३.१. सहिदका छोराछारीका लागि छात्रवृत्ति (गैरआवासीय)**<br>क) विद्यालयमा अध्ययनरत सहिदका छोरा छोरीहरूको कक्षागत नामनामेसी विवरण तयार गर्ने | शिक्षा तथा मानव स्रोत विकास केन्द्र | छात्रवृत्ति पाउने विद्यार्थी सङ्ख्या<br>निर्णय कार्यविधि |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| ख) नेपाल सरकार गृह मन्त्रालयबाट सहिद घोषणा गरेको प्रमाणपत्र लिएको व्यक्तिको सन्तान भएको यकिन गरी प्रारम्भिक बाल शिक्षा कक्षा र कक्षा १–५ मा अध्ययनरत विद्यार्थीको हकमा रु. १,०००।– का दरले १२ महिनाको रु. १२,०००।–, कक्षा ६ –८ मा अध्ययनरत विद्यार्थी र माध्यमिक तहको कक्षा ९-१० मा अध्ययनरत विद्यार्थी हकमा रु. १५००।– का दरले १२ महिनाको १८,०००।– र कक्षा ११ र १२ अध्ययनरत विद्यार्थी हकमा रु. २०००।– का दरले १२ महिनाको रु. २४,०००।– का दरले बैङ्क खातामा उपलब्ध गराउने<br>ग) छात्रवृत्ति वितरणका लागि बजेट नपुग हुने भएमा सहिदका छोराछोरीको नाम नामेसीसहित पुस मसान्तभित्र अनिवार्य रूपले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको समावेशी शिक्षा शाखामा उपलब्ध गराउने<br>घ) छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीको नामनामेसी विवरण केन्द्रको समावेशी शिक्षा शाखामा पठाउने<br>***द्रष्टव्य: कुनै पनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्ने साथै कक्षा दोहोऱ्याएमा, बिचैमा पढाइ छोडेमा उक्त छात्रवृत्ति प्रदान नगर्ने*** | शिक्षा विकास तथा समन्वय इकाइ<br>विद्यालय | छात्रवृत्ति वितरणको भर्पाइ |
| **२०. क्रियाकलाप २.८.१.४ कार्यक्रम तथा Compliance अनुगमन**<br>क) जिल्लाभित्रका स्थानीय तहमा ससर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरू विशेष गरी दिवा खाजा छात्रवृत्ति, भौतिक निर्माण, नि:शुल्क पाठ्यपुस्तक, विपत्को अवस्थामा सिकाइ निरन्तरता, स्यानिटरी प्याड व्यवस्थापन लगायतका कार्यक्रमको अनुगमन गर्न वार्षिक अनुगमन योजना बनाई अनुगमन गर्ने<br>ख) अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, सम्मानित अदालत लगायतका नियमनकारी निकायहरूबाट स्थलगत अनुगमन गरी प्रतिवेदन पेस गर्नुपर्ने विषयहरूलाई विशेष प्रथामिकतामा राखी अनुगमन योजनामा समावेश गर्ने<br>ग) विद्यालय तथा स्थानीय तहको अनुगमन गर्दा केन्द्रबाट विकास भएको अनुगमन साधनको प्रयोग गरी अनुगमन गर्ने<br>घ) अनुगमन कार्यको समष्टिगत प्रतिवेदन त्रैमासिक र वार्षिक रूपमा तयार गरी केन्द्रमा पठाउने<br>ङ) अनुगमनको मासिक प्रतिवेदन तथा आर्थिक वर्षको अन्त्यमा जिल्लाको समष्टिगत अनुगमन प्रतिवेदन र त्यसको प्रभाव झल्किने गरी बनाइएको प्रतिवेदन अनिवार्य रूपमा केन्द्रको योजना तथा अनुगमन शाखामा पठाउने | शिक्षा तथा समन्वय इकाइ<br>विद्यालय | अनुगमन योजना<br>अनुगमन प्रतिवेदन |
| **२१. २.७.१३.१३७० शिक्षा तथा साक्षरता दिवस**<br>क) शिक्षा, साक्षरता दिवस लगायतका दिवस मनाउने सम्बन्धमा कार्यक्रम तय गर्ने<br>ख) सरोकारवालाको सहभागितामा गोष्ठी, अन्तर्क्रिया, छलफल लगायतका कार्यक्रम सञ्चालन गर्ने<br>ग) तोकिएका दिन दिवस मनाउने कार्यक्रम सञ्चालन गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ | विभिन्न दिवसका दिन कार्यक्रम सञ्चालन र सो को प्रतिवेदन |

| उपक्रियाकलाप र कार्यान्वयन प्रक्रिया | जिम्मेवार तह | प्रगति सूचक |
|---|---|---|
| २२. २.७.१३.१३६९ **विद्यार्थीमा उद्यमशीलता विकासका लागि प्रवर्तनात्मक कार्य**<br>क) सरोकारवालाको सहभागितामा जिल्लाका विद्यालयमा उपयुक्त उद्यमशीलताका कार्यक्रम सञ्चालन कार्यविधि तयार पार्ने<br>ख) उद्यमशीलताका कार्यक्रम सञ्चालन गर्न चाहने विद्यालयबाट आवेदन माग गर्ने<br>ग) सम्बन्धित विज्ञ परिचालन गरी स्थानीय तहको समन्वयमा विद्यालयमा उद्यमशीलताका कार्यक्रम सञ्चालन गर्ने | शिक्षा विकास तथा समन्वय इकाइ | कार्यक्रमको विवरण र लाभान्वित विद्यार्थीको विवरण |
| **२३. २.७.१३.१३७२ कक्षा ५ को नासा परीक्षण सञ्चालन**<br>क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट छनोट भएका विद्यालयका विद्यार्थीका लागि तोकिएको मापदण्ड बमोजिम परीक्षण सञ्चालन गर्ने,<br>ख) यस कार्यक्रम सञ्चालन गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको समन्वय सहजीकरणमा केन्द्रबाट विकास भएको मापदण्ड अनुसार गर्ने। | शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह<br>विद्यालय | कार्यक्रम प्रतिवेदन |
| २४. २.७.१३.१३७४ **कक्षा ३ को NARN को पूर्व परीक्षण सञ्चालन**<br>क) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाटबाट छनोट भएका विद्यालयका विद्यार्थीका लागि तोकिएको मापदण्ड बमोजिम पूर्व परीक्षण सञ्चालन गर्ने,<br>ख) यस कार्यक्रम सञ्चालन गर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्रको समन्वय सहजीकरणमा केन्द्रबाट विकास भएको मापदण्ड अनुसार गर्ने। | शिक्षा विकास तथा समन्वय इकाइ<br>स्थानीय तह<br>विद्यालय | कार्यक्रम प्रतिवेदन |
| २५. २.७.९.५ **साक्षर जिल्ला घोषणाका लागि कार्यक्रम सञ्चालन**<br>क) साक्षर घोषणा हुन बाँकी रहेका जिल्लाले स्थानीय तहसँग समन्वय गरी जिल्ला साक्षरता समन्वय समितको बैठकबाट साक्षर स्थानीय तह तथा साक्षर जिल्ला घोषणाको कार्ययोजना बनाउने<br>ख) कार्ययोजनाको आधारमा स्थानीय तहलाई सहजीकरण गर्ने<br>ग) आव २०८१/८२ मा साक्षर घोषणा भई दायित्व सिर्जना भएका जिल्लाले यसै शीर्षकबाट भुक्तानी गर्ने<br>घ) आव २०८२/८३ मा जिल्लाहरू साक्षर घोषणा गरी सोको प्रगति शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनौपचारिक तथा बैकल्पिक शिक्षा शाखामा पठाउने | शिक्षा विकास तथा समन्वय इकाइ,<br>स्थानीय तह<br>जिल्ला साक्षरता समन्वय समिति | जिल्ला साक्षरता समन्वय समितिको बैठक, साक्षर घोषणाको कार्ययोजना, साक्षर घोषणा भएका जिल्लाहरूको सङ्ख्या |

# अनुसूचीहरू

# अनुसूची १

## तहगत शिक्षकको वार्षिक तलब र भत्ता नपुग माग फाराम

..........गाउँपालिका/ नगरपालिका

आर्थिक वर्ष २०८२।०८३ शिक्षक तलब भत्ता विवरण

| तह | सङ्ख्या | स्केल | तलब | | | | | भत्ता | | | | | | | वार्षिक आवश्यक रकम | अख्यारी | नपुग रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलब रकम वार्षिक | वार्षिक औसत ग्रेड | वार्षिक क.सं कोष थप | वार्षिक बीमा कोष थप | जम्मा तलब | चाडपर्व खर्च | पोसाक खर्च | महँगी भत्ता | स्थानीय भत्ता १०.५ महिनाको | | प्रअ भत्ता | जम्मा भत्ता | | प्राप्त रकम | |
| | | | | | | | | | | | ६ कोषभित्र मासिक | ६ कोष बाहिर मासिक | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |
| माध्यमिक तह | | | | **स्थानीय तहको जम्मा स्वीकृत दरबन्दी/अनुदान सङ्ख्या :** | | | | | | | | | | (साविकको माध्यमिक र उच्च माध्यमिकको जोड | | | |
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | र | | | | | | | | | | | | |
| आधारभूत तह (कक्षा ६-८ तहको जम्मा जोड) | | | | | | | | | | | | | | | | | |
| निम्नमाध्यमिक | | | | **स्थानीय तहको जम्मा स्वीकृत दरबन्दी/अनुदान सङ्ख्या :** | | | | | | | | | | | | | |
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | | | | |

...........गाउँपालिका/ नगरपालिका

आर्थिक वर्ष २०८२।०८३ शिक्षक तलब भत्ता विवरण

| तह | सङ्ख्या | स्केल | तलब | | | | | भत्ता | | | | | | | वार्षिक आवश्यक रकम | अख्यारी | नपुग रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | तलब रकम वार्षिक | वार्षिक औसत ग्रेड | वार्षिक क.सं कोष थप | वार्षिक बीमा कोष थप | जम्मा तलब | चाडपर्व खर्च | पोसाक खर्च | महँगी भत्ता | स्थानीय भत्ता १०.५ महिनाको | | प्रअ भत्ता | जम्मा भत्ता | | प्राप्त रकम | |
| | | | | | | | | | | | ६ कोषभित्र मासिक | ६ कोष बाहिर मासिक | | | | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ |

आधारभूत तह (कक्षा
१-५ प्राथमिक तहको जम्मा जोड)

| प्राथमिक | **स्थानीय तहको जम्मा स्वीकृत दरबन्दी/अनुदान सङ्ख्या :** | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रथम | | | | | | | | | | | | | | | | | |
| द्वितीय | | | | | | | | | | | | | | | | | |
| तृतीय | | | | | | | | | | | | | | | | | |
| अस्थायी | | | | | | | | | | | | | | | | | |
| राहत | | | | | | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | | | | | | |
| कुल जम्मा | | | | | | | | | | | | | | | | | |

स्थानीय भत्ता पाउने शिक्षक सङ्ख्या

| माध्यमिक | | |
|---|---|---|
| तह | ६ कोषभित्र | ६ कोष बाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

| निम्न माध्यमिक | | |
|---|---|---|
| तह | ६ कोषभित्र | ६ कोष बाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

| प्राथमिक | | |
|---|---|---|
| तह | ६ कोषभित्र | ६ कोष बाहिर |
| प्रथम | | |
| द्वितीय | | |
| तृतीय | | |

.

................... 
तयार गर्ने

......................... 
रुजु गर्ने

.................. 
प्रमाणित गर्ने

## अनुसूची २

## विशेष शिक्षा परिषद् अनुदानबाट सञ्चालनमा रहेका विशेष विद्यालयका लागि शैक्षिक सामग्री र मसलन्द (इन्धन खर्च ) वितरणका आधार

**१. शैक्षिक सामग्री बापत वार्षिक**

**(क)** एकीकृत विद्यालय (दृष्टि र सुनाइ अपाङ्गतातर्फ)

- २० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. २०,०००।–
- ४० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. ३०,०००।–
- ४० जनाभन्दा बढी विद्यार्थी सङ्ख्या भएमा रू. ४०,०००।

**(ख) विशेष विद्यालय (दृष्टि र सुनाइ अपाङ्गता तर्फ)**

- कक्षा ६ सम्म सञ्चालन भएमा रू. २५,०००।–
- कक्षा ७ सम्म सञ्चालन भएमा रू. ३०,०००।–
- कक्षा ८ सम्म सञ्चालन भएमा रू. ४०,०००।–
- कक्षा १० सम्म सञ्चालन भएमा रू. ५०,०००।–
- कक्षा १२ सम्म सञ्चालन भएमा रू. ६०,०००।–

**(ग) विशेष विद्यालय (बौद्धिक अपाङ्गतातर्फ)**

- २० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. २०,०००।–
- ३० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. ३०,०००।–
- ४० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. ४०,०००।–
- ५० जनासम्म विद्यार्थी सङ्ख्या भएमा रू. ५०,०००।–
- ५० जनाभन्दा बढी विद्यार्थी सङ्ख्या भएमा रू. ६०,०००।

**(घ) एकीकृत⁄विशेष विद्यालय (शारीरिक अपाङ्गतातर्फ)**

- आधारभूत तह (कक्षा ८ सम्म) सञ्चालनमा रहेको भएमा रू. ३०,०००।–
- माध्यमिक तह (कक्षा १२ सम्म) सञ्चालनमा रहेको भएमा रू. ६०,०००।–

**२. विशेष विद्यालयका लागि वार्षिक मसलन्द (इन्धन खर्च )**

- ठुलो गाडी (२५ सिटभन्दा बढी क्षमता भएको ) का लागि प्रति गाडी रू. २,००,०००।–
- सानो गाडी (२५ सिटभन्दा कम क्षमता भएको मिनी बस, टाटा सुमो, बोलेरो जीप,स्कर्पियो आदि ) का लागि प्रति गाडी रू. १,००,०००।–
- भ्यान,रिक्सा,अटो रिक्सा,ट्याम्पो आदि विद्यालयको आफ्नै वा भाडा लिने प्रयोजनका लागि रू. ६०,०००।–
- अन्य (कुनैपनि साधन प्रयोग नगर्ने विशेष विद्यालयका लागि आकस्मिक यातायात व्यवस्थापन खर्च रू. २०,०००।–

**३. अपाङ्गता भएका विद्यार्थी अध्ययनरत विद्यालयलाई अनुदान (दृष्टि, बहिरा,अटिजम, श्रवणदृष्टीविहीनता, बहुअपाङ्गता)**

**४. एकीकृत / विशेष विद्यालय (शारीरिक अपाङ्गतातर्फ )**

- आधारभूत तह (कक्षा ८ सम्म) सञ्चालनमा रहेको भएमा रू. ३०,०००।-
- माध्यमिक तह (कक्षा १२ सम्म) सञ्चालनमा रहेको भएमा रू. ६०,०००।–

**५. विशेष विद्यालयका लागि मसलन्द (इन्धन खर्च ) वार्षिक**

- ठूलो गाडी ( २५ सिटभन्दा बढी क्षमता भएको) का लागि प्रति गाडी रू. २०००००।–
- सानो गाडी (२५ सिटभन्दा कम क्षमता भएको मिनी बस,टाटा सुमो, वोलेरो जीप, स्कर्पियो आदि) का लागि प्रति गाडी रू. १,०००,००।–
- भ्यान, रिक्सा, अटो रिक्सा, ट्याम्पो आदि विद्यालयको आफ्नै वा भाडा लिने प्रयोजनका लागि रू. ६०,०००।–
- अन्य कुनैपनि साधन प्रयोग नगर्ने विशेष विद्यालयका लाग आकस्मिक यातायात व्यवस्थापन खर्च रू.२०,०००।-)

## अनुसूची ३

## स्थानीय तह तथा विद्यालय सूची (क्रियाकलाप नं. २.७.१३.१० सँग सम्बन्धित)

| क्र.स. | जिल्ला | स्थानीय तह | विद्यालयको नाम | अपाङ्गताको प्रकार |
|---|---|---|---|---|
| १ | झापा | कन्काइ न.पा. | कन्काइ मा.वि., कन्काइ | बहिरा |
| २ | मोरङ | विराटनगर म.न.पा | आदर्श मा.वि. विराटनगर | श्रवणदृष्टिविहीनता |
| ३ | काभ्रे | बनेपा न.पा. | काभ्रे बहिरा विद्यालय | बहिरा |
| ४ | काठमाडौँ | काठमाडौँ म.न.पा | बाल व्यवसायी मा.वि. सिफल | श्रवणदृष्टिविहीनता |
| ५ | रौतहट | गौर न.पा. | जुद्द मा.वि., गौर | दृष्टिविहीन |
| ६ | बारा | जितपुर-सिमरा उ.म.न.पा. | ने.रा. मा.वि | दृष्टिविहीन |
| ७ | चितवन | भरतपुर म.न.पा. | बालकुमारी मा.वि., भरतपुर | बहुअपाङ्गता |
| ८ | चितवन | कालिका न.पा. | रेडक्रस ग्राम मा.वि. | बहुअपाङ्गता |
| ९ | गोरखा | गोरखा न.पा. | मनकामना बहिरा मा.वि. | बहिरा |
| १० | गोरखा | पालुङटार न.पा. | जनता मा.वि, लुइटेल | दृष्टिविहीन |
| ११ | कास्की | पोखरा महानगरपालिका | अमरसिंहमा.वि. | श्रवणदृष्टिविहीनता |
| १२ | पाल्पा | तानसेन न.पा | दमकडा मा.वि., दमकडा | दृष्टिविहीन |
| १३ | रूपन्देही | तिलोत्तमा न.पा. | शान्ति नमुना मा.वि., तिलोत्तमा | दृष्टिविहीनता, श्रवणदृष्टिविहीनता |
| १४ | दाङ | तुलसीपुर उ.म.न.पा. | - | बहिरा |
| १५ | जुम्ला | सिञ्जा गा.पा. | भैरव मा.वि., नाराकोट | दृष्टिविहीन |
| १६ | डोटी | जोरायल गा.पा. | बुडहर मा.वि., बुडहर | बहिरा |

## अनुसूची ४

## दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमुना

### १. दिवा खाजाको सन्दर्भ :

खाना भोक हटाउन मात्र नभई शरीरलाई आवश्यकपर्ने सूक्ष्म पोषक तत्त्व (Micronutrient) र बृहत् पोषक तत्त्व (Macronutrient) आपूर्तिका लागि अत्यावश्यक हुन्छ। निर्धारित मात्रामा आवश्यक पोषक तत्त्व भएको स्वच्छ खाना स्वस्थ्यकर मानिन्छ। स्वस्थ्यकर खानाले शारीरिक स्वास्थ्य कायम गर्न सहयोग गर्ने भएकाले खाना पोषक तत्त्वयुक्त सफा र स्वच्छ हुनुपर्छ। खानामा उपलब्ध हुनुपर्ने पोषकतत्त्वको मात्राको राष्ट्रिय मापदण्ड निर्धारण गरी सो मापदण्ड अनुरूपका खाना मात्र उपलब्ध गराउने प्रचलन संसारका धेरै देशहरूमा छ।

विश्व स्वास्थ्य सङ्गठनले ४ देखि १० वर्ष उमेर समूहका बालबालिकाको उपभोग्य खानामा उपलब्ध हुनुपर्ने बृहत् पोषक तत्त्व (क्यालेरी, प्रोटिन र फ्याट) र सूक्ष्मपोषक तत्त्व (आयोडिन, आइरन, जिङ्क, भिटामिन A र B) को मात्रा र सोमध्ये दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा निर्धारण गरेको छ। सामान्यतया ४–९ उमेर समूहका बालबालिका लागि उपयुक्त खाना तथा खाजाका उपलब्ध हुनुपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रासहितको दिवा खाजाको पोषणस्तरको मापदण्ड तपासिलको तालिका अनुरूपको अपनाउन सकिने।

### २. दिवा खाजाको मात्रा

**४ देखि ६ वर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यकपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रा हुनुपर्छ :**

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| बृहत् पोषक तत्त्व | | |
| क्यालोरी (किलो क्यालोरी) | १३५० | ४०५ |
| प्रोटिन (ग्राम) | १६ | ४.८ |
| फ्याट (ग्राम) | २५ | ७.५ |
| सूक्ष्म पोषक तत्त्व | | |
| आयोडिन (माइक्रोग्राम) | ९० | २७ |
| आइरन (मिलिग्राम) | ११ | ३.३ |
| जिङ्क (मिलिग्राम) | ४.५ | १.३५ |
| भिटामिन ए (माइक्रोग्राम) | ५१० | १५३ |
| फोलेट | १३५ | ४०.५ |
| भिटामिन बि. १२ | २.२ | ०.६६ |

**७ देखि ९ वर्ष उमेर समूहका बालबालिकाका लागि दैनिक आवश्यकपर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रा हुनुपर्छ :**

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| बृहत् पोषक तत्त्व | | |
| क्यालोरी (किलो क्यालोरी) | १६९० | ५०७ |
| प्रोटिन (ग्राम) | २३ | ६.९ |
| फ्याट (ग्राम) | ३० | ९ |

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| सूक्ष्म पोषक तत्त्व | | |
| आयोडिन (माइक्रोग्राम) | ९० | २७ |
| आइरन (मिलिग्राम) | १५ | ४.५ |
| जिङ्क (मिलिग्राम) | ५.९ | १.७७ |
| भिटामिन ए (माइक्रोग्राम) | ६३० | १८९ |
| फोलेट | १७० | ५१ |
| भिटामिन बि. १२ | २.२ | ०.६६ |

**१० देखि १२ वर्ष उमेर समूहका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने बृहत् र सूक्ष्म पोषक तत्त्वको मात्रा हुनुपर्छ :**

| पोषक तत्त्व | दैनिक अवश्यक पोषक तत्त्वको मात्रा | दिवा खाजाबाट आपूर्ति हुनुपर्ने पोषक तत्त्वको मात्रा (३०%) |
|---|---|---|
| बृहत् पोषक तत्त्व | | |
| क्यालोरी (किलो क्यालोरी) | २१९० | ६५७ |
| प्रोटिन (ग्राम) | ३२ | ९.६ |
| फ्याट (ग्राम) | ३५ | १०.५ |
| सूक्ष्म पोषक तत्त्व | | |
| आयोडिन (माइक्रोग्राम) | १०० | ३० |
| आइरन (मिलिग्राम) | १६ | ४.८ |
| जिङ्क (मिलिग्राम) | ८.५ | २.५५ |
| भिटामिन ए (माइक्रोग्राम) | ७७० | २३१ |
| फोलेट | २२० | ६.६ |
| भिटामिन बि. १२ | २.२ | ०.६६ |

*स्रोत: दैनिक अवश्यक पोषक तत्त्वको मात्रा विश्व खाद्य सङ्गठनबाट प्रकाशित सामग्रीबाट लिइएको ।*

## दिवा खाजा कार्यक्रम व्यवस्थापनका सम्भाव्य मोडल :

विद्यालयबाट दिवा खाजा व्यवस्थापनका सन्दर्भमा तपसिलका मोडलमध्ये उपयुक्त मोडल विद्यालय व्यवस्थापन समितिबाट छनोट गरी कार्यान्वयन गर्ने:

### १. विद्यालयबाट दिवा खाजा व्यवस्थापन:

विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खाजा खुवाउने व्यवस्था मिलाउने । यसका लागि स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने । यसरी व्यवस्था गर्दा दिवा खाजामा हुनुपर्ने आवश्यक मात्रा, स्वच्छता र पोषक तत्त्वको सुनिश्चिततामा ध्यान पुर्‍याउनुपर्ने छ । विव्यसले अभिभावक आमा समूहमार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने छ । विद्यालयमा नै तोकिएका कक्षासम्मका बालबालिकालाई दिवा खाजा खुवाउने प्रबन्ध मिलाउने । दिवा खाजाका लागि विद्यार्थीलाई नगद रकम उपलब्ध नगराउने । साथै विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अभिभावक आमा समूहमार्फत स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी दिवा खाजा तयार गराई खुवाउने व्यवस्था मिलाउन सक्ने छ । खाजाका लागि आवश्यकपर्ने मात्रा, स्वच्छता र पोषक तत्त्वका सुनिश्चितताका सम्बन्धमा आमा समूहलाई अभिमुखीकरण गर्नुपर्ने छ । यसरी खाजा व्यवस्थापन गर्दा व्यवस्थापन समितिले नियमित अनुगमन गर्नुपर्ने छ ।

## २. केन्द्रिकृत भान्साको मोडल

स्थानीय तहभित्रका सामुदायिक विद्यालयको समूहलाई पायक पर्ने स्थानमा केन्द्रिकृत भान्साघरको स्थापना गरी स्थानीय सरकारको नेतृत्वमा विद्यालय, स्थानीय समुदाय, किसान समूह वा कृषक सहकारी, निजी क्षेत्र , गैसस जस्ता पक्षसँगको सहकार्यमा संयन्त्र स्थापना गरी स्वीकृत मेनु अनुसारको उपलब्ध भएसम्म स्थानीय स्तरमा उत्पादित ताजा तथा पोषिलो खाजा तोकियको समयभित्र विद्यार्थीलाई विद्यालयमा निरन्तर खाजा उपलब्ध गर्ने । तयारी खाजा विद्यालयमा उपलब्ध भई सकेपछि विद्यार्थीलाई त्यसको उचित वितरण सम्बन्धित विद्यालयले गर्ने ।

३. **उल्लेखित जुन**सुकै मोडलबाट दिवाखाजा व्यवस्थापन गरिए तापनि विद्यालयमा स्थानीय तथा रैथाने कृषि उपज तथा करेसाबारीबाट उत्पादन गरिएको पौष्टिक आहार उपलब्ध गराउने व्यवस्था मिलाउने । चाउचाउ, विष्कुट, क्यान जुश लागायतका प्याकेटमा आउने कुनैपनि किसिमका जङ्कफूड दिवाखाजाका रूपमा प्रयोग गर्न पाइने छैन ।

## अनुसूची ५

## विद्यालय भवन डिजाइन तथा निर्माणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको मापदण्ड

१. विद्यालय सफा स्वच्छ वातावरण र सुरक्षित ठाउँमा हुनुपर्छ, पहिरो जाने ठाउँ, खोलाको छेउ, वन्यजन्तुको आक्रमण हुन सक्ने जङ्गल छेउ, दलदले जमिन भासिने ठाउँ, होहल्ला हुने राजमार्ग तथा कलाकारखाना जस्ता ठाउँ वा प्रतिकूल वातावरणीय प्रभावपर्ने ठाउँमा हुनु हुँदैन,

२. विद्यालयको भवन डिजाइन तथा निर्माण गर्दा शिक्षा नियामावली, २०५९ तथा राष्ट्रिय भवन संहिता, २०६० (National Building Code 2060) हुने गरी तपसिल बमोजिमका थप सर्तहरूसमेत पूरा गर्नुपर्ने:

(क) विद्यालय निर्माण गर्दा सम्भव भएसम्म एक तले भवन बनाउनु उपयुक्त हुन्छ । सम्भव भएसम्म गोलाकार वा आयतकार भवन बनाउने, T C र L आकारका भवन सकेसम्म नबनाउने, बनाउनैपर्ने अवस्था परेमा कम्तीमा २ इन्चको ग्याप राखी टुक्रा टुक्रा गरेर बनाउने,

(ख) विद्यालय भवन डिजाइन गर्दा संरचनाको लम्बाइ चौडाइको ३ गुणाभन्दा बढी हुनु हुँदैन,

(ग) कक्षाकोठाको डिजाइन गर्दा प्रति विद्यार्थी क्षेत्रफल तपसिलबमोजिम हुने गरी डिजाइन गर्नुपर्ने,

- आधारभूत तहका लागि प्रति विद्यार्थी ०.९० वर्गमिटर (१.०० वर्गमिटर उपयुक्त हुने)
- माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर (१.२० वर्गमिटर उपयुक्त हुने)

३. कक्षाकोठाको डिजाइन गर्दा भौगोलिक क्षेत्रअनुसार प्रति कक्षा विद्यार्थी तपसिलको सङ्ख्यालाई आधार लिनुपर्ने,

| क्र.स. | भौगोलिक क्षेत्र | विद्यार्थी सङ्ख्या |
|---|---|---|
| १. | हिमाली क्षेत्र | ४० |
| २. | पहाड क्षेत्र | ४५ |
| ३. | तराई क्षेत्र | ५० |

क. कक्षाकोठाको लम्बाइ चौडाइको अनुपात १:१ देखि १.४५:१ हुनु पर्छ । यसरी कक्षाकोठाको डिजाइन गर्दा पहिलो लहरमा बस्ने विद्यार्थी र कालो पाटीको दुरी २ मिटरभन्दा कम हुनु हुँदैन र अन्तिम लहरमा रहेको विद्यार्थी र कालो पाटीको दुरी ७ मिटरभन्दा बढी पनि हुनु हुँदैन,

ख. कक्षाकोठाको उचाइ सामान्यतयाः ३ मिटर हुनुपर्छ । कक्षाकोठा डिजाइन गर्दा कक्षाकोठामा पर्याप्त उज्यालो र हावाको प्रवाह हुने गरी गर्नुपर्ने.

ग. कक्षाकोठाको बाहिर अगाडिपट्टि छानाले ढाकेको बरण्डा बनाउनुपर्ने,

घ. कक्षाकोठाको ढोका निर्माण गर्दा बाहिरपट्टि खुल्ने गरी निर्माण गर्नुपर्ने,

ङ. अपाङ्गता भएका व्यक्तिको आवतजावत गर्न सजिलो हुने गरी विद्यालय भवन, शौचालय आदिमा ह्विल चियर ( Wheel chair) लैजान छड्के सतह र्‍याम्प (Ramp) अनिवार्य रूपमा निर्माण गर्नुपर्ने छ । शौचालय निर्माण गर्दा अपाङ्गमैत्री तथा छात्रा/छात्र छुट्टाछुट्टै शौचालय निर्माण गर्नुपर्ने,

च. कम्प्युटर कक्षका लागि प्रति विद्यार्थी २.५० वर्गमिटर तथा ल्याब कक्षाका लागि कम्तीमा ४.०० वर्गमिटर प्रति विद्यार्थीका दरले क्षेत्रफल निर्धारण गर्नुपर्ने,

छ. विद्यालय भवन निर्माण गर्दा दक्ष प्राविधिकको संलग्नता अनिवार्य रहेको छ । विद्यालय भवन एक संवेदनशील निर्माण कार्य भएकाले सोको स्ट्रकचरल विश्लेशण गरी मात्र डिजाइन गर्नुपर्ने छ । निर्माण स्थलको माटो परीक्षण गरी माटोको बियरिङ्ग क्षमता (Bearing Capacity of Soil) का आधारमा load calculation गरी सोको Structural विश्लेषण गरी मात्र डिजाइन गर्नुपर्ने,

**यसका अतिरिक्त तपसिलबमोजिम थप विषयसमेत विचार गर्नुपर्नेः**

- भवनको स्ट्रक्चरल कार्यमा प्रयोग हुने कङ्क्रिट M20 भन्दा कमको प्रयोग गर्नु हुँदैन
- सामान्यतया छज्जा (Cantilever Projection) १.०० मिटरभन्दा बढी हुनु हुँदैन
- भवनमा माटोको गारो (Wall) प्रयोग नगर्ने
- उल्लिखित मापदण्ड परिपालना गरी तयार गरिएको डिजाइन सम्बन्धित स्थानीय तह वा सहरी विकास तथा भवन निर्माण विभाग र नमुनाका कार्यालयबाट स्वीकृत गराई मात्र निर्माण कार्य सञ्चालन गर्नुपर्ने छ ।

## अनुसूची ६

## नमुना विद्यालयको नामावली

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| १ | इलाम | फिक्कल मा.वि., फिक्कल | सुर्योदय नगरपालिका १० | आ.ब.०७४।७५ |
| २ | इलाम | जीतपुर मा.वि.जीतपुर | देउमाइ नगरपालिका ९ | आ.ब.०७४।७५ |
| ३ | इलाम | अमरकल्याण मा.वि.नयाँबजार | माइजोगमाइ गा.पा. १ | आ.ब.०७४।७५ |
| ४ | इलाम | नाम्सालिङ मा.वि., नाम्सालिङ | माइजोगमाइ गा.पा. ३ | आ.ब.०७४।७५ |
| ५ | इलाम | शान्तिनिकेतन मा.वि.कुटीडाँडा | रोङ गा.पा. | आ.ब.०७५।७६ |
| ६ | इलाम | अमर मा.वि. बरबोटे | इलाम न.पा. | आ.ब.०७५।७६ |
| ७ | इलाम | जनता मा.वि. | चुलाचुली गा पा | आ.ब.०७६।७७ |
| ८ | इलाम | सिहदेवी मा.वि. आमचोक | फाकफोकथुम गा.पा. | आ.ब.०७६।७७ |
| ९ | उदयपुर | जनता मा.वि., हडीया | चौदन्डीगढी न.पा. ९ | आ.ब.०७४।७५ |
| १० | उदयपुर | त्रियुगा मा.वि. गाइघाट | त्रियुगा न.पा. | आ.ब.०७४।७५ |
| ११ | उदयपुर | त्रिवेणी मा.वि. कटारी | कटारी न.पा. ४ | आ.ब.०७४।७५ |
| १२ | उदयपुर | श्री मा.वि. भलायाडाँडा | उदयपुरगढी गा.पा. | आ.ब.०७५।७६ |
| १३ | उदयपुर | श्री मा.वि. | रौतामाई गा.पा. ७ | आ.ब.०७६।७७ |
| १४ | उदयपुर | जनता मा.वि. | बेलका न.पा ४ | आ.ब.०७६।७७ |
| १५ | ओखलढुङ्गा | प्रबुद्ध मा.वि., च्यानम | सुनकोसी गा.पा. ७ | आ.ब.०७४।७५ |
| १६ | ओखलढुङ्गा | रूम्जाटार मा.वि. रूम्जाटार | सिद्धिचरण न.पा. ४ | CLPIU |
| १७ | ओखलढुङ्गा | बरूणेश्वर मा.वि. रामपुर | मोलुङ गा.पा. २ | CLPIU |
| १८ | ओखलढुङ्गा | ग्रामोदय युग कविसिद्धिचरण मा.वि. | लिखु गा.पा. | आ.ब.०७५।७६ |
| १९ | ओखलढुङ्गा | ज्ञानप्रकाश मा.वि | चम्पादेवी गा.पा. ६ | आ.ब.०७६।७७ |
| २० | खोटाङ | चिसापानी मा.वि., चिसापानी | जन्तेढुङ्गा गा.पा. ५ | आ.ब.०७४।७५ |
| २१ | खोटाङ | सरस्वती मा.वि. दिक्तेल | रूपाकोटमझुवागढी न.पा. | आ.ब.०७५।७६ |
| २२ | खोटाङ | भगवती दिनानाथमा.वि. | खोटेहाङ गा.पा ७ | आ.ब.०७६।७७ |
| २३ | झापा | धुलाबारी मा.वि. | मेचीनगर न.पा. १० | आ.ब.०७४।७५ |
| २४ | झापा | हल्दिबारी मा.वि. | हल्दिबारी गा.पा. २ | आ.ब.०७४।७५ |
| २५ | झापा | लक्ष्मीप्रसाद देवकोटा मा.वि, | कचनकवल गा.पा. | आ.ब.०७४।७५ |
| २६ | झापा | कनकाई मा.वि. | कनकाई न.पा. | आ.ब.०७४।७५ |
| २७ | झापा | डिल्लीराज मा.वि. | झापा गा.पा. ४ | आ.ब.०७४।७५ |
| २८ | झापा | प्रगति मा.वि. | गौरादह न.पा. | आ.ब.०७४।७५ |
| २९ | झापा | हिमाल मा.वि. | दमक न.पा. २ | आ.ब.०७४।७५ |
| ३० | झापा | महेन्द्ररत्न मा.वि. | विर्तामोड न.पा. ५ | आ.ब.०७४।७५ |
| ३१ | झापा | हिमाली मा.वि.भद्रपुर | भद्रपुर न.पा. | आ.ब.०७५।७६ |

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| ३२ | झापा | बुद्धआदर्श मा.वि. बुधबारे | बुद्धशान्ति गा.पा. | आ.ब.०७५।७६ |
| ३३ | झापा | कमला मदन आश्रितस्मृति मा.वि. | कमला गा.पा. | आ.ब.०७६।७७ |
| ३४ | झापा | जनआदर्श मा.वि. | शिवसताक्षी न.पा | आ.ब.०७६।७७ |
| ३५ | ताप्लेजुङ | सिनाम मा.वि., तेल्लोक, | सिरीजङ्गा गा.पा., १ | आ.ब.०७४।७५ |
| ३६ | ताप्लेजुङ | सरस्वती मा.वि. हाङपाङ, | आठराई त्रिवेणी गा.पा., ३ | आ.ब.०७४।७५ |
| ३७ | ताप्लेजुङ | भानुजन मा.वि., अम्बिटार | फुङलिङ न.पा. | आ.ब.०७५।७६ |
| ३८ | ताप्लेजुङ | नारायणी मा.वि. | मौवाखोला | आ.ब.०७६।७७ |
| ३९ | तेह्रथुम | वसन्त मा.वि. वसन्तपुर | लालीगुराँस, न.पा., २ | आ.ब.०७४।७५ |
| ४० | तेह्रथुम | सरस्वती मा.वि.तम्फुला | म्याङलुङ न.पा. | आ.ब.०७५।७६ |
| ४१ | धनकुटा | पुण्य मा.वि. राजारानी | चौविसे गा.पा. ६ | आ.ब.०७४।७५ |
| ४२ | धनकुटा | जनता मा.वि. जीतपुर | महालक्ष्मी नगरपालिका ७ | आ.ब.०७४।७५ |
| ४३ | धनकुटा | गोकुण्डेश्वर बालमन्दिर मा.वि. | धनकुटा न.पा. ५ | आ.ब.०७४।७५ |
| ४४ | धनकुटा | सरस्वती मा.वि. सिंधुवा | छथरजोरपाटी गा.पा. | आ.ब.०७५।७६ |
| ४५ | धनकुटा | भानुमा.वि.डाँडाबजार | साँगुरीगढी गा.पा. | आ.ब.०७५।७६ |
| ४६ | धनकुटा | जालपादेवी मा.वि. | पाख्रीबास न.पा. ४ | आ.ब.०७६।७७ |
| ४७ | धनकुटा | पञ्चकृष्ण मा.वि. | सहिदभूमि गा.पा. ४ | आ.ब.०७६।७७ |
| ४८ | पाँचथर | फिदिम मा.वि. | फिदिम न.पा.–१ | आ.ब.०७५।७६ |
| ४९ | पाँचथर | शिद्धदेवी मा.वि., नवमीडाँडा | फाल्गुनन्द गा.पा. | आ.ब.०७५।७६ |
| ५० | पाँचथर | थर्पु मा.वि. | याङवरक गा.पा. ४ | आ.ब.०७६।७७ |
| ५१ | भोजपुर | वीरेन्द्र मा.वि. कुलुङ् | साल्पाछिलिछो गा.पा. १ | आ.ब.०७४।७५ |
| ५२ | भोजपुर | विद्योदय मा.वि. | भोजपुर नगरपालिका ७ | आ.ब.०७४।७५ |
| ५३ | भोजपुर | षडानन्द मा.वि., दिङ्ला | षडानन्द नगरपालिका ७ | आ.ब.०७४।७५ |
| ५४ | भोजपुर | शारदा मा.वि. प्याउली | अरूण गा.पा. | आ.ब.०७५।७६ |
| ५५ | भोजपुर | अन्नपूर्ण बागधनरणदीपाराई मा.वि. | टेम्केमैयुङ गा.पा. ३ | आ.ब.०७६।७७ |
| ५६ | मोरङ | अरनिको मा.वि. | उर्लावारी न.पा. ८ दुर्गापुरी, रामघाट | आ.ब.०७४।७५ |
| ५७ | मोरङ | पञ्चायत मा.वि. | पथरीशनिश्चरे न.पा. १ | आ.ब.०७४।७५ |
| ५८ | मोरङ | जनता मा.वि. बाहुनी | वेलवारी नगरपालिका | आ.ब.०७४।७५ |
| ५९ | मोरङ | पब्लिक मा.वि. रङ्गेली | रङ्गेली नगरपालिका | आ.ब.०७४।७५ |
| ६० | मोरङ | सरस्वती मा.वि., झोराहाट | ग्रामथान गा.पा. | आ.ब.०७४।७५ |
| ६१ | मोरङ | सुकुना मा.वि., कोसीहैरचा | सुन्दरहरैचा न.पा. १० | आ.ब.०७४।७५ |
| ६२ | मोरङ | राधिका मा.वि. | उर्लावारी नगरपालिका ६ | आ.ब.०७४।७५ |
| ६३ | मोरङ | नरग्राम मा.वि. | बुढीगङ्गा गाउपालिका १ | आ.ब.०७४।७५ |
| ६४ | मोरङ | मनोहरजनता मा.वि.मधुमल्ला | मिक्लाजुङ गा.पा. | आ.ब.०७५।७६ |
| ६५ | मोरङ | पोखरिया मा.वि. पोखरिया | विराटनगर म.न.पा. | आ.ब.०७५।७६ |

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| ६६ | मोरङ | सरस्वती मा.वि. | रतुवामाई न.पा ८ | आ.ब.०७६।७७ |
| ६७ | मोरङ | जनसेवा मा.वि. | कानेपोखरी गा.पा ६ | आ.ब.०७६।७७ |
| ६८ | सङ्खुवासभा | मनकामना रत्नअम्बिका मा.वि. | खादवारी न.पा. ९ तुम्लिङटार | आ.ब.०७४।७५ |
| ६९ | सङ्खुवासभा | रामेश्वर मा.वि. | धर्मदेवी न.पा. ५ माम्लिङ | आ.ब.०७४।७५ |
| ७० | सङ्खुवासभा | मादीमा.वि. | मादी न.पा २ | आ.ब.०७६।७७ |
| ७१ | सङ्खुवासभा | सगरमाथा मा.वि. | सिलिचोङ न.पा ३ | आ.ब.०७६।७७ |
| ७२ | सुनसरी | जनता मा.वि. | इटहरी उपमहानगरपालिका ९ | आ.ब.०७४।७५ |
| ७३ | सुनसरी | सरस्वती मा.वि. | दुहवी नगरपालिका ५ | आ.ब.०७४।७५ |
| ७४ | सुनसरी | अमरसिंह मा.वि.,सोहेबगन्ज | देवानगन्ज न.पा. ५ | आ.ब.०७४।७५ |
| ७५ | सुनसरी | हरिनगरा मा.वि. | हरिनगरा गाउपालिका ४ | आ.ब.०७४।७५ |
| ७६ | सुनसरी | आदर्श मा.वि. | बराह नगरपालिका २ | आ.ब.०७४।७५ |
| ७७ | सुनसरी | पव्लिक हाई स्कुल चतारालाइन | धरानउम न.पा. | आ.ब.०७५।७६ |
| ७८ | सुनसरी | आदर्श मा.वि. | रामधुनी ६ | आ.ब.०७६।७७ |
| ७९ | सोलुखुम्बु | हिमालदर्शन मा.वि, नेचा | नेचासल्यान गाँउपालिका | आ.ब.०७४।७५ |
| ८० | सोलुखुम्बु | वीरेन्द्रज्योति मा.वि. शिओटार | सोताङ गा.पा. | आ.ब.०७५।७६ |
| ८१ | सोलुखुम्वु | जनजागृति मा.वि. | सोलुदुधकुण्ड न.पा ५ | आ.ब.०७६।७७ |
| ८२ | धनुषा | जनता मा.वि., गिद्धावेलापट्टी | विदेह न.पा. ६ | आ.ब.०७४।७५ |
| ८३ | धनुषा | गोगलप्रसाद मा. वि., बसहिया | जनकपुर उपमहानगरपालिका २४ | आ.ब.०७४।७५ |
| ८४ | धनुषा | यज्ञवलक्य सं. मा.वि., ज्ञानकुप | जनकपुर उपमहानगरपालिका | आ.ब.०७४।७५ |
| ८५ | धनुषा | मा.वि. कुमरौल रमदैया, भवारी | क्षिरेश्वर न.पा. | आ.ब.०७४।७५ |
| ८६ | धनुषा | रामजानकी मा.वि., सतोषर | सबैला न.पा. | आ.ब.०७४।७५ |
| ८७ | धनुषा | शिवशक्ति मा.वि. | वटेश्वर गाउँपालिका | आ.ब.०७४।७५ |
| ८८ | धनुषा | वै.दे.ज मा.वि.. तुलसीयाही | मुसियापट्टीमुसहरिया गा.पा. | आ.ब.०७५।७६ |
| ८९ | धनुषा | सार्वजनिक मा.वि. वेङ्गाडावर | मिथिला न.पा. | आ.ब.०७५।७६ |
| ९० | धनुषा | मा.वि. धारापानी | धनुषाधाम न.पा ९ | आ.ब.०७६।७७ |
| ९१ | धनुषा | शङ्करज.मा.वि. | औरही ६ | आ.ब.०७६।७७ |
| ९२ | पर्सा | नृसिंह मा.वि., पिपरामठ, | वीरगञ्ज महानगरपालिका | आ.ब.०७४।७५ |
| ९३ | पर्सा | देवनन्दन देवराज मा.वि. रामनगरी | वहुदरमाइ न.पा. | आ.ब.०७४।७५ |
| ९४ | पर्सा | जि.उ.रा.क.मा.वि, | पोखरीया न.पा. | आ.ब.०७४।७५ |
| ९५ | पर्सा | सरस्वती मा.वि., गौतमनगर | ठोरी सुवर्णपुर गा.पा. २ | आ.ब.०७४।७५ |
| ९६ | पर्सा | दीपनारायणआदर्श मा.वि. औरहा | सखुवाप्रसनी गा.पा. | आ.ब.०७५।७६ |
| ९७ | बारा | ने.रा.मा.वि., | जीतपुरसिमरा उपमहानगारपालिका २ | आ.ब.०७४।७५ |
| ९८ | बारा | रामचरित्र मा.वि.जयनगर | आदर्शकोतबाल गा.पा. | आ.ब.०७५।७६ |
| ९९ | बारा | गौरीशङ्कर मा.वि | निजगढ न.पा ८ | आ.ब.०७६।७७ |

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| १०० | बारा | गढीमाई महेन्द्र मा.वि. मगन.पा. १ | महागढीमाई न.पा. | आ.ब.०७४।७५ |
| १०१ | बारा | दुर्गा मा.वि. बरेवा, बैरिया | कलैया उपमहानगरपालिका | आ.ब.०७४।७५ |
| १०२ | बारा | ने.रा.मा.वि. वकुलिया | जितपुर सिमरा उपमहानगरपालिका | आ.ब.०७४।७५ |
| १०३ | बारा | ने.रा.मा.वि. | कोल्हवी न.पा. ४ सपही | आ.ब.०७४।७५ |
| १०४ | महोत्तरी | जनता मा.वि. | महोत्तरी गा.पा. – ३ | आ.ब.०७५।७६ |
| १०५ | महोत्तरी | लक्ष्मीचण्डीमुरारका मा.वि. | जलेश्वर न.पा. | आ.ब.०७५।७६ |
| १०६ | महोत्तरी | महेन्द्रराष्ट्रिय मा.वि. | रामगोपालपुर न.पा. –५ | आ.ब.०७५।७६ |
| १०७ | महोत्तरी | जनता मा.वि. | वर्दिवास न.पा.–२ | आ.ब.०७५।७६ |
| १०८ | महोत्तरी | योगकुमार मा.वि. बलवा | बलवा न.पा. | आ.ब.०७५।७६ |
| १०९ | महोत्तरी | त्रिभुवन मा.वि. गौशाला | गौशाला न.पा. | आ.ब.०७५।७६ |
| ११० | महोत्तरी | रामवतीजगदेवजनता मा.वि. | लोहरपट्टी न.पा. १ | आ.ब.०७६।७७ |
| १११ | महोत्तरी | प्रसादसिह मा.वि. | औरही न.पा. २ | आ.ब.०७६।७७ |
| ११२ | रौतहट | नेमधारी वासुदेव मा.वि. मुडवलवा | राजदेवी न.पा. | आ.ब.०७४।७५ |
| ११३ | रौतहट | जनता मा.वि., राजपुर फरहदवा | राजपुर न.पा. | आ.ब.०७४।७५ |
| ११४ | रौतहट | जय किसान मा.वि. धरहरी | देवाहीगोनाही गा.पा. | आ.ब.०७४।७५ |
| ११५ | रौतहट | मा.वि. गरूडा, | गरूडा न.पा.  १ | आ.ब.०७४।७५ |
| ११६ | रौतहट | जनज्योति मा.वि. चपुर | चन्द्रपुर न.पा. | आ.ब.०७४।७५ |
| ११७ | रौतहट | जनता मा वि | कटहरिया न.पा. | आ.ब.०७४।७५ |
| ११८ | रौतहट | जनता मा.वि., सोनरनिया | मौलापुर न.पा. | आ.ब.०७४।७५ |
| ११९ | रौतहट | श्री मा.वि. दुधिअवा | फतुवाविजयपुर न.पा. | आ.ब.०७५।७६ |
| १२० | रौतहट | श्री मा.वि. बरगजवा | वृन्दावन न.पा. | आ.ब.०७५।७६ |
| १२१ | रौतहट | जुद्ध मा.वि. | गौर न.पा २ | आ.ब.०७६।७७ |
| १२२ | रौतहट | श्रीमा.वि., सिमरा | गजुरा न.पा ९ | आ.ब.०७६।७७ |
| १२३ | सप्तरी | माहिकर मा.वि.प्रसबनी | अग्निसाहिरकृष्णसरावन गा.पा. | आ.ब.०७५।७६ |
| १२४ | सप्तरी | जा.ग.ज.मा.वि. | बलानबिहुल गा.पा. ६ | आ.ब.०७६।७७ |
| १२५ | सप्तरी | कन्त चन्द्र मा.वि., पातो | डाक्नेश्वरी न.पा. | आ.ब.०७४।७५ |
| १२६ | सप्तरी | वु.वि.मु. मा.वि. भगवतपुर | शम्भुनाथ न.पा. | आ.ब.०७४।७५ |
| १२७ | सप्तरी | चन्द्रा मा.वि. | बोदबर्साइन न.पा. | आ.ब.०७४।७५ |
| १२८ | सर्लाही | जनज्योति मा.वि. | लालबन्दी न.पा. ८ | आ.ब.०७४।७५ |
| १२९ | सर्लाही | महादेव जनता मा.वि., | हरिवन न.पा. ८ | आ.ब.०७४।७५ |
| १३० | सर्लाही | महेन्द्र रत्न जगन्नाथ लक्ष्मीनियाँ मा.वि. | वरहथवा न.पा. १०, सीतापुर | आ.ब.०७४।७५ |
| १३१ | सर्लाही | जलधर कमलदेव मा.वि., | ब्रम्हपुरी गा.पा. १ | आ.ब.०७४।७५ |
| १३२ | सर्लाही | वेणीभोला नमुना मा.वि. | गोडैता न.पा. ८ | आ.ब.०७४।७५ |
| १३३ | सर्लाही | जनता मा.वि., सिमरा भगवतीपुर | गोडेता न.पा. ६ | आ.ब.०७४।७५ |

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| १३४ | सर्लाही | नारायण मा.वि. केशरगञ्ज | ईश्वरपुर न.पा. | आ.ब.०७५।७६ |
| १३५ | सर्लाही | जनता मा.वि.सोल्टीबजार | बागमती न.पा. | आ.ब.०७५।७६ |
| १३६ | सर्लाही | महावीरज.मा.वि. | हरिपुर न.पा. २ | आ.ब.०७६।७७ |
| १३७ | सर्लाही | जनतामा.वि. | बलरा ८ | आ.ब.०७६।७७ |
| १३८ | सिरहा | जनता डोमी चौधरी मा.वि. | लक्ष्मीपतारी गा.पा. | आ.ब.०७४।७५ |
| १३९ | सिरहा | जनता मा.वि., मौवाही, | सखुवानन्कारकट्टी न.पा. | आ.ब.०७४।७५ |
| १४० | सिरहा | जनता मा.वि., | सुखीपुर न.पा. ८ | आ.ब.०७४।७५ |
| १४१ | सिरहा | जनता मा.वि.,चन्द्रलालपुर | गोलवजार न.पा. ८ | आ.ब.०७४।७५ |
| १४२ | सिरहा | जनता बनवाली मा.वि. | नरहा गा.पा. ४ | आ.ब.०७४।७५ |
| १४३ | सिरहा | मोहन मा. वि. | मिर्चैया न.पा. | आ.ब.०७४।७५ |
| १४४ | सिरहा | चन्द्रमा.वि.सिराहा | सिराहा न.पा. | आ.ब.०७५।७६ |
| १४५ | सिरहा | जनता मा.वि. वरियापट्टी | वरियापट्टी गा.पा. | आ.ब.०७५।७६ |
| १४६ | सिरहा | जनतामा.वि. | नवराजपुर गा.पा. ४ | आ.ब.०७६।७७ |
| १४७ | काठमाडौँ | बालउद्धार मा.वि. | बुढानीलकण्ठ न.पा. १० | आ.ब.०७६।७७ |
| १४८ | काठमाडौँ | आदर्श मा.वि. | कागेश्वरी, मनहरा ३ | आ.ब.०७४।७५ |
| १४९ | काठमाडौँ | तिलिङ्गाटार मा.वि., धापासी | टोखा न.पा. ७ | आ.ब.०७४।७५ |
| १५० | काठमाडौँ | कालिकादेवी मा.वि., | तारकेश्वर नगरपालिका | आ.ब.०७४।७५ |
| १५१ | काठमाडौँ | शान्ति निकुन्ज मा.वि. भगवतीवारी | का.म.न.पा. २० | आ.ब.०७४।७५ |
| १५२ | काठमाडौँ | कङ्काली मा.वि. नैकाप | चन्द्रागिरी न.पा. | आ.ब.०७४।७५ |
| १५३ | काठमाडौँ | मङ्गल मा.वि. | कीर्तिपुर न.पा. १० | आ.ब.०७४।७५ |
| १५४ | काठमाडौँ | विश्व निकेतन मा.वि., त्रिपुरेश्वर | का.म.न.पा. | आ.ब.०७४।७५ |
| १५५ | काठमाडौँ | जनसेवा मा.वि. पाँगा | किर्तिपुर न.पा. ५ | CLPIU |
| १५६ | काठमाडौँ | चामुण्डा मा.वि. | गोकर्णेश्वर न.पा. | आ.ब.०७५।७६ |
| १५७ | काभ्रेपलाञ्चोक | प्रभा मा.वि. कात्तिकेदेउराली | चौरीदेउराली गा.पा. | CLPIU |
| १५८ | काभ्रेपलाञ्चोक | सञ्जिवनी मा.वि. | धुलिखेल न.पा. | CLPIU |
| १५९ | काभ्रेपलाञ्चोक | जनक मा.वि.मेथिनकोट | नमोबुद्ध न.पा. | आ.ब.०७५।७६ |
| १६० | काभ्रेपलाञ्चोक | भालेश्वर मा.वि. मल्पी | पनौती न.पा. | आ.ब.०७५।७६ |
| १६१ | काभ्रेपलान्चोक | पार्वती मा.वि. ढुङ्खर्क ८ | वेथानचोक गा.पा. | आ.ब.०७४।७५ |
| १६२ | चितवन | नेपाल मा.वि. | रत्ननगर न.पा. | आ.ब.०७४।७५ |
| १६३ | चितवन | नारायणी नमुना मा.वि., | भरतपुर महानगरपालिका | आ.ब.०७४।७५ |
| १६४ | चितवन | दुर्गाशेषकान्त अधिकारी मा.वि. | भरतपुर महानगरपालिका | आ.ब.०७४।७५ |
| १६५ | चितवन | भण्डारा मा.वि. हर्दी | राप्ती न.पा. | आ.ब.०७५।७६ |
| १६६ | चितवन | माडी मा.वि. | माडीन.पा. ३ | आ.ब.०७६।७७ |
| १६७ | दोलखा | त्रिभुवन मा.वि. | मेलुङ गा.पा. ६ | आ.ब.०७४।७५ |

| क्र. स. | जिल्ला | विद्यालयको नाम | ठेगाना | छनोट |
|---|---|---|---|---|
| १६८ | दोलखा | क्षमावती मा.वि. | भीमेश्वर न.पा. १ सुस्पा क्षमावती | आ.ब.०७४।७५ |
| १६९ | दोलखा | हनुमन्तेश्वर मा.वि. काभ्रे | वैतेश्वर गा.पा. ४ | CLPIU |
| १७० | दोलखा | कालिनाग मा.वि. सुनखानी | कालिञ्चोक गा.पा. | आ.ब.०७५।७६ |
| १७१ | दोलखा | दुर्गामा.वि. | शैलुङ गा.पा – ४ | आ.ब.०७६।७७ |
| १७२ | दोलखा | हलेश्वर मा.वि. | गौरीशङ्कर गा.पा –५ | आ.ब.०७६।७७ |
| १७३ | धादिङ | रानीपौवा मा.वि. सल्यानटार | त्रिपुरासुन्दरी गा.पा. | आ.ब.०७४।७५ |
| १७४ | धादिङ | सत्यवती मा.वि. कुम्पुर | सिद्धलेक गा.पा. | आ.ब.०७४।७५ |
| १७५ | धादिङ | चन्द्रोदय मा.वि. | वेनीघाट रोराङ गा.पा. | आ.ब.०७४।७५ |
| १७६ | धादिङ | नीलकण्ठ मा.वि. धादिङवेसी | नीलकण्ठ न.पा. | CLPIU |
| १७७ | धादिङ | मण्डली मा.वि.फूलखर्क | गङ्गाजमुना गा.पा. | आ.ब.०७५।७६ |
| १७८ | धादिङ | वागेश्वरी मा.वि. | गल्छी गा.पा. ६ | आ.ब.०७६।७७ |
| १७९ | नुवाकोट | महादेव मा.वि. रातमाटे | वेलकोटगढी गा.पा. | आ.ब.०७४।७५ |
| १८० | नुवाकोट | क्षेत्रपाल मा.वि. चौघडा | लिखु गा.पा. | आ.ब.०७४।७५ |
| १८१ | नुवाकोट | ऐसेलुभूमे मा.वि. काहुले | किस्पाङ गा.पा. | आ.ब.०७४।७५ |
| १८२ | नुवाकोट | महेन्द्र मा.वि., चतुराले | ककनी गा.पा. | आ.ब.०७४।७५ |
| १८३ | नुवाकोट | चण्डेश्वरी मा.वि., | विदुर नगरपालिका ७ | आ.ब.०७४।७५ |
| १८४ | नुवाकोट | त्रिभुवनत्रिशूली मा.वि. | विदुर नगरपालिका | CLPIU |
| १८५ | नुवाकोट | बिन्दुकेशर मा.वि. | म्यागङ न.पा. ५ | आ.ब.०७६।७७ |
| १८६ | नुवाकोट | अमरज्योति मा.वि. | तादी न.पा. ३ | आ.ब.०७६।७७ |
| १८७ | भक्तपुर | श्रीपद्म मा.वि. दरवारस्क्वाएर | भक्तपुर न.पा. ३ | CLPIU |
| १८८ | भक्तपुर | चाँगुनारायण मा.वि. | चाँगुनारायण न.पा. १ | आ.ब.०७६।७७ |
| १८९ | मकवानपुर | महेन्द्र मा.वि., | बकैया गाउँपालिका ४ | आ.ब.०७४।७५ |
| १९० | मकवानपुर | चन्द्रोदय मा.वि., | हेटौँडाउ.म.न.पा... ८ | आ.ब.०७४।७५ |
| १९१ | मकवानपुर | आधुनिक राष्ट्रिय मा.वि., | हेटौंडा उपन.पा. ४ | आ.ब.०७४।७५ |
| १९२ | मकवानपुर | जनप्रिय मा.वि. हेटाँडा | हेटौँडा उपन.पा. १६ | CLPIU |
| १९३ | मकवानपुर | जनता मा.वि. फापरबारी | वागमती गा.पा. | आ.ब.०७५।७६ |
| १९४ | मकवानपुर | जनकल्याण मा.वि. | थाहा न.पा ५ | आ.ब.०७६।७७ |
| १९५ | रसुवा | कालिका हिमालय मा.वि. धैबुङ | कालिका गा.पा. २ | CLPIU |
| १९६ | रसुवा | कोमिङ्गश्यामेवाङ्फेल मा.वि. | गोसाइकुण्ड गा.पा. | आ.ब.०७५।७६ |
| १९७ | रसुवा | नीलकण्ठ मा.वि. | उत्तरगया गा.पा. ५ | आ.ब.०७६।७७ |
